# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. २०७९/४0

# स्वास्थ्य


कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

# समष्टिगत निर्देशन

सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकाय संबद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा प्रभावकारिता, मितव्ययिता, एकरूपता, सुनिश्चितता र परिणाममुखीका लागि सहजीकरण गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत निर्देशन तयार गरिएको छ-

- कार्यक्रम सम्पन्न भए पश्चात सामाजिक विकास मन्त्रालय एवम् स्वास्थ्य सेवा निर्देशनालयमा उल्लेखित कार्यक्रमको का सम्बन्धी प्रतिवेदन पठाउनुपर्नेछ ।
- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्ययोजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- हरेक चौमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र चौमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी मन्त्रालयमा पठाउनु पर्नेछ ।यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य कृयाकलापहरूको तस्वीर र श्रव्यदृश्य सामग्री समेत पठाउनु पर्नेछ ।
- कार्यक्रमहरू सञ्चालन गर्दा मितब्ययिता, समयसीमा र उपलब्धिलाई विशेष ध्यान दिनुपर्नेछ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी आर्थिक वर्ष २०७९/८० को कार्यक्रम कार्यान्वय गर्ने अख्तियारी र मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।
- कार्यक्रम तथा स्वास्थ्य सेवाको प्रवाह एवं सेवाको प्रयोग बारेको विवरणका आधारमा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाको तथ्याङ्कीय विवरण स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा मासिक रुपमा प्रविष्ट गर्नु, गराउनुपर्नेछ । साथै अन्य व्यवस्थापन सूचना प्रणालीको मापदण्ड अनुसार तथ्याङ्कको प्रविष्टि तथा प्रतिवेदन गर्नुपर्नेछ । प्रदेश अन्तर्गतका स्थानीय तहमा पनि समयमै प्रतिवेदन तथा सूचना प्रवाहका लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्नुपर्नेछ ।
- कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेशस्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरुको अनुगमन हुन सक्नेछ ।
- प्रदेश अन्तर्गत रहेका जिल्ला तहका स्वास्थ्य कार्यालय मार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने कार्यक्रमहरु सोहि अनुरुप सञ्चालन गरी कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्नुपर्नेछ । साथै स्थानीय तहहरुसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरुलाई प्राथमिकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा यस निर्देशिकामा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोहि बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा कृयाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरुप हुने गरी आवश्यकता तथा विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ।
- स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा सुचारूलाई प्राथमिकता दिई तोकिएको करार सेवामा कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ ।करार मुकर्रर गर्दा सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ ।
- हालसम्म नियन्त्रणमा आउन नसकेको कोभिड-१९ लगायतका अन्य महामारी तथा महामारीजन्य रोगको अवस्थाको प्रभावकारी व्यवस्थापन तथा नियन्त्रणका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

- आवश्यक औषधि, औषधीजन्य सामग्री तथा उपकरणहरुको निरन्तर सुनिश्चितताका लागि प्रभावकारी समन्वयका साथै आन्तरिक श्रोत साधनको कुशल परिचालन मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चिततातर्फ ध्यान दिनुपर्नेछ ।
- औषधि, औषधीजन्य र उपकरण सामग्री खरिद गर्दा संघ र प्रदेशबाट प्राप्त नहुने वा कम मात्रामा प्राप्त हुने तथा प्रदेश एवं स्थानीय तहमा बढि आवश्यक हुने औषधि तथा सामग्रीहरुलाई प्राथमिकता दिनुपर्नेछ । स्थानीय तहका लागि आपूर्ति गरिने औषधीहरुको खरिद सम्बन्धी कार्यमा दोहोरोपना नहोस भनी स्थानीय तहहरुसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।
- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको निर्देशन र खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०७९, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक बर्षका लागि लक्षित गरी जारी गरिएका निर्देशिका तथा परिपत्रहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा यस मन्त्रालय तथा निर्देशनालयमा प्रतिवेदन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै समस्या हुन गएमा वा थप प्रबिधिक सहयोग आवश्यक भएमा कार्यक्रमसँग संबद्ध यस मन्त्रालय अन्तर्गतका निर्देशनालय, महाशाखा वा शाखासँग समन्वय गर्न सकिनेछ ।
- यस निर्देशिकामा कार्यक्रम सञ्चालन गर्ने निकाय जुनसुकै तोकिएको भएतापनि नयाँ कार्यालय स्थापना भई कार्य सञ्चालन गर्नुपर्ने भएमा नयाँ कार्यालयका लागि तोकिने कार्यक्रम सञ्चालनको जिम्मा सोही कार्यालय मार्फत नै सञ्चालन हुनेछ ।
- स्वीकृत कार्यक्रम/ आयोजना सञ्चालनको लागि विनियोजित रकम र स्वीकृत बहुबर्षीय स्रोत सुनिश्चितताको सीमा भित्र रही खरिद प्रक्रिया सुरुवात गर्नु पर्ने । विनियोजित रकम नभएको तथा आर्थिक मामिता तथा योजना मन्त्रालयबाट स्रोत सुनिश्चितता वा बहुवर्षीय स्वीकृत नभई खरिद प्रक्रिया गरे/ गराएमा त्यसको दायित्व लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिले वहन गर्नुपर्नेछ ।
- स्वीकृत कार्यक्रम/ आयोजना कार्यान्वयनका लागि बार्षिक खरिद योजना, वीस्तृत डिजाइन तथा लागत अनुमान, बोलपत्र मूल्याङ्कन र स्वीकृति सम्मका कार्य यथाशीघ्र सम्पन्न गर्नु पर्नेछ । यसरी ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीको कार्यसम्पादन, सम्पन्न गरेको कामको गुणस्तर, कार्य बोझ र तोकिएको समयमा कार्य सम्पन्न गर्ने आधारमा सार्वजनिक खरिद ऐन बमोजिम कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक बिभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले विषयगत मन्त्रालयमार्फत स्वीकृति लिने व्यवस्था मिलाउनु हुनेछ ।
- बजेट कार्यान्वयन गर्दा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System- PLMBIS) बाट क्रियाकलाप, एकाई, रकम, आयोजनाको नाम र स्थान एकीन गरी सोही बमोजिम मात्र कार्यक्रम सञ्चालन गर्ननु हुनेछ । एकमुष्ठ बजेट राखिएको वा थपघट भएको वा इकाई फरक परेको वा कार्यक्रम दोहोरो परेको वा ठेगाना लगायतका विवरण गलत प्रविष्टि भएको भए क्रियाकलाप संशोधन गराई कार्यान्वयन गर्नुपर्ने ।

- बोलपत्रको माध्यमबाट गरिने सार्वजनिक निर्माण तथा खरिद कार्यमा खरिद सम्झौता तोकिए बमोजिम काम भए नभएको नियमित अनुगमन गरी सम्बन्धित आर्थिक वर्ष भित्रै भक्तानी दिने व्यवस्था मिलाउनु पर्ने ।
- प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम र आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उपभोक्ता समितिमा रहन नपाउने व्यवस्था मिलाउनु पर्ने ।
- बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा प्रचलित कानून र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन सहित) अनुसार गर्नु हुनेछ ।
- पुँजीगत खर्चतर्फ विनियोजि रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन । कुनै कार्यक्रम वा आयोजना कार्यान्वयनमा रहेको अवस्थामा विनियोजित रकम खर्च नहुने भनी आयोजनामा रकमान्तरको लागि प्रस्ताव गर्नु हुने छैन । विनियोजन ऐन २०७९ को दफा ८ को उपदफा (३) बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुन: रकमान्तर वा कार्यक्रम संशोधन गर्न नमिल्ने हुँदा सोही अनुसार गर्नुपर्ने ।
- स्वीकृत आयोजना तथा कार्यक्रमको लागि बिनियोजित बजेटको ठेक्का वा अन्य प्रक्रियाबाट खरिद कार्य गर्दा बजेट भन्दा कम लागतमा ठक्का सम्झौता वा उपभोक्ता समितिसँग सम्झौता भएका कारणले बचत हुने रकम सोही आयोजनाको अर्को ठेक्का तथा अन्य नयाँ कार्यक्रम वा आयोजनाका लागि खर्च गर्न नपाउने व्यवस्था मिलाई वित्तीय अनुशासन पालना गर्नुपर्ने ।
- पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलव, भत्ता लगायत उपभोग खर्च (पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा) मा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नुपर्ने ।
- स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्ययस्थापन गर्नुपर्ने । सेवा करारको खर्च लेख्दा खर्च शिर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नु पर्ने ।
- तलब भत्ता, पारिश्रमिक भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) प्रापकले प्राप्त गरेको हुनु पर्ने । आयकर ऐनको व्यवस्था अनुसार भुक्तानीमा अग्रीम कर कट्टी गरी समयमानै कर दाखिलाको व्यवस्था मिलाउनुका साथै कार्यालयले अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- बार्षिक कार्यक्रमभित्र प्रचार प्रसार गर्नुपर्ने क्रियाकलापमा रहेका आवश्यकता र औचित्यता पुष्टि हुने कार्यमा मात्र विज्ञापन गर्नुहुनेछ । आर्थिक बर्षको अन्त्यमा बर्षभरी भएका विज्ञापन र सूचनाको अभिलेख सार्वजनिक गर्नुपर्नेछ ।
- उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ । विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकीन गरेर मात्र लिनुहुनेछ । वाह्य निकाय/ संस्था/ व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने ।
- नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कारयालयका लागि थप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर तथा फिक्चर्स खरिद गर्दा पुरानो तथा उपयोग विहिन सामग्रीको अनिवार्य लिलाम गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- कार्यालयका लागि सवारी साधन खरिद गर्दामितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी सवारी साधन खरिद गर्ने र चारपाङ्ग्रे सवारी साधन खरिद गर्नु पूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिई कर्णाली प्रदेश सरकारबाट गठन गरिएको समितिको सिफारिसमा सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकामा भएका व्यवस्था अनुसार खरिद गर्नुपर्ने ।

- कार्यालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवाकोखरिद तथा आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउनु पर्ने ।
- सरकारी कार्यालयहरुको कार्यालय प्रयोगका लागि सकेसम्म खाली भएका सरकारी भवन उपयोग गर्न प्राथमिकता दिनुपर्ने र खाली भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम् आवश्यकता र सुविधा भएको घर बहालमा लने व्यवस्था मिलाउनु पर्ने ।
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानूनी व्यवस्ता अनुसार सरकारी निकायले स्वदेशी वस्तुहरुको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशतसम्म बढी भए पनि अनिवार्य खरिद गर्नुर्ने व्यवस्थाको पालना गराउनु पर्ने ।
- आर्थिक क्रियाकलाप र विकास निर्माणका कार्यक्रम सञ्चालनका क्रममा अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षणको माध्यमबाट प्रचलित कानूनी व्यवस्था एवम् कार्यविधि पालना गर्ने तथा तोकिएको समयमा वित्तीय जोखिम मञल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- चालु तथा पुँजीगत विनियोजित बजेट खर्च गर्दा मितव्ययी तवरले दक्ष र प्रभावकारी ढङ्गले गर्नु गराउनु पर्ने। सञ्चालन खर्च शिर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नुपर्ने ।
- मन्त्रालय, सचिवालय, सरकारी कार्यालयहरु र अनुदान जाने निकायहरुको आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण ( आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अङ्क; ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा होर्डिङ्ग बोर्ड राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- सरकारी खर्चको दायित्व यकिन गर्नको लागि लेखा अभिलेख राखने व्यवस्था गर्नुका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- बजेट कार्यान्वयनको नियमित अनुमान तथा समीक्षा गर्दा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ बमोजिम हुने गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या, कारण र सम्भावित उपायहरि उल्लेख गरी यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु पर्ने ।
- प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने व्यक्ति, फर्म वा संस्थालाई रु. पाँच हजार भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर उल्लेख गरी भुक्तानी गर्ने र त्यसको जानकारी भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।
- तलब भत्ता लगायतका सबै सार्वजनिक भुक्तानी सम्बन्धी कारोबार बैङ्किङ प्रणाली मार्फत् मात्र गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- उपभोक्ता समिति/ लाभग्राही समूहबाट सञ्चालन हुने बिकास कार्यक्रम, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम र अनुदान/ सहायता/ प्रोत्साहन/ साझेदारीबाट हुने कार्यको अनुमान प्रतिवेदन प्राप्त भए पछि मात्र सो समेतको आधारमा भुक्तानी हुने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्ने ।
- रु. ५ करोड भन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको आर्थिक मामिला तथा योजना मन्त्रीस्तरीय मासिक प्रगति समीक्षा गरिने हुँदा सो अनुसार मासिक प्रगति विवरण पठाउने र समीक्षामा सहभागिता जनाउनु पर्ने ।

- आफू र मातहतमा उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीलाई उचित सम्मान र प्रोत्साहन गर्नुपर्ने । तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम बिभागिय कारवाही समेत गर्नुपर्ने छ ।

# बिषय सूची

समष्टिगत निर्देशन ........................................ I

(क) सामाजिक विकास मन्त्रालय अन्तर्गतका कृयाकलापहरू ........................................ 1

(ख) स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका कृयाकलापहरू ........................................ 20

(ग) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका कृयाकलापहरु ........................................ 51

(घ) प्रदेश जनस्वास्थ्य प्रयोगशाला ........................................ 62

(ङ) मानव संसाधन विकास केन्द्र, स्वास्थ्य तालिम शाखा अन्तर्गतका कार्यक्रमहरू ........................................ 72

(च) अस्पताल अन्तर्गतका कृयाकलापहरू ........................................ 76

(छ) जन/स्वास्थ्य सेवा कार्यालय अन्तर्गतका कृयाकलापहरू ........................................ 90

## (क) सामाजिक विकास मन्त्रालय अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नामः आगामी आर्थिक बर्षको लागि बजेट तयारी, छलफल तथा PLMBIS अभिमुखिकरण कार्यशाला/ गोष्ठी

| कृयाकलाप संकेतः २.६.६.१३ | खर्च शिर्षकः २२५१२ |
|---|---|

| | |
|---|---|
| परिचय | प्रदेश सरकारले तय गरेका बार्षिक बजेट तथा कार्यक्रमहरुलाई योजनागत रुपमा प्रदेशस्तरको सूचना प्रणालीमा राखिने गर्दछ । सामाजिक बिकास मन्त्रालय अन्तर्गतका बिभिन्न महाशाखा/ शाखामा कार्यरत कर्मचारीहरुलाई बार्षिक बजेटको तयारी खर्च शिर्षक तथा बजेट बिनियोजनका बिषयमा जानकारी गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | बार्षिक बजेट तथा कार्यक्रमलाई प्रदेशस्तरीय सूचना प्रणालीमा समावेश गर्न अभिमुखिकरण गर्न |
| अपेक्षित प्रतिफल | PLMBIS को बारेमा कर्मचारीहरुको ज्ञान, सिप तथा क्षमतामा अभिवृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रकृया | अभिमुखिकरणका लागि सहभागीहरुको छनौट गर्ने ।<br>PLMBIS को सफ्टवयर संचालन तथा बजेट/ कार्यक्रम को प्रशिक्षक तय गर्ने ।<br>अभिमुखिकरण कार्यक्रमको संचालन गरी सहभागीहरुले जाने नजानेको एकीन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दै.भ्र.भ, खाजा खर्च, स्टेशनरी, प्रशिक्षक भत्ता, यातायात खर्च आदि खर्च । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

### २. कृयाकलापको नामः आयुर्वेद तथा योग सम्बन्धी नि:शुल्क स्वास्थ्य शिबिर संचालन (स्वास्थ्य सेवा)

| कृयाकलाप संकेत नं. : २.७.२२.४ | खर्च शिर्षक : 22522 |
|---|---|

| | |
|---|---|
| परिचय | जीवनशैलीमा परिवर्तन गरी रोगको रोकथाम गर्न आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न र योग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक महसुश गरी यो कृयाकलाप राखिएको छ। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा तथा योग सम्बन्धी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा योग चिकित्साको पहुँच नपुगेका जनताले आयुर्वेद चिकित्सावाट |

| | |
|---|---|
| | स्वास्थ्य लाभ लिन सक्नेछन । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुको छनोट गरी कार्यक्रम स्थल निर्धारण गर्ने।<br>• सम्वन्धीत स्थानीय तहसँग समन्वय गरी आयुर्वेद औषधालयहरु र आयुर्बेद शाखाका आवश्यकता अनुसार अन्य जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | दोस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि पूर्व तयारी बैठक बसी आयुर्वेद औषधि खरिद , यातायात खर्च, खाजा, प्रचार प्रसार खर्च, दैनिक भ्रमण खर्च, विविधखर्च आदिको सम्बन्धित निकायको प्रमुखबाट स्वीकृत गराउने र खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | शिविर सम्पन्न प्रतिवेदन |

## ३. कृयाकलापको नामः प्रदेशस्तरीय आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी मापदण्ड म्यानुयल निर्देशिका तयार पार्ने (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.९९ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित गरी यस माध्यमबाट गरिने उपचार पद्धतिलाई प्रवर्द्धन र नियमित संचालनका लागि मार्गनिर्देश गर्न आवश्यक देखिएकोले यस सम्बन्धी क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार पारी कार्यन्वयनमा लैजान यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणाली ब्यवस्थित गरी बैकल्पिक उपचार पद्धतिको प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | • क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका अनुसार सर्वसाधरणमा सेवाको पहुँच अभिवृद्धि।<br>• आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित गर्न अवश्यक क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गर्न पुर्व तयारी बैठक बसी एक विशेषज्ञ सहितको समुह गठन गर्ने । |

| | |
|---|---|
| | • मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गरी छलफल र पृष्ठपोषणका लागि गोष्ठी संचालन गर्ने ।<br>• सम्बन्धीत निकायबाट अनुमोदन गराइ कार्यन्वयनमा ल्याउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी यस प्रयोजनका लागि गोष्ठी संचालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार बाँडफाँट गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी कागजातहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । । |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, दस्तावेजहरू । |

## ४. कृयाकलापको नामः मन्त्रालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको समन्वयमा बिशेषज्ञ सेवा परिचालन तथा संचालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३७२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गरी कर्णाली प्रदेशमा बसोबास गर्ने नागरिकहरुलाई स्वास्थ्य सेवा/ विशेषज्ञ उपलब्ध गराउन आवश्यकताको आधारमा सामाजिक बिकास मन्त्रालय र कर्णाली स्वासथ्य विज्ञान प्रतिष्ठान बिचको समन्वय र सहकार्यमा बिभिन्न जिल्ला अस्पतालहरु/ रणनैतिक स्थानमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गराउन । |
| अपेक्षित प्रतिफल | रोगको समयमै निदान तथा उपचार भई रोग लाग्ने दर/मृत्युदरमा कमी ल्याउन सकिने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय अन्तर्गतकस जिल्ला स्वास्थ्य सेवा कार्यालयहरु/अस्पतालहरु |
| सञ्चालन प्रकृया | • विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि सामाजिक बिकास मन्त्रालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान बिच समझौता गर्ने ।<br>• सम्झौता अनुसार रोगको भार तथा जनशक्तिको अवस्थाको बिश्लेषण गरी विशेषज्ञ स्वास्थ्य सेवाको लागि चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुको परिचालन गर्ने ।<br>• कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान बाट परिचालित हुने चिकित्सक तथा स्वास्थ्यकर्मीले विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिने अस्पतालहरुसंग समन्वय गर्ने ।<br>• विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गरेका सेवाग्राहिहरुको अभिलेख राख्ने ।<br>• सम्झौता अनुसार सामाजिक बिकास मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।<br>• आवश्यकता अनुसार सामाजिक बिकास मन्त्रालयले अनुगमन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.ब. भरी |
| बजेट बाँडफाँट | कर्णाली विज्ञान प्रतिष्ठानको स्वीकृत नर्म्स र कर्णाली प्रदेश सरकारको खर्च मापदण्ड |

| | |
|---|---|
| | अनुसार |
| सन्दर्भ सामग्री | सम्झौता पत्र, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | परिचालन गरिएका विशेषज्ञ चिकित्सक/ अन्य स्वास्थ्यकर्मीहरुको हाजिर तथा संचालन गरेको प्रतिवेदन, सेवाग्राही संख्या |

## ५. कृयाकलापको नामः संचार/पत्रपत्रिका/ मिडिया सहकार्य/ सूचना विज्ञापन/ सन्देश प्रसारण तथा संचारकर्मीहरुसंगको अन्तर्क्रिया

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.६४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको स्वास्थ्य अवस्थाको बिश्लेषण, प्रकाशन, प्रसारण साथै श्रव्य/ दृश्य मार्फत बिभिन्न स्वास्थ्य शिक्षा सम्बन्धी सूचनाहरु प्रवाह गर्न संचारकर्मीहरुसंगको अन्तर्क्रिया, सहकार्य, सूचना सम्प्रेषण तथा प्रसारण गरी समुदायमा स्वास्थ्य सम्बन्धी सकारात्मक परिवर्तन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | संचारकर्मीहरुसंग समन्वय तथा सहकार्य गरी स्वास्थ्य सम्बन्धी सूचनाहरुको उत्पादन, प्रकाशन तथा प्रसारण गर्न |
| अपेक्षित प्रतिफल | समुदायसम्म स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह भई स्वास्थ्य सम्बन्धी बानी व्यवहारमा सकारात्मक परिवर्तन आउने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रकृया | संचारकर्मीहरुको सहकार्यमा सूचना प्रसारणका माध्यमहरु एफ.एम. प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, सांस्कृतिक प्रयोजन, Documentary सडक नाटक, उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा सम्बन्धी विभिन्न जानकारी मूलक सामग्रीहरु उत्पादन/प्रकाशन/छपाई गरी वितरण गरिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन/ प्रकाशन/ छपाई गरी खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## ६. कृयाकलापको नामः मानसिक स्वास्थ्य सम्बन्धी निर्देशिका, बिभिन्न प्याकेज (Social Emotional Learning Package) निर्माण, संयुक्त अनुगमन र मुल्याङ्कन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४७२ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरेको छ । नेपाल सरकारले |

| | |
|---|---|
| | नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि बहुपक्षीय कार्ययोजना (२०२१-२०२५) अनुसार मानसिक स्वास्थ्यका कृयाकलाप सहितको कार्ययोजना लागू गरेको छ ।नेपालमा कूल नसर्ने रोगहरुको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ भने त्रिभिन्न श्रोतका अनुसार  कर्णाली प्रदेशमा मानसिक रोगीहरूको संख्या बढ्दो अवस्थामा रहेको छ।अस्वस्थ जीवनशैली, खानपान, मानसिक असन्तुलन, गरीवी साथै अन्य बिभिन्न सामाजिक समस्याका कारण मानसिक स्वास्थ्यको अवस्था विग्रँदो अवस्थामा रहको छ ।त्यसैले प्रदेश स्वास्थ्य सेवा निर्देशनालय तथा जिल्ला र स्थानीयस्तरबाट संचालन गरिने क्रियाकलापको  गुणस्तर कायम गर्नका लागि नियमित अनुगमन तथा मुल्यांकन, सहयोगात्मक सुपरिबेक्षण, आवस्यक नीति निर्माण तथा जनचेतनाका लागि विभिन्न दिवस मनाउनुको साथै सूचना संचार सामग्री निर्माण तथा वितरण गरि समुदायमा बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्य प्रबर्दन तथा सेवा उपलब्धता यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेश र स्थानीय स्थानीय स्तरबाट संचालन गरिने क्रियाकलापको  गुणस्तर कायम गरी समुदायमा बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्य प्रबर्दन तथा सेवा उपलब्धता बृदी गर्नु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरूमा मानसिक स्वास्थ्यका बिषयमा ज्ञान तथा सीपको अभिबृद्दि हुने । मानसिक समस्याबाट प्रभावित बालबालिका तथा किशोर किशोरीहरुको समयमै पहिचान भई रोकथाम तथा उपचार भई स्वस्थ समाज निमार्णमा सहयोग पुग्ने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही तोकिएको मापदण्ड बमोजिमका प्रशिक्षक र सहभागीको छनौट गर्ने,<br>• जोखिमका आधारमा जिल्ला वा तालिम दिने स्थानको पहिचान गरी स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग समन्वय गर्न सकिने,<br>• स्वीकृत तालिम प्याकेज अनुसार अभिमुखिकरण तालिम सञ्चालन गर्ने,<br>• मानसिक स्वास्थ्य तथा परामर्शका लागि टोल फ्रि वा हटलाइनको व्यवस्था गर्ने,<br>• बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्यमा स्वीकृत कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने,<br>• बालबालिका तथा किशोर किशोरी मानसिक स्वास्थ्य सम्बन्धी युनिसेफको सहयोगमा सूचना संचार सामग्री तय गरी छपाई गर्ने,<br>• नीति तथा रणनीति विकासगर्नको लागि सम्बन्धित सरकारी तथा गैर सरकारी संस्था संग (प्राबिधिक कार्यसमिति) आवश्यक बैठक तथा गोष्ठी गर्ने,<br>• पूर्व निर्धारित छलफल अनुसार जनचेतना मुखी विश्व मानसिक स्वास्थ्य कार्यक्रम संचालन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | पहिलो र दोस्रो चौमासिक<br>बजेट प्राप्त भएको ६ महिना भित्र |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि बहुपक्षीय कार्ययोजना (२०२१-२०२५), प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | मानसिक स्वस्थ्य सम्बन्धी तालिम लिने संख्या, तालिम सम्पन्नको प्रतिवेदन, अनुगमन प्रतिबेदन, सुचना संचार सामग्री |

## ७. कृयाकलापको नामः अनुगमन तथा मुल्याङ्कन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.८.१.५ | खर्च शिर्षकः २२६११ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवाको पहुँच तथा उपयोगिता, स्वास्थ्य सम्बन्धी बार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, जनशक्तिको परिचालन, स्वास्थ्य पूर्वाधारको अवस्था, DHIS 2 अनुसार स्वास्थ्यका बिभिन्न सूचकहरुको अद्यावधिक अवस्थाका बारेमा जानकारी लिई परिमाणमुखी योजना तयार गर्नका लागि स्थलगत अनुगमन तथा मुल्याङ्कन महत्वपूर्ण हुने भएकाले यस सम्बन्धी कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चालु आ.ब.को संचालन हुने बिभिन्न कृयाकलापहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न । |
| अपेक्षित प्रतिफल | संचालित कृयाकलापहरुको गुणस्तर तथा प्रभावकारितामा वृद्धि हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • आर्थिक वर्ष २०७९/८०का लागि योजना गरिएका कार्यक्रमहरु मध्य जिल्ला तथा स्थानीय तहमा संचालन हुने कार्यक्रमहरुको सूची तयार गर्ने ।<br>• अनुगमन तथा मुल्याङ्कनको लागि स्थान सहितको योजना तयार गरी अनुगमन गर्ने । अनुगमन गर्दा सकेसम्म स्थानीय तहसम्म पुग्ने गरी योजना बनाउने । अनुगमन टोलीमा सकेसम्म विषय विज्ञ वा सम्बन्धित कार्यक्रमको फोकल पर्सन सहभागी हुने ।<br>• अनुगमन तथा मुल्याङ्कनको चेकलिस्ट तयार पार्ने । अनुगमन पश्चात त्यसको विस्तरित प्रतिवेदन तयार पारी छलफल गर्ने ।<br>• अनुगमन गरिसकेपछि केहि पृष्ठपोषण भएमा पत्राचार गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | दै.भ्र.भ., यातायात खर्च, स्टेशनरी, खाजा खर्च तथा अन्य खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | अनुगमन चेकलिस्ट, कार्यक्रम संचालन गरेको प्रतिवेदन, बिल भर्पाइ |

## ८. कृयाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधी खरिद (औषधीहरु खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.२.९.२ | खर्च शिर्षक : २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने आयुर्वेद औषधि |

| | |
|---|---|
| | खरिद गरी प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने, |
| अपेक्षित प्रतिफल | प्रभावकारी उपचार हुने, आयुर्वेद औषधि अभाव सिर्जना हुन नदिने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने,<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | माग र आवश्यकता अनुसार बाँडफाँट गरी आयुर्वेद औषधि खरिद गर्न सिलवन्दी दरभाउपत्र, टेण्डर वा बोलपत्र आव्हानगर्ने र खरिद प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | अत्यावश्यक आयुर्वेद औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । । |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण । |

## ९. कृयाकलापको नामः रणनैतिक स्थानमा आधारभूत अस्पताल निर्माणका लागि सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : 11.1.2.४०६ | खर्च शिर्षक: 31112 |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका विशेष गरी दुर्गम स्थान र बहुसंख्यक जनसंख्यालाई सेवा दिन सकिने र विद्यामान अस्पतालहरूको पहुँचभन्दा टाढा रहेका बहुसंख्यक जनसंख्यालाई पायक पर्ने रणनैतिक स्थानीय तहमा आधारभुत अस्पताल निर्माणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | रणनैतिक स्थानमा आधारभुत अस्पताल संचालन गरी सुलभ रूपमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | सर्वसाधारणले सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् ।<br>स्वास्थ्य सेवा लिनेहरूको ब्यवहारमा परिवर्तन भई सेवाको पहुँच विस्तार तथा प्राप्तिमा वृद्धि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, स्थानीय तह |
| सञ्चालन प्रक्रिया | • रणनैतिक अस्पताल निर्माणका लागि स्थानीय तहबाट प्रस्तावना माग गर्ने ।<br>• मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले आधारभूत अस्पताल निर्माणका गर्नका लागि रणनैतिक स्थानको पहिचान गर्ने ।<br>• रणनैतिक स्थानको स्थलगत अध्ययन गरी प्राविधिक र ब्यवस्थापकीय अवस्थाको विश्लेषण गर्ने ।<br>• आधारभूत अस्पतालको थप संरचना निर्माण गर्न छनोटका आधार तपसिल बमोजिम हुनेछन् |

| | |
|---|---|
| | ○ मापदण्ड अनुसार जग्गाको व्यवस्था भएको,<br>○ चिकित्सक लगायत आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरी सेवा दिइरहेको,<br>○ सदरमुकाम भन्दा टाढाको पायक पर्ने स्थानीय तह,<br>○ बिरामीहरूको चाप बढी भएको,<br>○ अस्पतालमा चाहिने मुख्य संरचना निर्माण भईसकेको वा भइरहेको<br>○ रणनैतिक अस्पताल स्थापना गर्न आवश्यक भएको<br>• यस रकमबाट आवश्यकता भएको तर हाल निर्माण भइरहेको डिजाइनमा नसमेटिएका संरचना निर्माणमा विशेष ध्यान दिनुपर्नेछ।<br>• रणनैतिक स्थानको छनौट प्रश्चात् सम्बन्धित स्थानीय तहमा वित्तिय हस्तान्तरण गरी बजेट उपलब्ध गराउने ।<br>• स्थानीय तहले प्रचलित कानून बमोजिम भौतिक पुर्वाधारको निर्माण गर्ने ।<br>• कार्य सम्पन्न भए पश्चात् त्यसको भौतिक तथा वित्तिय प्रतिवेदन स्थानीय तहले उपलब्ध गराउनुपर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी प्रयोजनका लागि आवश्यक पर्ने बैठक संचालन खर्च र सार्वजनिक खरिद प्रणाली अनुसार निर्माणका लागि बजेट बाँडफाँट गरी कार्यन्वयन गर्ने |
| सन्दर्भ सामग्री | पूर्वाधार तथा भवन निर्माण सम्बन्धी निर्देशिका साथै अद्याबधिक निर्देशिकाहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | प्रक्रिया, बैठकको विवरण, स्थलगत अध्ययनको प्रतिवेदन, भौतिक प्रगतिको विवरण |

## १०. कृयाकलापको नामः HMIS, DHIS र LMIS तथ्याङ्क प्रविष्टी तथा व्यवस्थापनको लागि कम्प्युटर जनशक्ति करार (व्यक्ति करार)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. :२.५.७.२३ | खर्च शिर्षक: 22413 |

| | |
|---|---|
| परिचय | आ.ब. २०५१/२०५२ मा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात स्वास्थ्य सेवाहरुको सूचनाहरु एकद्वार प्रणालीबाट उपलव्ध गरिने प्रावधान रहेको छ । आ.ब. २०७३/०७४ देखि जिल्लाबाट DHIS २ अनलाईन सफ्टवेयरमा प्रतिवेदन प्रविष्ट गर्ने कार्य शुरु गरिएको हो । सोही आ.ब. मा प्रत्येक जिल्ला जन/स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत र सहायकहरूलाई र सरकारी अस्पतालमा कार्यरत मेडिकल रेकर्डर/अधिकृतहरुलाई DHIS 2 सम्बन्धी तालिम प्रदान गरी सकिएको छ। गत आ.ब.२०७७/७८ मा सबै स्थानीय तहका स्वास्थ्य संयोजकहरूलाई e-LMIS सम्बन्धी तालिम समेत प्रदान गरी अनलाईनबाट प्रबिष्ट गर्ने कार्य भईरहेकोले HMIS, LMIS, e-LMIS सम्बन्धी सूचना प्रविष्ट गर्न र सूचना व्यवस्थापनका लागि करारमा जनशक्ति भर्ना गरी परिचालन गर्ने कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा प्रयोग हुने HMIS, DHIS 2 Platform/LMIS मार्फत स्वास्थ्य सूचना |

| | |
|---|---|
| | सम्बन्धी कार्यको व्यवस्थापन गर्नका लागि योग्यता र दक्षताका आधारमा जनशक्ति भर्ना गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो। उक्त जनशक्तिले गर्ने मुख्य कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन्<br>• HMIS, DHIS-2/e-LMIS मा सूचना प्रविष्ट गरी प्रतिवेदन तयार गर्ने,<br>• E-Governance मा सहयोग पुर्याउने कार्य,<br>• सूचनालाई योजना निर्माणमा सहयोग पुर्याउने<br>• गुणस्तरीय स्वास्थ्य सूचना प्रणालीको दिगो विकासमा टेवा पुर्याउने, |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सूचनाहरू HMIS, e-LMIS, DHIS-2 मा नियमित, पूर्ण र समय सीमाभित्र प्रविष्ट हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय र जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | HMIS, DHIS-2, e-LMIS प्रविष्टी गर्नका लागि करारमा जनशक्ति लिन तपसिल बमोजिमका कृयाकलापहरू गरिनेछः<br>• प्रचलित आर्थिक ऐन नियम, करार सेवा नियमावली अनुसार शैक्षिक योग्यता पुगेका दक्ष जनशक्ति भर्ना गरिनेछ<br>• प्रतिवेदन प्रविष्ट सम्बन्धी अभिमुखिकरण गरिनेछ,<br>• उक्त जनशक्तिलाई लागि दरवन्दी रिक्त वा आवश्यक भएको स्थानमा खटाइनेछ,<br>• निज करारमा लिइएको जनशक्तिले नियमित रूपमा प्रतिवेदन प्रविष्ट गर्नुपर्नेछ,<br>• DHIS-2, HMIS, e-LMIS को प्रतिवेदनलाई विश्लेषण गरी परिणाममुखि योजना निर्माण गर्नमा सहयोग गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आ.ब. २०७८/७९ भित्र सञ्चालन गरिने भएको हुँदा करार जनशक्तिलाई प्रथम चौमासिक भित्र नै छनौट गरी असार मसान्त २०७९ सम्म परिचालन गरिनेछ। |
| बजेट बाँडफाँट | करारमा नियुक्त गरिएको जनशक्तिलाई नियमानुसार पारिश्रमिक तथा सुबिधा उपलब्ध गराउने, |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | योग्यता पुगेका दक्ष जनशक्तिको करार नियुक्ति भएको र जिम्मेवारी अनुसारको कार्य सुचारू भएको । |

## ११.कृयाकलापको नामः एकीकृत जनस्वास्थ्य अभियान तथा बिशेषज्ञ स्वास्थ्य शिविर (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१० | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने रणनीति लिएको छ । रणनीति बमोजिम आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा बिशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउन, जनचेतना तथा परामर्श सेवा प्रदान गरी प्रभावकारी रूपमा संचालन गर्नको लागि यो |

| | |
|---|---|
| | कृयाकलाप समावेश गरिएको छ । |
| उद्देश्य | • दूर्गम तथा पिछडिएको, सिमान्तकृत समुदाय बसोबास गर्ने स्थानमा आधारभूत तथा विशेषज्ञ सहित अत्यावश्यक प्रबर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक एकिकृत स्वास्थ्य सेवा मार्फत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्ने।<br>• स्थानीय आवश्यकता र विविधता अनुरुपका कार्यक्रम संचालनमा स्वास्थ्य सेवा कार्यालयहरुलाई सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • पहुँच कम भएका स्थानमा आधारभूत/विशेषज्ञ स्वास्थ्य सेवाको उपलब्धता हुने ।<br>• एकीकृत अभियान मार्फत जनस्वास्थ्य सेवाको पहुँच तथा उपभोगमा वृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • माग भई आएमा र आवश्यकता देखिएको अवस्थामा प्रदेशको जुनसुकै ठाउँमा विशेषज्ञ सेवा सहित स्वास्थ्य शिविर सञ्चालन गर्न सकिने छ ।<br>• आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरू परिचालन गर्न सकिने छ ।<br>• शिविरमा सेवाका साथै जनचेननामुलक कृयाकलापहरू समेत गर्ने ।<br>• स्वास्थ्य शिविर सञ्चालन गर्दा सम्बन्धीत जिल्लाको अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह, स्वास्थ्य सेवासंग सम्बन्धीत अन्य निजी सामुदायिक अस्पताल एवं संस्थासंग साझेदारी गरी गर्न सकिनेछ ।<br>• प्रचलित आर्थिक नियमानुसार यस शिविरसँग सम्बन्धित सेवा तथा सामग्री खरिद गर्न सकिनेछ र उपकरणको हकमा भाडामा लिन पनि सकिनेछ ।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि ।<br>• यस कार्यक्रमबाट तोकिएको स्वास्थ्य संस्थामा हरेक महिनाको २ पटकसम्म विशेषज्ञ चिकित्सक परिचालन गरी स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ । यसरी सेवा प्रदान गर्दा खटिइ जाने जनशक्तिको दै.भ्र.भत्ता, यातायात साधनको व्यवस्थापन, औषधि खरिद र प्रचार प्रसारमा समेत खर्च गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आवश्यकता अनुसार सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | शिविर संचालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ ।<br>• विनियोजित बजेटको परिधिभित्र रही प्रचलित कानूनी प्रक्रिया पुर्याई शिविरका लागि औषधी खरिद, दै.भ्र.भ. ढुवानी तथा जनशक्ति व्यवस्थापन लगाएत अन्य विविध खर्च गर्ने सकिनेछ। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | शिविरबाट लाभान्वितहरूको संख्या, अभिलेखिकरण, कार्यक्रम सम्पन्न प्रतिवेदन, खर्चको विवरण, बैठकहरूको विवरण |

## १२. कृयाकलापको नामः मानसिक स्वास्थ्य कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४९१ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । नेपाल सरकारले नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि बहुपक्षीय कार्ययोजना (२०१४-२०२०) अनुसार मानसिक स्वास्थ्यका कृयाकलाप सहितको कार्ययोजना लागू गरेको छ । नेपालमा कूल नसर्ने रोगहरुको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ भने त्रिभिन्न श्रोतका अनुसार तुलनात्मक रूपमा कर्णाली प्रदेशमा मानसिक रोगीहरूको संख्या दिनानुदिन बढ्दो अवस्थामा रहेको छ । अस्वस्थ जीवनशैली, खानपान, मानसिक असन्तुलन, गरीवी साथै अन्य बिभिन्न सामाजिक समस्याका कारण मानसिक स्वास्थ्यको अवस्था विग्रँदो अवस्थामा रहको छ । त्यसैगरी विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ का कारण पनि मानसिक समस्या बढेको सन्दर्भमा त्यसको न्यूनीकरणको लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मी, स्थानीय नेतृत्वलाई मानसिक स्वास्थ्य सम्बन्धी एवं प्राथमिक मनोवैज्ञानिक सहयोग, तनाव व्यवस्थापन तथा मनोसामाजिक परामर्श सम्बन्धी ज्ञान धारणा र सीपको अभिवृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरूमा मानसिक स्वास्थ्यका बिषयमा ज्ञान तथा सीपको अभिबृद्दि हुने । मानसिक समस्याबाट प्रभावितहरूको पहिचान भई समयमा नै रोकथाम तथा उपचार भई स्वस्थ समाज निमार्णमा सहयोग पुग्ने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • मानसिक स्वास्थ्य क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाको सहकार्यमा मानसिक स्वास्थ्य सम्बन्धी समस्या भएका स्थानहरुको पहिचान गर्ने ।<br>• पहिचान भइ सकेपछि मानसिक स्वास्थ्यसंग सम्बन्धित कस्ता कस्ता कार्यक्रम संचालन गर्नुपर्ने हो त्यसको योजना तयार गर्ने ।<br>• यदि तालिम कार्यक्रम संचालन गर्नुपर्ने भएमा स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही तोकिएको मापदण्ड बमोजिमका प्रशिक्षक र सहभागीको छनौट गर्ने ।<br>• जिल्ला वा तालिम दिने स्थानको पहिचान गरी स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग समन्वय तथा अन्तर्क्रिया गर्ने ।<br>• थप आवश्यकता भएमा मानसिक स्वास्थ्य तथा परामर्शका लागि टोल फ्रि वा हटलाइनको व्यवस्था गर्ने । |
| सञ्चालन गर्ने अबधि र | पहिलो र दोस्रो चौमासिक |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार दै.भ्र.भ., यातायात खर्च, खाजा खर्च, स्टेशनरी, आदि खर्च । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, परामर्श सम्बन्धी सामग्रीहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | मानसिक स्वास्थ्य सम्बन्धी तालिम लिने संख्या, कार्यक्रम सम्पन्नको प्रतिवेदन |

## १३. कृयाकलापको नामः अस्पतालको न्युनतम सेवा मापदण्ड सहजिकरण

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४३४ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय रूपमा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले न्युनतम सेवा मापदण्ड सञ्चालनमा ल्याएको छ। न्यूनतम सेवा मापदण्ड अनुरुप अस्पतालहरूको भौतिक पूर्वाधार साथै सेवाको मापदण्ड अनुसार सेवा उपलब्ध भएको सुनिश्चित गर्न र सुनिश्चित भएका मापदण्डको स्तरलाई कायम गर्न र दिगोरूपमा निरन्तरता दिने उद्देश्यले अस्पतालको न्युनतम सेवा मापदण्ड सहजिकरण कार्यक्रम राखिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका अस्पतालहरुको न्युनतम सेवा मापदण्ड प्रभावकारी रुपमा लागु गर्न सहजिकरण गर्ने र तहाँबाट प्रवाह भईरहेका स्वास्थ्य सेवाको गुणस्तर मापन गर्ने। |
| अपेक्षित प्रतिफल | अस्पतालहरुबाट प्रदान गरिने गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगितामा वृद्धि हुनेछ ।<br>अस्पतालको पूर्वाधारमा सुदृढिकरण हुनेछ ।<br>स्वास्थ्य सेवा प्रदायक संस्थाहरु गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रेरित हुनेछन् । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • जिल्ला अस्पतालहरु, मेहेलकुना र दुल्लु अस्पतालमा न्युनतम सेवा मापदण्डको मूल्याङ्कन गरिने छ । उक्त फलो-अप कार्यक्रमको अवधि २ दिनको हुनेछ ।<br>• न्युनतम सेवा मापदण्ड संचालन भइरहेका अस्पतालहरुमा स्थलगत अनुशिक्षण हुनेछ ।<br>• पहिलो दिन न्युनतम सेवा मापदण्ड निर्देशिका अनुरुप गतबर्षको परिणामका आधारमा अभिबृद्दि भएको सेवाको स्तर पुनः मापन गर्ने र दोस्रो दिन प्रस्तुतिकरण तथा छलफल गरी Threshold भन्दा कम Score प्राप्त गरेका बिषयहरूलाई ध्यानमा राखी विस्तृत कार्ययोजना तयार गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी अस्पतालहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रममा सहजिकरण गर्न खट्टिएका कर्मचारीको यातायात खर्च, दैनिक भम्रण खर्च साथै प्रस्तुतिकरणका दिनमा उपस्थित कर्मचारीलाई खाजा (आवश्यक भएमा मात्र) लगायतका शिर्षकमा कार्यक्रम संचालन तथा कार्यन्वयन निर्देशिका तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार गर्न सकिनेछ |

| | |
|---|---|
| | । |
| सन्दर्भ सामग्री | अस्पतालहरूको न्युनतम सेवा मापदण्ड निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सहभागीको हाजिरी उपस्थितिको सुनिश्चितता, सूचकको सुधारको लेखाजोखा र तयार गरिएको योजनाको प्रतिवेदन |

## १४. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धमा नीति/रणनिति/निर्देशिका/फरमेट छपाइ तथा व्यवस्थापन (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.५.१६७ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | यस मन्त्रालयको नीति, बार्षिक कार्यक्रम तथा बजेट योजनाले अपेक्षा गरेका बिषयहरूलाई कार्यान्वयन गर्न रणनिति/निर्देशिका/मापदण्ड/फरमेटहरू तयार गरिनेछ।प्रचलित नीति, नियम, रणनीति, निर्देशिका, मापदण्ड तयार गरी उल्लेखित सामग्री लगायत बिभिन्न स्वास्थ्य सम्बन्धी प्रचार प्रसार सामग्रीको छपाइ अनिवार्य नै हुन्छ।ती उत्पादित सामग्रीहरू लक्षित सरोकारवाला/सेवाग्राहीसम्म पुर्याउन वितरण गरिने हुँदा त्यसको छपाइ तथा सम्पूर्ण व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य सम्बन्धीहरू बिभिन्न सामग्रीहरू उत्पादन गरी सरोकारवाला तथा लक्षित वर्गसम्म पुर्याउनु |
| अपेक्षित प्रतिफल | बिभिन्न नीति, रणनीति, निर्देशिका, फरमेटहरूको छपाइ गरी त्यसको वितरण गरिएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयमा नीति, रणनीति, मापदण्ड, निर्देशिका, प्रचार प्रसार सामग्री तयार गर्ने प्राबिधिक समिति गठन हुनेछ,<br>• स्वास्थ्य शिक्षा तथा सामग्री विकास सम्बन्धी निर्देशिका, प्रोटोकल तथा मापदण्ड एवं गुणस्तर निर्धारणका कार्यहरु गर्ने,<br>• व्यवहार परिवर्तन तथा स्वास्थ्य शिक्षाजन्य सामग्री विकास गर्ने,<br>• अनुगमन तथा मुल्यांकनका आधारमा आवश्यकता अनुसार स्वास्थ्य शिक्षा तथा सामग्रीको परिमार्जन गर्ने,<br>• प्राबिधिक समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत भइसकेपछि ती सामग्रीहरूलाई प्रचलित आर्थिक ऐन नियम बमोजिम उत्पादन तथा छपाइ कार्य गरिने,<br>• छपाइ गरीएका सामग्रीहरू आवश्यकता र बिषयको गाम्भीर्यताका आधारमा लक्षित समूहमा वितरण गरिने,<br>• सामग्री तयार गर्दा स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरलाई केन्द्रविन्दुमा राखी तयार गरिने,<br>• सामग्रीहरूको वितरण गर्दा सामाजिक विकास मन्त्रालयबाट ढुवानी गर्न सवारी साधनको व्यवस्था मिलाईने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार खर्चको बाँडफाँट र खर्च गरिनेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बिभिन्न सामग्रीहरूको उत्पादन, दाखिला प्रतिवेदन, उत्पादित सामग्रीहरू वितरण भएका स्थानहरू |

## १५. कृयाकलापको नाम: क्षयरोग मुक्त पालिका अभियान संचालन

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.४३९ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा विगत लामो समय देखि क्षयरोग जनस्वास्थ्य समस्याका रुपमा बिद्यमान छ । त्यसमा पनि कर्णाली प्रदेशमा क्षयरोगका बिरामीहरुको संखया अन्य प्रदेशको भन्दा उच्च रहेको छ । बिभिन्न सामाजिक, सासंकृतिक तथा आर्थिक कारणले शंकास्पद क्षयरोगका बिरामीहरु पहिचान हुन सकेका छैनन् । नेपाल सरकारले सन् २०३५ सम्ममा क्षयरोग अन्त्य (क्षयरोग हुने दर १० प्रति लाख भन्दा तल झार्ने) गर्ने लक्ष्य र सन् २०५० सम्ममा क्षयरोग मुक्त नेपालको सोच तय गरेको छ । नेपाल सरकारले लक्ष्य तथा सोच सफलरुपमा कार्यान्वयन गर्न स्थानीय तहमा प्रदेश सरकार र स्थानीय तहको संयुक्त रुपमा अनुगमन मूल्याङ्कन गरी क्षयरोग मुक्त स्थानीय तह अभियान संचालनको लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सक्रिय खोजपड्तालका कृयाकलापहरु संचालन गरी समुदायस्तरमा रहेका क्षयरोगका बिरामीको पहिचान र निदान गरी उपचारको दायरामा ल्याउन । |
| अपेक्षित प्रतिफल | • समुदायमा रहेका क्षयरोगका बिरामी निदान तथा उपचार भइ रोगको भारमा कमी आउने । |

| | |
|---|---|
| | • निदान भएका क्षयरोगका बिरामी ९० प्रतिशत भन्दा बढीले उपचार पूरा गर्ने<br>• शिघ्र निदान तथा उपचार भइ समुदायमा संक्रमण दर घट्ने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक बिकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| सञ्चालन प्रक्रिया | • औषधी प्रतिरोधि क्षयरोग (Drug Resistance TB) बिरामीहरुको उपचारको लागि प्रेषण केन्द्रको संचालन सरकारी निजि साझेदारी गरी खर्च गर्ने ।<br>• माईक्रोस्कोपिक सेन्टर संचालन समन्वय गर्ने ।<br>• क्षयरोग नमूना (Specimen)को ढुवानीका लागि जनस्वास्थ्य प्रयोगशाला मार्फत आवश्यक खर्च गर्ने।<br>• विगत ५ बर्षको तथ्याङ्क विश्लेषणको आधारमा बढि क्षयरोगका बिरामी भएका, सेवाको पहुँच भन्दा बाहिर रहेका HOTSPOT पहिचान गरी त्यस्ता गाउँ, टोल तथा बस्तिमा महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सम्भावित क्षयरोगका बिरामीहरुको सक्रिय खोजपड्ताल मार्फत खकार नमुना संकलन गरी Gene Xpert बिधिबाट परीक्षण गरी प्रमाणित भएका क्षयरोगका बिरामीको उपचार प्रक्रियामा सहजिकरण क्रियाकलाप संचालन तथा अनुगमन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कारय्योजना तयार पारी स्वीकृत गराई संचालन गर्ने । |
| सन्दर्भ सामग्री | क्षयरोग सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | पूर्व तयारी योजना, कार्यक्रम सम्पन्न प्रतिवेदन, अभियानबाट लाभान्वितहरुको संख्या |

## १६. कृयाकलापको नामः बिपन्न नागरिक तथा लक्षित समुदाय स्वास्थ्य बिमा कार्यक्रम

| कृयाकलाप संकेतः २.७.२२.४५५ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | सर्वव्यापी स्वास्थ्यको पहुँचमा अभिवृद्धि गर्न स्वास्थ्य बिमा महत्वपूर्ण कार्यक्रम हो । हाल नेपालका सबै स्थानमा स्वास्थ्य बिमा कार्यक्रम लागु भैसकेको छ । स्वास्थ्य बिमा सम्बन्धी ऐन तथा नियमावली अनुसार समाजमा पहिचान भएका बिपन्न नागरिक तथा तोकिएको लक्षित समुदायमा बिमा मार्फत स्वास्थ्य सेवाको पहुँच बढाउन बिपन्न नागरिक तथा लक्षित समुदाय बिमा कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पहिचान भएका बिपन्न तथा लक्षित समुहलाई स्वास्थ्य बिमा कार्यक्रममा समावेश गराउन । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि भइ रोगको भारमा कमी आउने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रकृया | कर्णाली प्रदेश सरकारको स्वीकृत कार्यबिधि/मापदण्ड अनुसार संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको स्वीकृत कार्यबिधि/मापदण्ड अनुसार संचालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | बिपन्न नागरिक तथा लक्षित समुहको पहिचान खुल्ने कागजात, बिमितहरुको संख्या र विवरण |

## १७. कृयाकलापको नामः अपाङ्ग भएका बालबालिकाहरुको उपचार तथ पुनर्स्थापन सहयाक सामग्री वितरण र घुम्ति शिविर संचालन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४६१ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गतामा न्यूनीकरण गर्ने, मातृशिशु तथा बालमृत्युदर कम गर्ने एबम् अपाङ्ता भएका व्यक्तिहरू सहितको समावेशी समाज निर्माण गर्नका लागि अपाङ्ग बालबालिकाहरुको सहयोगार्थ यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पहिचान भएका अपाङ्ग बालबालिकाहरुको लागि उपचार तथा सहायता सामग्री उपलब्ध गराउन सहयोग/ समन्वय गर्न। |
| अपेक्षित प्रतिफल | अपाङ्ग बालबालिकाहरुको उपचार तथा सहायक सामग्री उपलब्धता पश्चात उनीहरूको जीवनयापन सहज हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • अपाङ्ता सम्बन्धी कार्य गर्ने संघसंस्थाहरूको समन्वय/सहकार्यमा स्वास्थ्यकर्मीहरुलाई अपाङ्गता पहिचान, वर्गीकरण, परामर्श, रेफरल सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको शीघ्र पहिचानको लागि स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी घुम्ति शिविर संचालन गर्ने ।<br>• पहिचान भएका बालबालिकाको उपचार, निर्माणात्मक शल्यकृया, Corrective Surgery मा सहयोग गर्ने।<br>• सि.बी.आर. पुनर्स्थापना सेवाहरु क्रमशः फिजियोथेरापी सेवा, सहायक तथा गमनशीलता सामग्री नापजाँच र वितरण, परामर्श सेवा प्रदान तथा समाजिकीकरणमा सहयोग गर्ने ।<br>• माथिका सेवाहरू सञ्चालन गर्दा यस क्षेत्रमा कार्यरत बिभिन्न संघसंस्थाहरूसँग समन्वय, सहकार्य तथा सेवा करार गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | यस प्रायोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | अपाङ्गता रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी बिभिन्न निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | अपाङ्गता सम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मीहरूको संख्या |

| | |
|---|---|
| | अपाङ्गता भएका बालबालिकाको विवरण, स्वास्थ्य सेवा लिएकाको विवरण |

## १८. कृयाकलापको नाम: Onsite Coaching and Mentoring

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३५८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशस्तरका जन/ स्वास्थ्य सेवा कार्यालयहरु र स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र दक्षतामा अभिवृद्धि गर्न कार्यस्थलमै अनुशिक्षण गरी जनस्वास्थ्य प्रबर्धनका गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, नर्सिङ, प्यारामेडिकस लगायत अन्य कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न । |
| अपेक्षित प्रतिफल | गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा अभिवृद्धि हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयका सम्बन्धित फोकल पर्सन वा काम काज गर्न तोकिएका व्यक्ति यसका सहभागी रहनेछन्।<br>• कार्यक्रमको फोकल पर्सनले Coach/ Mentor सँग छलफल गरी बजेटको परीधि भित्र रही कति वटा सेवा प्रदायक स्वास्थ्य संशथामा Coaching/ Mentoring गर्ने, सो को योजना तयार पार्नु पर्दछ ।<br>• Coaching/Mentoring मार्फत धेरैभन्दा धेरै जनसंख्या लाभान्वित हुन सक्ने हुनुपर्दछ ।<br>• यो कार्यक्रम FP, IPC, MNH, MPDSR, ASRH, SAS, KMC लगायतका क्षेत्रहरुमा केन्द्रित गर्नुपर्दछ ।<br>• पूर्वाधार, जनशक्ति कमजोर भएका स्वास्थ्य संस्था, स्वास्थ्यका मुख्य सूचकहरु कमजोर तथा सामाजिक/आर्थिक अवस्था कमजोर भएको समुदायलाई प्राथमिकता दिनुपर्दछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दै.भ्र.भ., यातायात खर्च, प्रशिक्षक भत्ता, स्टेशनरी खर्च, खाजा खर्च, Coaching को बेलामा चाहिने सामग्रीहरु, छपाइ/ फोटोकपी यसै शिर्षकबाट गर्नुपर्नेछ। |
| सन्दर्भ सामग्री | नवशिशु स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार फारम (MNH Service Readiness Toolkit) MPDSR/ASRH/IPC/SAS/HWMG Guideline, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १९. कृयाकलापको नामः स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता मापदण्ड ( Wash-Fit) कार्यविधि कार्यान्वयन तथा कार्यविधि बिस्तार

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४८१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | दिगो बिकास लक्ष्य २०३० सम्ममा सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा खानेपानी सर्वसुलब तथा समतामूलक पहुँच हासिँल गर्ने भनि लक्षित गरिएको छ । नेपालमा हालसम्म पनि चाहिएको बेला सुरक्षित तथा सर्वसुलभ पानी प्राप्त हुन सकि रहेको छैन त्यसमा पनि कर्णाली प्रदेशमा सुरक्षित पानी प्रयोग गर्नेहरुको संख्या अत्यन्त न्यून रहेको छ । MICS २०१९ अनुसार कर्णाली प्रदेशका अधिकाशं मानिसहरु असुरक्षित पानी पिउन बाध्य छन् । तयसैले पानीको श्रोत देखि उपभोग गर्दासम्म सुरक्षित होस भन्ने उदेश्यले स्वास्थ्य संस्थाहरुमा खानेपानी सरसफाई तथा स्वच्छता मापदण्ड कार्यविधि कार्यान्वयन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुमा सुरक्षित पानी उपलब्ध गराउन । |
| अपेक्षित प्रतिफल | पानीजन्य रोगहरुको संक्रमणमा कमी आउने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रकृया | WASH-FIT कार्यविधिको कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरुसंग अन्तर्क्रिया तथा स्थलगत अनुगमनका साथै अभिमुखिकरण कार्यक्रम गर्ने ।<br>आवश्यकता अनुसार पानीका श्रोतहरुको प्रयोगशाला परिक्षणमा सहजिकरण तथा समन्वय ।<br>आवश्यकता अनुसार पानी सुद्धिकरणका लागि क्लोरिनेसन वा अन्य सुरक्षित विधि अपनाउन प्रेरित गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना र कार्यतालिका अनुसार । |
| बजेट बाँडफाँट | दै.भ्र.भ., प्रशिक्षक भत्ता, खाजा खर्च, स्टेशनरी, आदि खर्च। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु, WASH-FIT कार्यविधि । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन । |

## २०. कृयाकलापको नामः सालकोट प्राथमिक स्वास्थ्य केन्द्र, पञ्चपुरी नगरपालिका - २ लाई ५० सैया अस्पतालमा स्तरोन्नतिका लागि डिपिआर सहित पूर्वाधार बिकास

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ११.१.२.४४ | खर्च शिर्षक: 31112 |

| | |
|---|---|
| परिचय | संबिधानत आधारभूत, आकस्मिक तथा विशेषज्ञ स्वास्थ्य सेवा हरेक नागरिकको नैसर्गिक अधिकार हो । स्वास्थ्य सेवालाई हरेक नागरिकसम्म गुणस्तरिय रुपमा उपलब्ध गराउन भौतिक पूर्वाधारको महत्व हुन्छ । त्यसमा पनि कर्णाली प्रदेशको सुर्खेत जिल्लाको पञ्चपुरीमा अवस्थित सालकोट प्राथमिक स्वास्थ्य केन्द्रले पश्चिम क्षेत्रको ठुलो जनसंख्यालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने भएकाले यस प्राथमिक केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक देखिएकाले यस अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्नका लागि भौतिक पूर्वाधार निर्माण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न । |
| अपेक्षित प्रतिफल | नागरिकहरूको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई रोग लाग्ने दर र मृत्युदरमा |

| | |
|---|---|
| | कमी आउनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • अस्पताल भवन निर्माणका लागि मापदण्ड अनुसारको जग्गा प्राप्तिको सुनिश्चितता गर्ने ।<br>• हाल निर्माण हुन लागि रहेको अस्पतालको DPR तयार गर्ने तथा तयार भएको DPR माथि छलफल गरी सम्बन्धित समितिबाट स्वीकृत गराउने ।<br>• अस्पताल रहने स्थान अनुमोदन गरी संघीय शहरी विकास तथा भवन निर्माण बिभाग, संघीय कार्यान्वयन इकाई र सामाजिक विकास मन्त्रालयको समन्वयमा लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया अनुसार भौतिक पुर्वाधारको निर्माण तथा सञ्चालन गर्ने ।<br>• स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०७७ अनुसार निर्माण कार्य गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी प्रयोजनका लागि आवश्यक पर्ने बैठक संचालन खर्च र सार्वजनिक खरिद प्रणाली अनुसार निर्माणका लागि बजेट बाँडफाँट गरी कार्यन्वयन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | DPR को प्रतिवेदन, आर्थिक/भौतिक प्रगतिको विवरण |

## (ख) स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका कृयाकलापहरू

### 1. कृयाकलापको नामः ए.एच. एम.आई.एस. तालिम (आयुर्वेद सम्वन्धी)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | Ayurveda Health Management Information System (AHMIS) प्रतिवेदनमा आउने तथ्यांकीय त्रुटीहरूलाई कम गरी यसको गुणस्तरीयता, समयसापेक्ष र पुर्णता गराउन यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | नियमित आयुर्वेद स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुद्धिढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथ्याङ्कमा आधारित योजना तर्जुमाका साथै कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • कर्णाली प्रदेश अन्तर्गतका आयुर्वेद कार्यालयमा तथ्याङ्क प्रविष्टिकरणमा देखिएका समस्याहरु पहिचान गर्ने ।<br>• विनियोजित बजेटको परिधि भित्र रहि प्रतिवेदन तथा अभिलेख फारम अनुसारको गुणस्तरिय तथ्यांक भर्ने कार्यमा एकरुपता ल्याइ लेखाजोखा गर्ने तथा पृष्ठपोषण प्रदान गर्ने ।<br>• आयुर्वेद स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नका लागि आयुर्वेद स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (AHMIS) लगायतका अन्य आयुर्वेद सँग सम्बन्धित तालिम संञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खाजा,स्टेशनरी, बैठक भत्ता र दैनिक भ्रमण खर्च, आदि । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन,कार्यक्रम सम्पन्न प्रतिवेदन आदि |

### 2. कृयाकलापको नामः आयुर्वेद सम्बन्धी फर्म तथा फर्मेट छपाई

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.५.११७ | खर्च शिर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश भित्रका सवै सरकारी आयुर्वेद स्वास्थ्य संस्थाहरू लाई आवश्यक पर्ने आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरू पुर्याउन यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | आयुर्वेद सम्बन्धी अभिलेख तथा प्रतिवेदन फारामहरूको छपाई गरी उपलब्ध गराउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | दैनिक स्वास्थ्य सूचना अभिलेख र मासिक प्रतिवेदन सहज भएको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरूको छपाई तथा वितरण |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरीद आदेश, दाखिला प्रतिवेदन, हस्तान्तरण फारम |

## 3. कृयाकलापको नामः स्वास्थ्य सेवा निर्देशनालयको बेवसाइट निर्माण/मर्मत (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.१६१ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी नागरिकको सहज रूपमा सूचना पाउने हक सुनिश्चित गर्नका लागि यस निर्देशनालयको वेबसाइट निर्माण र मर्मत सम्बन्धी कृयाकलाप राखिएको हो । |
| उद्देश्य | वेबसाइटको मर्मत संभार गर्नु । |
| अपेक्षित प्रतिफल | तथ्याङ्क एवं सूचना प्रवाहमा टेवा पुगेको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय,सुर्खेत |
| सञ्चालन प्रक्रिया | वेबसाईट निर्माण तथा मर्मतमा निरन्तरता दिइने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | निर्माण र मर्मत प्रचलित ऐन नियमावली अनुसार । |
| सन्दर्भ सामग्री | स्वास्थ्य सूचना प्रणाली, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सूचारु भइरहेको वेबसाइट |

## ४. कृयाकलापको नाम: MDR बिरामीहरूको परीक्षण गर्न आउँदा जाँदाको यातायात खर्च

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२५.३०७ | खर्च शिर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | औषधी प्रतिरोधी क्षयरोग (Drug Resistant Tuberculosis) बिरामीहरूको सहज र सफल निदान एवं परीक्षणका लागि उपचार केन्द्रसम्म आउँदा जाँदाको यातायात खर्च उपलब्ध गराउन यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| उद्देश्य | औषधि प्रतिरोधी क्षयरोग निदान, फलोअपमा सहज हुने र बिरामीलाई उपचारमा पर्ने अत्यधिक खर्चभारमा कमी हुन गई उपचारको नियमितता गरी निको हुने दर बढाउने |
| अपेक्षित प्रतिफल | समयमै डि.आर.टि.बी.का बिरामीहरू पत्ता लाग्ने, समुदायमा संक्रमणमा कमी आउने, साथै बिरामीलाई आर्थिक रुपमा सहयोग भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय मार्फत डि.आर.टि.बी. उपचार केन्द्रहरू |
| सञ्चालन प्रकृया | MDR बिरामीहरूको परीक्षण गर्न आउँदा जाँदाको यातायात खर्च<br>• नेपाल सरकार, राष्ट्रिय वीमा बोर्डले कार्यक्रम लागू भएका जिल्लाहरूमा औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको रू १,००,०००। (एकलाख) बराबरको निःशुल्क वीमा व्यवस्था गरेकोले त्यसको निदान, आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन गर्न बीमा सुविधायुक्त अस्पतालमा प्रेषण गर्ने ।<br>• यदि यातायात खर्च निजले गरेको वीमा रकम भन्दा वढी खर्च भएमा मात्र यस शिर्षकबाट खर्च सिफारिश गर्नुपर्दछ ।<br>• यातायात खर्चको हकमा सम्बन्धित उपचार केन्द्रलाई पेश्की रकम उपलव्ध गराई फर्छ्योट गर्ने वा सोधभर्ना दिने व्यवस्था गरिनेछ।<br>• सुविधा खर्च पाउने व्यक्तिः रोग निदान तथा उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग विरामीहरू।<br>• सुविधा पाउने अवधिः निदानको समय तथा उपचार अवधिभर । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आ.व.२०७९/८० (२०७९ श्रावण देखि २०८० असार मसान्त सम्म) |
| बजेट बाँडफाँट | डि.आर.टिबीका बिरामीहरूको Baseline Investigation को प्रचलित दर रेट लागत र सो का लागि उपचार केन्द्रसम्म आउँदा जाँदा लाग्ने सार्वजनिक यातायातको भाडा बराबरको रकम । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | • डि. आर. टिबी पत्ता लागेका बिरामी संख्या<br>• डि. आर. टिबी उपचारमा आएका बिरामी संख्या<br>• उपचार खर्च प्राप्त गरेका बिरामी संख्या र निजले पेश गरेका बील भर्पाइ कागजातहरु । |

## 5. कृयाकलापको नाम: प्रदेश स्तरीय आकस्मिक प्रसुति सेवा (EOC) समिक्षा तथा योजना तर्जुमा गोष्ठी (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४०८ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश तथा अन्तरगतको प्रसूति सेवा उपलब्ध गराउने अस्पताल तथा स्वास्थ्य संस्थाहरुले उपलब्ध गराएको आकस्मिक प्रसूति सेवावारे समिक्षा गर्नुपर्ने हुन्छ । स्वास्थ्य संस्थाको सुरक्षित प्रसुति सेवा र जटिलता पत्ता लगाउन EOC को समिक्षा गरेर आगामी दिनहरुमा उक्त सेवा अझ प्रभावकारी र गुणस्तरीय रूपमा प्रदान गर्नका लागि थप योजना बनाउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थाहरुले आकस्मिक प्रसूति सेवा प्रदान गरे नगरेको लेखाजोखा गर्ने। |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसूति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्बन्धी जटिलताको व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग तथा स्वास्थ्यकर्मीहरूलाई आकस्मिक प्रसूति सेवाका सूचकहरू बारे छलफल तथा कार्ययोजना बनाउने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | भ्रमण खर्च, यातायात खर्च, स्टेशनरी, प्रतिवेदन लेखन, खाजा खर्च, विविध |
| सन्दर्भ सामग्री | EOC Guideline, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## 6. कृयाकलापको नाम: प्रदेश स्तरको आपूर्ति व्यवस्थापन र खोप कार्यक्रम सल्लाहकार समितिको त्रैमासिक वैठक

| | |
|---|---|
| कृयाकलाप संकेतनं.: 2.7.22.4७९ | खर्च शिर्षक: 22522 |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरको आपुर्ति व्यवस्थापनको त्रैमासिक बैठक संचालन गरी आपूर्ति व्यवस्थापनमा रहेका कमी कमजोरी पहिचान गरी समस्याको समाधान गर्न, |

| | |
|---|---|
| | पृष्ठपोषण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनमा रहेका समस्याको समाधान गरी व्यवस्थापनमा सुधार ल्याउने |
| अपेक्षितप्रतिफल | आपूर्ति व्यवस्थापनमा सुधार हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालनप्रकृया | सबै सम्बन्धित सरोकारवाला संस्थाहरूसँग समन्वय गरी प्रचलित नियम अनुसार गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालबाट रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। बैठक भत्ता ,खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु,उपस्थिति |

## 7. कृयाकलापको नामः पाठेघरको मुखको क्यान्सर जांचको लागि VIA Set, Silicon Ring Pessary खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.५१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रजनन् उमेरका महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्ये पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्या मुख्य हो । पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको पहिचान गरी समयमा नै व्यवस्थापन गर्नको लागि VIA Set र आङ खस्ने समस्या जटिल हुन बाट बचाउन Silicon ring pessary खरिदका लागि यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै व्यवस्थापन गर्ने |
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै आदि निकायमा सेवा प्रदानको लागि प्रेषण गरिने |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | यस शिर्षकमा प्राप्त रकमबाट पाठेघरको मुखको क्यान्सर र आङ खस्ने समस्या सम्बन्धी जाँच गर्नको लागि आवश्यक औषधि, उपकरण तथा Silicon ring pessary प्रचलित नियमानुसार प्रक्रिया पुर्‍याइ खरिद तथा वितरण गर्न सकिने छ । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कार्यक्रम स्वीकृत गराई संचालन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद आदेश, विल भरपाई, सामग्री दाखिला प्रतिवेदन । |

## ८. कृयाकलापको नाम: नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामग्री खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने |
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • नि:शुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने<br>• स्वीकृत खरिद योजना बमोजिम गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर प्रचलित ऐन/नियमावली अनुसार खरिद गरी स्टोरहरुमा राख्ने ।<br>• माग र आवश्यकता भएको अवस्थामा औषधि, औषधिजन्य सामग्री तथा सर्जिकल सामग्रीको व्यवस्थापन गर्न सकिने छ<br>• खरिद गरिएको औषधि माग गरेको स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने<br>स्वीकृतबजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बजेट बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा,खरीद आदेश तथा दाखिला प्रतिवेदन । |

## ९. कृयाकलापको नाम: बिपन्न नागरिक स्वास्थ्य सहयोग कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४३८ | खर्च शिर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले तोकेको ८ वटा घातक रोगहरू (क्यान्सर, मृगौला रोग, मुटु रोग, अल्जाइमर, पार्किन्सन्स, हेड इन्ज्यूरी, स्पाइनर इन्ज्यूरी, सिक्कलसेल एनिमिया) बाट ग्रसित बिपन्न बिरामीहरूलाई उपचारमा सहज पहुच पुष्याउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | तोकिएका ८ वटा कडा रोगहरूबाट ग्रसित बिपन्न बिरामीहरूलाई उपचारमा सहज पहुच पुर्याउने। |
| अपेक्षित प्रतिफल | बिपन्न बिरामीहरूलाई उपचारमा सहज पहुंच भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | • क्यान्सर, मृगौला रोग, मुटु रोग, अल्जाइमर, पार्किन्सन्स, हेड इन्ज्यूरी, स्पाइनर इन्ज्यूरी, सिक्कलसेल एनिमियाका बिरामी वा निजको नाता प्रमाणित आफन्तले हरेक स्थानीय तहको बिपन्न औषधि उपचार समितिको निर्णय सहितको सिफारिस, नागरिकता/जन्मदर्ता, अस्पतालको रोग निदान तथा उपचारको प्रमाणित कागजात सहित निवेदन पेश गर्नुपर्ने छ।<br>• रितपुर्वक आएका निवेदकहरूलाई निजको वा अस्पतालमा रहेका बिरामीको हकमा निजको नाता प्रमाणित ब्यक्तिको हकमा तोकिएको कार्यबिधि अनुसार यातायात खर्च उपलब्ध गराउने ।<br>• क्यान्सरका बिरामीका हकमा यातायात खर्च स्वास्थ्य कार्यालयले नै ब्यवस्था गर्ने।<br>• सोको चौमासिक बिवरण सामाजिक विकास मन्त्रालयमा पठाउने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | नियमित |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही तोकिए बमोजिम यातायात खर्च रकम उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | स्वीकृत कार्यबिधि, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | भर्पाइ, बैंक दाखिला भौचर, आदि बिरामीको कागजात । |

## 10. कृयाकलापको नाम: HMIS अनलाइन रेकर्डिङ तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४५६ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool हरुको बैकल्पिक व्यवस्थाका लागि अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना प्रणालिलाई थप सुदृढ गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई अनलाइन प्रणालिमा अभिलेख गरी मासिक रूपमा अनलाइनबाट नै प्रतिवेदन तयार गर्ने । |
| अपेक्षित प्रतिफल | विद्युतीय स्वास्थ्य सूचना प्रणालि मार्फत अभिलेख तथा प्रतिवेदन नियमित |

| | |
|---|---|
| | हुने । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | स्वास्थ्य सेवा निर्देशनालय । |
| सञ्चालन प्रक्रिया | १. यस कार्यक्रममा रहेको बजेटबाट प्रदेश अन्तरगतका केही संस्थाहरूमा विद्युतिय स्वास्थ्य सूचना अभिलेख प्रणालीको पाइलट रूपमा सुरूवात गर्नका लागि स्वास्थ्य संस्थाहरू छनौट गर्ने ।<br>२. आवश्यकतानुसारका सामग्री खरिद गरि संस्थाहरूमा वितरण गर्ने ।<br>३. IT विज्ञ तथा संस्था संग समन्वय गरी विद्युतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि सफ्टवेयर खरिद गर्ने ।<br>४. स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्य कर्मिहरूलाई EHIRS सम्बन्धी तालिम व्यवस्था गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँड | आर्थिक नियमको परिधि भित्र रही अवश्यकता अनुसार बजेट खर्च गरिने छ । |
| सन्दर्भ सामाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | छनोट भएका स्वास्थ्य संस्थाहरूमा विद्युतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली प्रयोग भइरहेको हुनेछ । |

## 11. कृयाकलापको नामः स्वास्थ्य शिक्षा तथा सूचनामूलक सामग्री छपाई तथा प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.३९३ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायमा स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी मार्फत ज्ञान अभिवृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न, स्वास्थ्य सम्बन्धी सूचना तथा विज्ञापनहरु विभिन्न पत्रपत्रिकाहरु र श्रव्य/दृष्य माध्यमबाट दिन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • बानी व्यवहारलाई ध्यानमा राखी बिभिन्न स्थानिय भाषा मार्फत स्थानिय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानिय सञ्चार माध्यमहरुबाट आमसमुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तन गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने |
| अपेक्षित प्रतिफल | • सरकारद्वारा उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने<br>• स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ<br>• स्वास्थ्य सम्बन्धी सन्देशमूलक सामग्रीहरु आम नागरिक सम्म पुग्ने |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | • सूचना प्रसारणका माध्यमहरु एफ.एम. प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, सांस्कृतिकप्रयोजन, Documentary सडक नाटक,उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट, टिसर्ट, ज्याकेट, क्याप, आदि विभिन्न जानकारी मूलक सामग्री आवश्यकता अनुसार उत्पादन/प्रकाशन/छपाई गरी वितरण गरिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | • कार्यालय प्रमुखबाट कृयाकलाप, बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन/प्रकाशन/छपाई गरी खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## 12. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी कृयाकलापहरुको एकीकृत कार्यस्थल अनुशिक्षण, सुपरिवेक्षण,अनुगमन,मुल्याङ्कन

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.५.३२ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरिएका स्वास्थ्य सम्बन्धी कृयाकलापहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, सुपरिवेक्षणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | नियमित आवधिक अनुशिक्षण,अनुगमन, सुपरिवेक्षण गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा अपेक्षित सुधार हुने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | अनुगमन कार्ययोजना निर्माण गरी स्वीकृत गराइ, कार्यक्रमहरु (खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, कीटजन्य, औलो, कालाजार, तथ्याकं, जनसङ्ख्या, आयुर्वेद, क्षयरोग, एच.आई.भी., कुष्ठरोग, मानसिक स्वास्थ्य, नसर्ने रोग, श्वासप्रश्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला) आदि समेतको अनुगमन |

| | |
|---|---|
| | सुपरिवेक्षण मुल्यांकन गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने ।<br>अनुगमन पश्चात सोको समिक्षा गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन प्रतिवेदन आदि |

## 13. कृयाकलापको नाम : कम्युटर/प्रिन्टर/फोटोकपी मेशिन लगायतका सामग्रीहरु मर्मत

| | |
|---|---|
| कृयाकलाप संकेतः२.३.२.५ | खर्च शिर्षकः २२२२१ |

| | |
|---|---|
| परिचय | कार्यालयबाट चुस्त र दुरुस्त रुपमा सेवा प्रवाहका लागि कम्युटर, प्रिन्टर, फोटोकपी मेशिन लगायतका उपकरणको मर्मत तथा सम्भारका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यालय संचालनमा आवश्यक उपकरणहरु सुचारु रुपले चलेको सुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | प्रचलित खरिद ऐन र नियम(संशोधन सहित)बाट मर्मत गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक |
| बजेट बाँडफाँट | कार्ययोजना स्वीकृत गराई लागत अनुमान गरी सामग्रीहरुको मर्मत सम्भार गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यालयका कम्युटर, प्रिन्टर, फोटोकपी मेशिन सूचारु रुपले संचालन भएको |

## 14. कृयाकलापको नामः प्रदेश आकस्मिक स्वास्थ्य (PHEOC) सञ्चालन खर्च

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.८८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आकस्मिक केन्द्रको प्रशासनिक एवं सामान्य संचालन खर्चको लागि यो कृयाकलापमा बजेट व्यवस्था गरिएको हो । |
| उद्देश्य | प्रदेश आकस्मिक केन्द्रको नियमित कार्य सुचारु राख्नु । |
| अपेक्षित प्रतिफल | केन्द्रको नियमित संचालन, स्वास्थ्य आपतकालिन अवस्थामा, सूचना व्यवथापन र प्रतिकार्यमा सहयोग पुग्ने । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | PHEOC संचालन व्यवस्थापनका लागि यो रकम खर्च हुनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार बजेट बाँडफाँट गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यालय नियमित संचालन भएको |

## 15. कृयाकलापको नामः औषधि ढुवानी तथा अन्य भाडा

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१०१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु Supply Chain Management, Cold Chain Maintain गरी सुरक्षित रुपमा गन्तव्यसम्म ढुवानी गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थाहरु सम्म ढुवानी गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधी जन्य सामग्रीहरुको नियमित आपूर्ती भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | निर्देशनालयबाट जिल्लाको स्टोरसम्म आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरु खोप, खोपजन्य सामग्री साथै अन्य स्वास्थ्य सामग्री ढुवानि गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | ढुवानी, दै.भ्र.भ. आदिका लागि खर्च विनियोजन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | समय समयमा औषधि औषधिजन्य सामग्रीहरु खोप खोपजन्य सामग्रीहरु पुगेको ह.फा., दाखीला प्रतिवेदन |

## 16. कृयाकलापको नाम: प्रदेश स्तरका कार्यालयहरूको बार्षिक प्रतिवेदन तयारी र छपाइ

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२२.८४ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा निर्देशनालयको गत आ.व. मा सञ्चालित कृयाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | वार्षिक प्रतिवेदन तयारी र छपाइ गर्ने |
| अपेक्षित प्रतिफल | आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्यांकको प्रयोग भै स्वास्थ्य |

| | |
|---|---|
| | सेवामा सुधार आउने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालनप्रकृया | तयारी बैठक, कार्य बाँडफाँड, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत छपाइ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | बैठक, पारिश्रमिक, छपाइ र वितरण आदि खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन तयार |

## 17. कृयाकलापको नामः स्वास्थ्यकर्मीहरूका लागि संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी क्षमता अभिवृद्धि तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्यकर्मीहरूलाई हुनसक्ने संक्रमण जोखिमलाई कम गरी नियमित स्वास्थ्य सेवा सुचारू गर्न स्वास्थ्यकर्मीहरूको संक्रमण रोकथाम सम्बन्धी क्षमता अभिवृद्धि गर्नु आवश्यक रहेकोले यस तालिम कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्यमा कार्यरत कर्मचारीहरूलाई संक्रमण रोकथाम सम्बन्धी क्षमता अभिवृदि तालिम दिनु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यमा कार्यरत कर्मचारीहरूलाई संक्रमण रोकथाम तालिम लिइ आ-आफ्नो स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा नियमित भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | संक्रमण रोकथाम निर्देशिका अनुसार बिभिन्न जिल्ला तथा पालीकाका स्वास्थ्यमा कार्यरत कर्मचारीहरूलाई तालिम आयोजना गरी सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही माग तथा आवश्यकता अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | संक्रमण रोकथाम निर्देशिका तथा Power point, निर्देशिका अनुसारका तालिम सामग्रीहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यकर्म सम्पन्नको प्रतिवेदन |

## 18. कृयाकलापको नाम:महामारी व्यवस्थापनको लागि बफर स्टक सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भौगालिक बिबिधता तथा मौसम परिवर्तन भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भाबित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा ब्यबस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको बिपद् प्रतिकार्य योजना र स्वास्थ्य तथा पोषण ईकाईको प्रतिकार्य योजना अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय । |
| सचालन प्रकृया | बफर स्टकका लागि आवश्यक सामग्रीहरुको सूचि तयार गरी स्वीकृत गराई सो को आधारमा बजेटको आकार हेरी नियमानुसार खर्च गर्नुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट औषधी तथा अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय ,दाखिला प्रतिवेदन तथा हस्तानतरण प्रतिवेदन |

## 19. कृयाकलापको नाम: स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरु

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३०६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महत्वपूर्ण दिवसहरु मार्फत जनचेतना स्थानीय स्तर सम्ममा फैलाई स्वास्थ्य सम्बन्धी सकारात्मक सोचको विकास गरी स्वस्थ जीवनशैलीलाई बढावा दिन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य शिक्षाको महत्व जनस्तर सम्म पुर्याई जनचेतना स्थानीय स्तरसम्म पुर्याउने । |
| अपेक्षित प्रतिफल | व्यवहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • दिवस मनाउनु पुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना वनाउनुपर्नेछ<br>• स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरू (स्तनपान सप्ताह, आयुर्वेद दिवस, आयोडिन महिना स्वास्थ्य दिवस, क्षयरोग दिवस, नर्सिङ्ग दिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्ठरोग दिवस, औलो दिवस, जनसंख्या दिवस, एड्स दिवस आदि) सचेतनामूलक कृयाकलापहरु संचालन गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | दिवस संचालनका लागि स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार |

| | |
|---|---|
| | बाँडफाँट गरी खर्च गर्न सकिनेछ |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग आदि पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दस्तावेजहरू, सहभागीको विवरण, बैठकका निर्णयहरू ,कार्यक्रम सम्पन्न प्रतिवेदन |

## 20. कृयाकलापको नामः मुगु, हुम्ला, कालिकोट, दैलेख र जाजरकोट अस्पतालमा KMC सेवा सुदृढीकरणको लागि सहयोग (मातृ तथा नवशिशु स्वास्थ्य )

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा कम तौल भई जन्मिने नवशिशुको सन्ख्या उच्च र अन्य प्रदेशको तुलनामा मधेस प्रदेश, लुम्बिनी र कर्णालिमा कम तौल जन्मिनेको सन्ख्या बढी नै छ । यसरी कम जन्म तौल भएका बच्चाहरुको जन्ममा अत्याधिक बाल मृत्युदर भएको पाइन्छ । समय अगावै र कम जन्म तौल बाट हुने शिशुको मृत्य दर लाई घटउन को लागि अस्पतालहरुमा के.एम.सी. सेवाको सुरुवात गर्नका लागि यो क्रियाकलाप राखिएको छ। |
| उद्देश्य | कम जन्म तौल बाट हुने शिशुको मृत्य दर लाई घटाउने |
| अपेक्षित प्रतिफल | मुगु, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट अस्पतालहरुमा के.एम.सी. सेवाको बिस्तार र सुदृढिकरण भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | के एम सी को लागी आवश्यक उपकरण युनिसेफले उपलब्ध गराउने छ र समबन्धित अस्पतालमा सो को लाागी तोकिएको कर्नर वा कोठा मर्मत सम्भारको लागी प्रदेश स्वास्थ्य सेवा निर्देशनालयबाट मार्फत रकम बिनियोजन हुनेछ । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँट | प्रदेश स्वास्थ्य सेवा निर्देशनालयबाट बजेट तथा कार्यक्रम बनाई सामाजिक बिकास मन्त्रायलय मार्फत युनिसेफ नेपालमा माग गर्नुपर्नेछ । यसरी बजेट बाँडफाँट गर्नको लागि प्रचलित नियम तथा मापदण्डहरु लाई आधार मान्नु पर्नेछ |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | के.एम.सी सेवा सुरुवात तथा सेवाको अभिलेख, मासिक प्रतिवेदन |

## 21. कृयाकलापको नाम: प्रदेश तहमा Kangarro Mother Care (KMC) सम्बन्धी तालिम तथा अभिमुखीकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अवधि नपुगी जन्मेका, कमतौल भएका र शिताङ्ग भएर मृत्यु हुने नवजात शिशुलाई बचाउने उद्देश्यले तयार भएको मायाको अंगालो (Kangaroo Mother Care) निर्देशिका बमोजिम प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रम गरिने छ। । |
| उद्देश्य | प्रदेशमा अबस्थित प्रादेशिक, जिल्लातहका अस्पतालमा काम गर्ने स्वास्थ्यकर्मीको मायाको अंगालो सम्बन्धी ज्ञान सिप धारणामा अभिबृर्दि गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेशमा अवस्थित संघिय, प्रादेशिक, जिल्ला र तथा स्थानिय तहका अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीको मायाको अंगालो (Kangaroo Mother Care) सम्बन्धि ज्ञान, सिप र धारणामा अभिवृद्धि भइ अवधि नपुगी जन्मेका र शिताङ्ग भएर मृत्यु हुने नवजात शिशुको मृत्युदरमा कमि भएको हुनेछ। |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | **लक्षित समूहः**<br>प्रदेशमा अवस्थित तोकिएका संघिय, प्रादेशिक, जिल्ला तथा स्थानिय तहका अस्पतालमा काम गर्ने स्वास्थ्यकर्मीहरु (चिकित्सक नर्सहरू तथा स्वास्थ्यकर्मीहरू)<br>**तालिम अवधि: २ दिन**<br>**सञ्चालनविधिः**<br>• प्रदेशमा अवस्थित तोकिएका अस्पतालका SNCU/NICU र प्रसुति स्याहार (Postnatal Ward/ labour Room) मा कार्यरत सेवा प्रदायकहरूलाई विनियोजित बजेटको परिधि भित्र रहेर सहभागी गराउनु पर्ने छ। वजेटको परिधि भित्र रहि एक वा बढी ब्याच तालिम / अभिमुखीकरण संचालन गर्न सकिनेछ।<br>• यो कार्यक्रम संचालनका लागि KMC को प्रशिक्षक प्रशिक्षण तालिम लिएका स्वास्थ्यकर्मीहरूलाई सहजकर्ताको रूपमा परिचालन गर्नु पर्नेछ।<br>• IMNCI तथा नवजात शिशु सम्बन्धि काम गर्ने सहयोगी संस्थाहरुलाई पनि कार्यक्रममा सहजकर्ता तथा सहभागी गराउन सकिनेछ ।<br>• सो कार्यक्रम संचालनका लागि परिवार कल्याण महाशाखाले निर्देशिका, power point प्रस्तुतीकरण र तालिम संचालन तालिका उपलब्ध गराउने छ। |

| | |
|---|---|
| संचालन गर्ने अवधि र अनुमानित मिति | बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँट | प्रदेश स्वास्थ्य सेवा निर्देशनालय बाट बजेट तथा कार्यक्रम बनाई युनिसेफ नेपालमा माग गर्नुपर्नेछ । यसरी बजेट बाँडफाँट गर्नको लागि प्रचलित नियम तथा मापदण्डहरु लाई आधार मानि तालिम तथा अभिमुखीकरण कार्यक्रम संञ्चालन गर्ने गर्नुपर्दछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,बिल भर्पाई |

## 22. कृयाकलापको नाम: भ्याक्सिन स्टोर र सव-स्टोरका फोकल पर्सनहरुलाई Revised EVM / SOP अध्यावधिक र क्षमता अभिवृद्धि

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: 2.7.22.४७५ | खर्च शिर्षक: 22522 |

| | |
|---|---|
| परिचय | खोपको गुणस्तरीयताको लागि कोल्डचेन र यसको भण्डारण विधि उचित हुनुपर्छ।यसको लागि भ्याक्सिन स्टोर र सव-स्टोरका फोकल पर्सनहरुको अभिमुखिकरण गरी क्षमता विकास गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | भ्याक्सिन स्टोर र सव-स्टोरका फोकल पर्सनहरुको EVM/ SOP मा क्षमता अभिवृद्धि गर्नु |
| अपेक्षित प्रतिफल | भ्याक्सिन स्टोर र सव-स्टोरका फोकल पर्सनहरुको EVM/ SOP मा क्षमता अभिवृद्धि भइ सबै भ्याक्सिन स्टोर र सव-स्टोरको व्यस्थापन सुदृढ हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालयमार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ<br>दैनिक भ्रमण भत्ता ,खाजा, स्टेशनरी, हल भाडा , अन्य प्रचलित |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति |

## 23. कृयाकलापको नाम: प्रदेश स्तरमा नवशिशु स्वास्थ्य योजना तथा समिक्षा गोष्ठी

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.४६८ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा नवशिशु मृत्युदर उच्च छ । शिशु जन्मेपछि उसको स्याहार मापर्याप्त ध्यान नपुग्दा कतिपय शिशुहरु जन्मेको १ घण्टा भित्रै मृत्यु हुने गरेको पाइन्छ । निसास्सिएर जन्मिएका शिशुहरुको समयमानै व्यवस्थापन नहुनु, औषधि तथा अन्य उपकरणको अभाव, समुदाय तथा स्वास्थ्यचौकी स्तरमा उपयुक्त प्रेषण प्रणाली नहुनु, योजना आदिको अभाव गुणस्तरयुत्त नवशिशु स्वास्थ्य उपचार तथा व्यवस्थापन क्षेत्रका चुनौतीहरुलाई समाधानका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रदेशभरी नवजात शिशु स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरुको समिक्षा गर्ने र आएका प्रतिफल विश्लेषण गरि आगामी दिनको लागि योजना वनाउने |
| अपेक्षित प्रतिफल | यस कार्यक्रम मार्फत विरामी वच्चाको उपचार, समयमा नै गरिने प्रेषण, जन्मिने वितिकै गरिने स्याहार, निःशुल्क नवशिशु उपचार, नवशिशुमा सम्भावित व्याक्टेरियाको गम्भिर संक्रमणको उपचार व्यवस्थापन तथा भएगरेका कार्य प्रगतिको जानकारी हुने र आगामी दिनको लागि मार्ग प्रशस्त भई कार्य योजना निर्माण हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | स्वास्थ्य सेवा निर्देशनालयबाट विस्तृत कार्यक्रम बनाई सामाजिक बिकास मन्त्रालयबाट स्वीकृत गराई युनिसेफ नेपालसंग रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ |
| संचालन गर्ने अवधि र अनुमानित मिति | आर्थिक वर्ष भित्र तथा बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँट | प्रचलित नियम तथा मापदण्डको अधिनमा रही बजेट बाँडफाँट तथा परिचालन गर्ने। दै. भ्र. भत्ता ,खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, अन्य प्रचलित सुचांकहरु |

## 24. कृयाकलापः मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य ( MPDSR ) कार्यक्रमको समिक्षा गोष्ठि

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.४६६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | मातृ तथा पेरिनेटल मृत्यु कार्यक्रमको पहिचान गर्ने सुचितिकरण तथा मृत्युको तथ्याकंको समीक्षा गर्ने र समीक्षाबाट प्राप्त भएक सुझावहरु बमोजिम आगामी दिनमा मातृ तथा पेरिनेटल मृत्यु तथ्याकंको गुणस्तर बढाउनका लागि निरन्तर रुपमा सर्भिलेन्स र प्रतिकार्य आवश्यक रहेको हुँदा यो कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | MPDSR संचालनको अनुभव सिकाई तथा कार्यक्रम संचालनमा आइपरेका समस्या एक आपसमा छलफल गरी आइपरेका समस्या समाधानका उपायहरुको पहिचान भइ प्रभावकारी रुपले निरन्तरता हुने । |
| अपेक्षित प्रतिफल | अस्पताल तथा समुदाय तहमा हुने सबै मातृ तथा पेरिनेटल मृत्युको पहिचान, सुचितिकरण तथा समीक्षा भै आगामी दिनमा त्यस्तै प्रकृतिको अरु मृत्यु हुननदिन गुणस्तर सुधारका कार्य संचालन गरि मातृ तथा पेरिनेटल मृत्यु कम भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | MPDSR कार्यक्रम संचालन गरिरहेका अस्पतालहरुबाट Obstetrician, Pediatrician, Nursing-In charge (Labour ward/ Pediatric ward), Medical Recorder) गरि प्रत्येक अस्पतालबाट ३ जना तथा जिल्लाका प्रमुख, MPDSR फोकल पर्सन तथा तथ्याकं सहायक/अधिकृतको सहभागी गराई २ दिनको समीक्षा संचालन गर्नु पर्दछ।<br><br>समीक्षा संचालनको लागि प्रशिक्षकको रुपमा आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा, प्रदेश अस्पतालका Obs./Gynae. / Pediatrician तथा केन्द्रबाट (परिवार कल्याण महाशाखाबाट) प्रशिक्षक बोलाउन सकिनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँड | दैनिक भ्रमण भत्ता , खाजा, स्टेशनरी, हल भाडा, अन्य खर्च |
| सन्दर्भ सामाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,मात्तृ मृत्यु पेरिनेटल मृत्युको तथ्याकं अपडेट, HMIS, MPDSR online entry |

## 25. कृयाकलापको नाम: महामारी तथा संक्रामक रोगहरुको रोकथाम नियन्त्रण व्यवस्थापन तथा सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१६१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गतका जिल्ला तथा स्थानहरुमा हुन सक्ने महामारी वारेमा सचेतना जगाई सुरक्षित रहन अभिप्रेरित गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | महामारी तथा प्रकोपको जोखिम उच्च भएका स्थानहरुमा सो सम्वन्धी सचेतना जगाउने। |
| अपेक्षित प्रतिफल | आवश्यक पुर्व तयारी तथा जोखिम न्युनिकरणका उपायहरु पहिचान तथा गरी अवल्मवन भएको हुनेछ । महामारी नियन्त्रणका लागि जोखिम स्थानहरुको नक्साङ्कन हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | पहिचान गरिएका तथा जोखिम उच्च रहेका स्थानहरुमा प्रदेश स्वास्थ्य सेवा निर्देशनालयवाट तोकिए वमोजिम कार्यक्रम संचालनको निर्देशिकाको परिधिमा रही कार्य गर्ने र सो को प्रतिवेदन निर्देशनालयमा कार्यक्रम सकिएको ३ दिन भित्र गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँट | प्रचलित मापदण्डमा आधारित भएर स्वास्थ्य सेवा निर्देशनालयको श्रोत व्यक्ति ले आवश्यकताको आधारमा गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## 26. कृयाकलापको नाम: Presumptive क्षयरोग विरामीको सक्रिय खोजपडताल (Microscopic Camp)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.११६ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ । सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सक्रिय खोजपड्ताल विधिबाट क्षयरोग बिरामी समयमै पत्ता लगाई उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा बिभिन्न कारणबाट पहिचान हुन छुटेका क्षयरोग विरामीहरू पत्ता लागेका हुनेछन । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | रोगको प्रकोप दर बढी भएका वा सभावित क्षयरोग विरामी हुने स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, चिकित्सक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु सहित आवश्यक जनशक्ति परिचालन गरी क्षयरोग बिरामीको खोजपड्ताल गर्ने । |
| बजेट बाँडफाँट | नियमानुसारको दै.भ्र.भ. र शिवीर तयारी र परिचालन हुने कर्मचारी तथा स्वयमं सेवकहरुलाई यातातायात खर्च, भत्ता, खाजा आदिमा बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको साविकको निर्देशिकाका साथै कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमनका सूचक | सक्रिय खोजपड्ताल विधिबाट खोजी गरिएका सभांवित क्षयरोगका बिरामी तथा क्षयरोग पत्ता लागेकाको विवरण |

## 27. कृयाकलापको नामः पिछडिएको समुदायमा कुष्ठरोग सक्रीय विधिवाट खोजपड्ताल कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.२२.४०४ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | पिछडिएको क्षेत्रमा पहिचान हुन छुटेका सम्भावित कुष्ठरोगका विरामीहरुको सक्रीय विधिवाट खोजपड्ताल गरी रोगको संक्रमण दरमा कमी ल्याउनका साथै अपाङ्गता हुनबाट बचानका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | सक्रीय विधि वाट कुष्ठरोगी पत्ता लगाइ उपचारको दायरामा ल्याउने |
| अपेक्षित प्रतिफल | समुदायमा पहिचान हुनबाट छुटेका विरामीहरु समयमै पत्ता लागी उपचार भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | • जन/ स्वास्थ्य कार्यालय तथा स्थानीय तहसंग समन्वय गरी कुष्ठरोग आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी स्क्रिनिङ क्याम्प संचालन गर्ने।<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गर्ने ।<br>• साथै कर्णाली प्रदेशमा कुष्ठरोग कार्यक्रम क्षेत्रमा कार्यरत सहयोगी संस्थासंगको समन्वयमा कुष्ठरोग खोज पड्ताल कार्यक्रम संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट वाँडफाँड | नियमानुसारको दै.भ्र.भ. र शिवीर तयारी र परिचालन हुने कर्मचारी तथा स्वयंसेविकाहरुलाइ यातायात खर्च, भत्ता, खाजा आदीमा बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | कुष्ठरोग नियन्त्रण कार्यक्रमको साविकको निर्देशिकाका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनसूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति |

## 28. कृयाकलापको नाम: नियमित खोप कार्यक्रमको साथै कोभिड खोप, कोल्डचेन समिक्षा तथा पूर्ण खोप घोषणा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२२.४७३ | खर्च शिर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | सबै तह स्वास्थ्यसंस्था, पालिका, जिल्ला स्वास्थ्य सेवा कार्यालय र प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले हरेक वर्ष नियमित खोपको सुक्ष्म योजना तयार गर्नुपर्छ । नियमित खोप तथा कोभिड खोप र सरसफाई प्रर्वद्धनको समिक्षा गरी पृष्ठपोषण गर्नुपर्छ । सो कार्यान्वयनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | सबै तहहरुले आ-आफ्नो निकायको नियमित खोप तथा कोभिड खोपको सुक्ष्म योजना तयार गर्ने । कार्यक्रममा रहेका कमीकमजोरीको पहिचान गरी समाधानगर्ने । |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु सुक्ष्म योजना तयारी कार्यशाला र वार्षिक समिक्षा प्रदेश स्तरमा संचालित भएको हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालनगर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।दैनिक भ्रमण भत्ता,खाजा, स्टेशनरी, हल भाडा,अन्य प्रचलित नियमानुसार गरिनेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सुक्ष्मयोजना, कार्यक्रम संचालनको विल भरपाई, अन्य कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## 29. कृयाकलापकको नामः CCEOP साइटका भ्यासिन ह्यान्डलरहरुलाई/ कोल्डचेन फोकल पर्सनहरुलाई कोल्डचेन संचालनको लागि अभिमुखिकरण

| | |
|---|---|
| कृयाकलापसंकेतनं. 2.7.22.4७४ | खर्चशिर्षक 22522 |

| | |
|---|---|
| परिचय | खोपको गुणस्तरताको कोल्डचेनको व्यवस्था उचित हुनुपर्छ ।यसको लागि |

| | |
|---|---|
| | CCEOP साइटका कोल्ड चेन फोकल पर्सनको अभिमुखिकरण गरी क्षमता विकास गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सबै CCEOP साईटका कोल्डचेन तथा फोकल पर्सनहरुको कोल्डचेन व्यवस्थापन र भ्याक्सिन हयान्डलिगमा क्षमता अभिवृद्धि गर्नु |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु अपनाउदै प्रदेश स्तरमा कार्यक्रम संचालन भएको हुनेछ । त्यसैगरी सबै CCEOP साइटमा कोल्डचेन व्यस्थापन सुदृढ हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालयमार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम मागगरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दैनिक भ्रमण भत्ता,खाजा, स्टेशनरी, हल भाडा अन्य प्रचलित |
| सन्दर्भ सामग्री | प्रचलित कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति |

## 30. कृयाकलापको नाम: पेरियोडिक कोल्डचेन सामग्री मर्मत सम्भार तथा सूचना सामग्री छपाइ र वितरण

| | |
|---|---|
| कृयाकलाप संकेत नं. 2.7.22.4७६ | खर्चशिर्षक 22522 |

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो र खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै जिल्लाले पूर्ण खोप दिगोपना सुनिश्चित गर्नु सम्बन्धित सबै निकायको दायित्व हो।यसको लागि सेवामा थप प्रचार प्रसार तथा  पँहुच नपुगेका जिल्ला तथा शहरी क्षेत्रहरुमा नियमित खोप कार्यक्रम सन्चालनका लागि पेरियोडिक कोल्डचेन सामग्री मर्मत सम्भार तथा सूचना सामग्री छपाइ र वितरण कार्य गर्न आवश्यक छ । |
| उद्देश्य | स्टोर तथा सब-स्टोरमा रहेका कोल्डचेन सामग्रीहरुको नियमित सामग्रीहरुको नियमित सम्भार गर्ने |

| | |
|---|---|
| | खोप सम्बन्धी अद्यावधिक सूचना सामग्रीहरुको छपाई गरी वितरण समेत गर्ने |
| अपेक्षित प्रतिफल | खोप तथा कोल्डचेन सामग्रीहरुको गुणस्तरिय भण्डारण तथा वितरण हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही कार्यक्रम संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कोल्डचेन सामग्रीहरुको मर्मत सम्भार तथा खोपसंग सम्बन्धित शैक्षिक सामग्रीको उत्पादन गरी कार्यक्रम संचालन गर्नुपर्नेछ |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | अनुगमन चेकलिष्ट, भ्रमण आदेश, कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु |

## 31. कृयाकलापको नाम: नियमित खोप कार्यक्रम, आपूर्ति व्यवस्थापन र पूर्ण खोप दिगोपना सुदृढिकरणको संयुक्त अनुगमन

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: 2.7.22.4७७ | खर्च शिर्षक 22522 |

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो र खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै जिल्लाले पूर्णखोप दिगोपना सुनिश्चित गर्नु सम्बन्धित सबै निकायको दायित्व हो । यसको लागि पँहुच नपुगेका जिल्ला तथा शहरी क्षेत्रहरुमा संयुक्त अनुगमन गरी पृष्ठपोषण गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | नियमित खोप तथा पूर्ण खोप कार्यक्रमको दिगोपनाका लागि अनुगमन गर्ने |
| अपेक्षित प्रतिफल | पूर्णखोप घोषणा भैसकेका र हुन बाँकी जिल्ला तथा स्थानीयतहमा पूर्ण खोपको दिगोपना भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | पूर्ण खोप भैसकेका र हुन बाँकी जिल्ला तथा स्थानीय तहको अनुगमन योजना तयार गर्ने<br>स्टोर तथा सब-स्टोरमा कोल्डचेन सामग्रीको अवस्थाको बारेमा पूर्व जानकारी लिने |

| | |
|---|---|
| | अनुगमनका लागि सामाजिक विकास मन्त्रालय मार्फत कार्ययोजना स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिन मा रही संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनसूचक | अनुगमन चेकलिष्ट, भ्रमण आदेश, कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु |

## 32. कृयाकलापको नाम: खोप कार्यक्रममा DQSA/ RDQA कार्यक्रम संचालन (शहरी क्षेत्र तथा खोप कभरेज कम भएको जिल्लाहरु)

| | |
|---|---|
| कृयाकलाप संकेतनं.: 2.7.22.4७८ | खर्चशिर्षक 22522 |

| | |
|---|---|
| परिचय | खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुधारको लागि सो कार्यक्रमको तथ्याङ्को लेखाजोखा गरी त्रुटिको पहिचान गर्नुपर्छ । त्रुटीको समयमै समाधान गर्नुपर्छ। समाधानको लागि पृष्ठपोषणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | तथ्याङ्कको गुणस्तर तथा तथ्याङ्क व्यवस्थापनका विभिन्न आयामहरुको मूल्याकन गरी देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुधार हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सम्बन्धित स्वास्थ्य संस्थालाई DQSA/ RDQA बारे जानकारी गराउने।धेरै राम्रो अथवा कमजोर सूचकहरु मध्ये कम्तिमा ४ वटा सूचक तय गरी सो सूचकहरुको अभिलेख र प्रतिवेदनहरु केलाउने र RDQA को निर्देशिका अनुसार RDQA फारम भर्ने । अन्त्यमा पृष्ठपोषण गर्ने र कार्ययोजना बनाउने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दै. भ्र. भत्ता, खाजा, स्टेशनरी अन्य प्रचलित कानून अनुसार । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | RDQA/ DQSA को निर्देशिका, RDQA फारम, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | RDQA गरेको प्रतिवेदन, अन्य कागजातहरु |

## 33. कृयाकलापको नाम: नियमित खोप सुदृढिकरणको लागि व्यवहार परिवर्तन तथा संचार

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: 2.7.22.4८० | खर्च शिर्षक: 22522 |

| | |
|---|---|
| परिचय | नियमित खोप सुदृढिकरणका लागि व्यवहार परिवर्तन सम्बन्धी संचार कार्यक्रम संचालन गरी समुदायस्तरमा खोप कार्यक्रमको जनचेतना साथै खोप कार्यक्रमको पँहुच र उपयोगिता बढाउनु पर्छ । यसको लागि स्थानीय संचार माध्यम परिचालन गरी खोप कार्यक्रम सम्बन्धी महत्वपूर्ण सन्देशहरु दिन यो कृयाकलप राखिएको हो । |
| उद्देश्य | संचार माध्यमहरुबाट खोप कार्यक्रम सम्बन्धी महत्वपूर्ण सन्देशहरु प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रम सम्बन्धी जनचेतना अभिवृद्धि भई सेवाको पहुँच तथा उपभोगमा वृद्दि हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालनप्रकृया | संचारकर्मीहरुसँग अन्तरक्रिया गरी खोप कार्यक्रमको अभिमुखिकरण गर्ने र सन्देशहरु सृजना गरी संचार माध्यमबाट प्रवाह गर्न प्रचलित नियम अनुसार सम्झौता गर्ने साथै यस कार्यक्रम अन्तर्गत स्वास्थ्य शिक्षा प्रवाहमा आवश्यक अन्य सामग्रीहरु समेत खरिद गर्न, आवश्यकता अनुसार वितरण गर्न सकिनेछ । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्ने छ |
| सन्दर्भ सामग्री | खोप ऐन, खोप कार्यक्रमको निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु, प्रस्तुतिकरण सामग्री |
| अनुगमन सूचक | सम्झौता पत्र, अन्य कागजातहरु |

## 34. कृयाकलापकको नामः स्वास्थ्यकर्मिहरूका लागी Child Adolescence Mental Health (CAMH) सम्बन्धी तालिम पहिलो चरणमा सुर्खेत र दैलेख

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: 2.7.22.४६९ | खर्च शिर्षक 22522 |

| | |
|---|---|
| परिचय | बालबालिका तथा किशोर किशोरीमा शारिरीक मानसिक सम्वेगनात्मक परिवर्तन हुने भएकाले उनीहरूमा विभिन्न शारिरीक तथा मानसिक समस्या देखा पर्दछन् । विश्वब्यापि रूपमा अनुमानित १० देखि २० प्रतिशत किशोर किशोरीहरू कुनै न कुनै मानसिक समस्याहरू अनुभव गर्दछन् । ति मानसिक समस्याहरुको तत्काल निदान नहुने कारणले गर्दा मानसिक रोगका समस्याहरू धैरै देखिने भएकाले यसको रोकथाम, नियन्त्रण र निवारणका गर्न स्वास्थ्यकर्मीहरूका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृद्धि गरी बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्य प्रबर्दन गर्न । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृद्धि भइ मानसिक स्वास्थ्य समस्याहरूको निदान तथा उपचार व्यवस्थापन भएको हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत कार्ययोजना स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालन गर्ने । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम मागगरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा अन्य प्रचलित खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल भरपाई तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## 35. कृयाकलापको नाम: PNC Home Visit कार्यक्रम समिक्षा तथा योजना (मातृ तथा नव शिशु गोष्ठि)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | उत्तर प्रसुति अवस्थामा आमा तथा नवजात शिशुमा बिभिन्न किसिमका स्वास्थ्य |

| | |
|---|---|
| | समस्याहरू देखिनुका साथै मातृ तथा नवजात शिशुको मृत्यु समेत हुन सक्ने भएकाले उत्तर प्रसुती अवस्थामा मातृ तथा नवजात मृत्युदरमा न्यूनिकरण गर्न आमा र बच्चाको स्वास्थ्य अबस्थाको बारेमा Follow up र स्वास्थ्य शिक्षा दिन अत्यावश्यक रहेको हुँदा यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | उत्तर प्रसुति अबस्थामा देखिने जटिलताको समयमानै निदान तथा ब्यवस्थापन गर्नुको साथै मातृ तथा नवजात मृत्युदर न्यूनिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | उत्तर प्रसुती अवस्थामा PNC Home Visit को दरमा वृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | सामाजिक विकास मन्त्रालयमार्फत कार्ययोजना स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँड | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा कार्ययोजना स्वीकृत गराई युनिसेफ नेपालमा रकम मागगरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दैनिक भ्रमण भत्ता,खाजा, स्टेशनरी, हल भाडा, अन्य खर्च |
| सन्दर्भ सामाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा भरपाई, अन्य कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति, आदि । |

## 36. कृयाकलापको नामः कर्मचारी क्षमता विकास सम्बन्धी तालिम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.१.१ | खर्च शिर्षकः २२५११ |

| | |
|---|---|
| परिचय | कार्यालयमा कार्यरत कर्मचारीहरूलाई नविनतम प्रविधिको बारेमा समय सापेक्ष ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न आवश्यक रहेकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कर्मचारीहरुलाई नविनतम प्रविधिको ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गर्न |
| अपेक्षित प्रतिफल | नबिनतम प्रविधिको ज्ञान, सिप र क्षमता अभिवृद्धि भइ गुणस्तरिय सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सचालन प्रकृया | कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसारको (कम्प्यूटर /ड्राइभिङ /योगा /तथ्याङ्क विश्लेषण /परामर्श /सरसफाई आदि) सिपमुलक तालिमहरु कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रमहरु संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाडफाट | बिभिन्न कार्यक्रममा बजेट बाँडफाँट गरी तालिम सञ्चानल गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## 37. ट्राफिक प्रहरी / सुरक्षाकर्मीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम संञ्चालन (Primary Care Traininig)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३४५ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | हरेक बर्ष कर्णाली प्रदेशमा बढ्दो सवारी दुर्घटनाका कारण धेरै मानिसहरु घाईते तथा मृत्यु हुँदै आएका छन् । यसरी अधिक संख्यामा यात्रु, सवारी चालक तथा पैदल यात्रीहरु घाईते, अंगभंग र मृत्यु समेत हुने समस्यालाई न्यूनिकरण गर्न ट्राफिक प्रहरी तथा सुरक्षाकर्मीहरुमा सचेतना अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | सडक दुर्घटनाबाट हुन सक्ने मानविय तथा भौतिक क्षति न्यूनिकरण तथा सावधानी बारे अभिमुखिकरण गर्ने। |
| अपेक्षित प्रतिफल | सडक दुर्घटनामा न्यूनिकरण भई घाइते तथा मृत्यु दरमा कमी आउने छ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| संचालन प्रक्रिया | प्रदेशमा रहेका ट्राफिक प्रहरी कार्यालयसंग समन्वय गरी ट्राफिक प्रहरी तथा सुरक्षाकर्मीहरुका लागि १ दिने सचेतना कार्यक्रम संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | तयारी बैठक भत्ता खाजा स्टेशनरी सहजकर्ता भत्ता ,यातायात खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन,उपस्थिति |

## 38. कृयाकलापको नामः मृगौला बचाउ अभियान सचेतनामूलक कार्यक्रम संञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४८३ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | हरेक बर्ष मृगौला सम्बन्धी समस्याका कारण रोगको भार बढ्न गई उपचारमा ठुलो धनराशि खर्च हुँदा गरिबी अरु बढ्ने सम्भावना भएकाले यसको रोकथाम, नियन्त्रण र उपचार गर्नका लगि समुदायस्तरमा सचेतना फैलाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | मृगौला रोगको जोखिम न्यूनिकरण गर्न समुदायमा सो सम्वन्धी सचेतना जगाउने। |
| अपेक्षित प्रतिफल | मृगौला रोगको रोकथाम तथा जोखिम न्यूनिकरण हुनेछ। |
| कार्यान्वयन गर्ने | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |

| | |
|---|---|
| निकाय/कार्यालय | |
| सञ्चालन प्रक्रिया | • मृगौला रोग सम्बन्धी बिभिन्न सूचनामूलक सामग्रीहरुको उत्पादन, प्रसारण तथा वितरण ।<br>• कर्णाली प्रदेश भित्र मृगौला रोगको उच्च/ जोखिम पहिचान गरिएका वा अन्य समुदायहरुमा कार्यालयको निर्णय अनुसार विभिन्न सचेतनामूलक कार्यहरू सञ्चालन गर्ने ।<br>• मृगौला रोगको जोखिम तथा रोकथामका बारे संञ्चारकर्मीहरूसंग अन्तर्क्रिया गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित मापदण्डमा आधारित भई आवश्यकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड तथा निर्देशिका २०७५, इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट बिभिन्न समयमा भएका मार्गदर्शन तथा निर्देशिकाहरु । |
| अनुगमन सूचक | कार्य सम्पादन प्रतिवदेन |

## 39. कृयाकलापः जि आई एस म्यापिङ सम्बन्धी तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भौगोलिक सूचना प्रणाली मार्फत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी सरल सहज र सामान्य रूपमा दृश्यात्मक तरिकाले नक्सामा सूचना प्रस्तुत गरिन्छ । यस तालिमले कर्मचारीहरूको सूचना व्यवस्थापन सम्बन्धी ज्ञान, सिप र क्षमतामा अभिवृद्धि हुने भएकोले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीमा भएका तथ्याङ्कहरुलाई नक्सामा प्रस्तुत गर्ने ज्ञान, सिप अभिवृद्धि गर्न। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मी तथा तथ्याङ्कमा काम गर्ने कर्मचारी र फोकल पर्सनहरूले DHIS 2 बाट डाटा लिंक गरी क्यू जि आई एस मा नक्सा तयार गर्न सक्षम हुनेछन । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेश, सुर्खेत |
| सञ्चालन प्रकृया | अस्पतालहरु तथा जन/ स्वास्थ्य सेवा कार्यालयबाट सूचना व्यवस्थापनमा संलग्न तथ्यांक सहायक/ अधिकृत/ मेडिकल रेकर्डर वा सोको कामकाज गर्ने कर्मचारीलाई प्रत्येक जिल्लाबाट २ जनाका दरले सहभागी गराइ ४ दिनको क्यू जि आई एस क्षमता |

| | |
|---|---|
| | विकास तालिम संचालन गरिने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित कर्णाली प्रदेशको खर्च सम्बन्धी मापदण्ड निर्देशिका २०७५ अनुसार खर्चको बाँडफाट गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ अनुसार हुनेछ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## 40. कृयाकलापको नाम: विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणाली (EHIRRS) सुदृढीकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४५७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुमा HMIS Tool हरुको बैकल्पिक व्यवस्थाका लागि अनलाइनमा रेकर्डिङ गर्ने कार्य महत्वपूर्ण भएकाले विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालिको संचालनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य संस्थाहरूमा भएको सेवा प्रवाहलाई अनलाइनमा रेकर्डिङ गरी मासिक रूपमा अनलाइनबाट नै रिर्पोट तयार गर्ने । |
| अपेक्षित प्रतिफल | अभिलेख तथा प्रतिवेदन कार्य व्यवस्थित भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | स्वास्थ्य सेवा निर्देशनालय, छनौट भएका । |
| सञ्चालन प्रक्रिया | 1. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार (कम्प्युटर, इन्टरनेट, आदि) भएका स्थानीय निकायसंग प्रस्तावना माग गर्ने ।<br>2. पूर्वाधार पूरा भएका स्वास्थ्य संस्थाहरुसंग लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने ।<br>3. आवश्यकता अनुसार DHIS-2, eLMIS तथा अन्य सफ्ट्वयरहरुको संचालन तथा व्यवस्थापन गर्ने ।<br>4. आवश्यकतानुसारका सामाग्री खरिद गरि संस्थाहरूमा वितरण गर्ने ।<br>5. स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्य कर्मिहरूलाई EHIRS सम्बन्धी तालिम व्यवस्था गर्ने ।<br>6. Information Technology आवद्ध संस्थाहरु संग समन्वय गरी विद्युतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली चलाउनको लागि सफ्टवेयर खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट वाँडफाँट | आर्थिक नियमको परिधिभित्र रही अवश्यकता अनुसार बजेट खर्च गरिने छ । |
| सन्दर्भ सामाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | छनौट भएका स्वास्थ्य संस्थाहरूमा विद्युतिय स्वास्थ्य सूचना अभिलेख प्रणाली प्रयोग भइरहेको हुनेछ । |

## (ग) प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गतका कृयाकलापहरु

### १. कृयाकलापको नामः हेमोफिलियाको लागि औषधी खरिद (औषधीहरु खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: ७.२.९.९ | खर्च शिर्षक : २७२१३ |

| | |
|---|---|
| परिचय | हिमोफिलिया एक वंशानुगत समस्या हो तर कोही कोहीमा वंशानुगत नभएर अन्य कारणले पनि हुन सक्छ । रगत जमाउन आवश्यक तत्वहरु (Clotting Factors)को कमीको कारण सामान्य चोटपटकमा पनि लामो समय सम्म रक्तश्राव भइरहने अवस्था हिमोफिलिया हो। प्रति १० हजारमा एक व्यक्ति हिमोफिलियायुक्त जन्मिने विश्व स्वास्थ्य संगठनको अनुमान रहेको छ । यस समस्याको लागि आवश्यक फ्याकटर (औषधी) को अभावमा वर्षेनि ३/४ जना हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्यु हुने गरेको छ। त्यसैले सो औषधीको समयमा नै खरिद गरी हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्युमा रोकथाम गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | हिमोफिलियायुक्त व्यक्तिहरुको जीवन रक्षा गर्न आवश्यक औषधीको खरिद गरी प्रभावकारी रुपमा सेवा प्रवाह गर्नु । |
| अपेक्षित प्रतिफल | • प्रभावकारी उपचार हुने, हिमोफिलियाको उपचारका लागि आवश्यक औषधीको अभाव सिर्जना हुन नदिने ।<br>• हिमोफिलियाको उपचार पश्चात् रोग लाग्ने दर र मृत्युदरमा कमी आउने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र। |
| सञ्चालन प्रक्रिया | • खरिद इकाईको बैठकको निर्णय अनुसार खरिद प्रकृया अगाडि बढाउने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी आदि स्टोरहरुमा राख्ने ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गर्ने हिमोफिलियाको औषधिहरुको गुणस्तरका लागी WHO-GMP certified हुनुपर्नेछ ।<br>• हिमोफिलिया कार्यक्रम लागु भएको स्वास्थ्य सस्थामा वितरण गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | माग र आवश्यकता अनुसार बजेटको बाँडफाँट गरी हिमोफिलियाको उपचारका लागि आवश्यक औषधी खरिद गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड |

| | |
|---|---|
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला तथा हस्तानतरण विवरण |

## २. कृयाकलापको नाम: कर्मचारी क्षमता विकास सम्बन्धी तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.१.१ | खर्च शिर्षकः २२५११ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा स्वास्थ्य खरिद, आपूर्ति व्यवस्थापनलाई सहज बनाउनका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना भएको छ । केन्द्रमा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र दक्षता अभिबृद्दि गरी सूचना प्रणालीलाई चुस्त दुरुस्त राख्न e-LMIS system, खरिद प्रणाली, कम्पयूटर सम्बन्धी तालिम संचालन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विद्युतिय अभिलेख मार्फत औषधि तथा स्वास्थ्य सामाग्रिको सूचना प्रणालीमा प्राबिष्ट गर्ने । |
| अपेक्षित प्रतिफल | खरिद तथा सूचना प्रणालीको बारेमा कर्मचारीहरुको ज्ञान, सिप तथा क्षमतामा अभिबृद्दि हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रक्रिया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा कार्यरत कर्मचारी तथा सम्बन्धित कर्मचारीहरुका क्षमता विकास लागि स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणालीको निरन्तरता दिन तालिम कार्यक्रम संचालन गर्ने ।<br>• e-LMIS system, खरिद प्रणाली, Supply/ Cold chain management, तथ्याङ्क विश्लेषण, कम्पयूटर लगायत अन्य क्षमता बिकास तालिम संचालन गर्न सकिने ।<br>• कर्मचारी क्षमता विकास तालिम संचालनका लागि प्रशिक्षक लगायत अन्य व्यवस्थापकिय विषयका सम्बन्धमा स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखासंग समन्वय गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट वाँडफाट | दै.भ्र.भ., यातायात खर्च, प्रशिक्षक भत्ता, स्टेशनरी, मसलन्द सामग्री तथा अन्य खर्च नर्म्स अनुसार। |
| सन्दर्भ सामग्री | e-LMIS software handbook, Effective Vaccine Management (EVM) Guideline, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३. कृयाकलाप नाम : कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.११० | खर्च शिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | जनसांख्यिक २०१६ अनुसार कर्णाली प्रदेशमा मातृ तथा नवशिशु मृत्युदर अन्य प्रदेशभन्दा उच्च रहेको छ । खासगरी सामाजिक, आर्थिक तथा भौगोलिक रुपमा कर्णाली प्रदेशमा बसोबास गर्ने नागरिकहरुको खाद्य सुरक्षा तथा पोषण अत्यन्त न्यून रहेको छ । त्यसमा पनि सुत्केरी महिला तथा नवशिशुहरुको लागि पोषणलाई लक्षित गरी त्यसता कुनै पनि विशेष कार्यक्रमहरु संचालन हुन सकेको छैन । सुत्केरी भएको अवस्थामा उनीहरुको पोषणले आमा तथा शिशुको शारीरिक तथा मानसिक बिकासमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले सुत्केरीलाई पोषिलो खाना उपलब्ध गराउन सकेमा आमा तथा बच्चाको स्वास्थ्यमा दीर्घकालीन रुपमा सकारात्मक प्रभाव पार्ने र बिभिन्न संक्रामक रोगहरुबाट समेत बचाउन सकिने भएकोले सुत्केरी आमाहरुलाई पोषणयुक्त सामाग्रीहरु सहितको कोसेली वितरण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नव सुत्केरीहरुलाई पोषणयुक्त खाद्य बस्तु खरिद गरी कोसेली प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | सुत्केरी आमा र बच्चाको स्वास्थ्यमा सुधार भइ रोग लाग्ने दर र मृत्युदरमा कमी आउनेछ ।<br><br>सुत्केरी पोषण कोसेली उपलब्ध गराए पश्चात आमाहरुमा पोषीलो खाना प्रयोग गर्ने बानी व्यवहारमा परिवर्तन आउनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | |
| सञ्चालन प्रक्रिया | कर्णाली प्रदेश सरकारको स्वीकृत कार्यबिधि/मापदण्ड अनुसार संचालन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको स्वीकृत कार्यबिधि/मापदण्ड अनुसार संचालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, सामाग्रीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण |

## ४. कृयाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्डचेन व्यवस्थापन(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.११८ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | भ्याक्सिन स्टोर तथा सव-स्टोरहरुमा कोल्ड चेन कायम गरी भ्याक्सिनको सुरक्षित |

| | |
|---|---|
| | भण्डार तथा लक्षित वर्गसम्म उपलब्ध गराउन पर्ने हुन्छ । सो सन्दर्भमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डका आधारमा कोल्डचेन व्यवस्थापन गर्नुपर्ने भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | भ्याक्सिन व्यवस्थापनमा सहजता ल्याउने ।<br>भ्याक्सिनका कारणबाट हुने अवान्छित घटनामा कमी ल्याउने ।<br>जिल्ला भ्याक्सिन स्टोर तथा सव-स्टोरहरुको व्यवस्थापन हुने । |
| अपेक्षित प्रतिफल | प्रभावकारी भ्याक्सिन व्यवस्थापनका मापदण्डहरु पुरा भएको हुनुपर्ने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रक्रिया | रेफ्रिजिरेटर, जेनेरेटरको मर्मत र जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सव स्टोरमा रहेका कोल्डचेन सामग्रीहरु तथा आवश्यक कोल्डचेन सामग्रीहरु जस्तै फोम प्याड, जिपलग, भ्याक्सिन क्यारीयर समेत खरिद तथा कोल्डचेन व्यवस्थापन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कोल्डचेनसंग सम्बन्धित विभिन्न सामग्रीहरु खरिद, मर्मत आदिका लागि आवश्यकता अनुसार बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | EVM मापदण्ड निर्देशिका, परिवार कल्याण महाशाखाबाट विभिन्न समयमा जारी भएका निर्देशिका तथा प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन, जिन्सि रजिष्टर अभिलेख । |

## ५. कृयाकलापको नामः औषधि तथा औषधि जन्य सामग्रीको प्याकिंग तथा रिप्याकिंग समेत

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१३९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरुको सुरक्षित रुपमा आपूर्ति केन्द्र देखि जिल्लासम्म ढुवानीका लागि प्याकिङ्ग तथा रिप्याकिङ्ग कार्य गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | औषधि तथा औषधिजन्य सामग्रीहरुको सुरक्षित रुपमा ढुवानी गर्न । |
| अपेक्षित प्रतिफल | औषधि तथा औषधिजन्य सामग्रीहरुको सुरक्षित रुपमा ढुवानी हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |

| | |
|---|---|
| सञ्चालन प्रकृया | औषधि तथा औषधिजन्य सामग्रीहरु ढुवानीका लागि आवश्यकता अनुसार प्याकिङ्ग तथा रिप्याकिङ्गका लागि आवश्यक सामग्रीहरु खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.ब. भरी |
| बजेट बाँडफाँट | प्याकिङ्ग रिप्याकिङ्गका लागि आवश्यक पर्ने विभिन्न सामग्रीहरुको खरिद तथा व्यवस्थापनका लागि खर्च बाँडफाँट |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | औषधी तथा औषधी जन्य सामग्रीहरुको प्याकिङ्ग तथा रिप्याकिङ्गका आवश्यक कागजातहरु |

## ६. कृयाकलापकको नाम : कोल्डरुम तथा भ्याक्सिन सुरक्षाको लागि इन्धन

| | |
|---|---|
| कृयाकलापसंकेतनं.: २.७.२२.१४० | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | खोपबाट वचाउन सकिने बिभिन्न संक्रामक रोगहरुको रोकथामको लागि गुणस्तरीय खोप सेवाको सुनिश्चिता गर्नुपर्ने हुन्छ । भण्डारण भएका खोपहरुको कोल्डचेन कायम गर्न विद्‌युतीय श्रोतको आवश्यकता पर्दछ । वेला वेलामा हुन सक्ने विद्‌युतीय आपूर्तिको समस्याको कारण कोल्डचेन कायम गरी भण्डारण सुनिश्चित राख्नको लागि निरन्तर विद्‌युत आपूर्ति हुनु पर्ने भएकाले बैकल्पिक विद्‌युतको रुपमा इन्धनको आपूर्ति गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कोल्डचेन कायम राखि खोपको गुणस्तरको सुनिश्चितता गर्न इन्धन खरिद गर्न । |
| अपेक्षित प्रतिफल | विद्‌युतको नियमित आपूर्ति भई भ्याक्सिनको गुणस्तर कायम हुने।<br>रेफ्रिजिरेटर भ्यानबाट कोल्डचेन कायम गरी भ्याक्सिन ढुवानी हुने। |
| कार्यन्वयनगर्नेनिकाय/ कार्यालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र। |
| संचालनप्रकृया | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र साथै स्टोर तथा सब-स्टोरका लागि आवश्यक पर्ने इन्धनको आवश्यकता निर्धारण गरी प्रचलित नियमानुसार इन्धन खरिद गर्ने । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.ब. भरी |
| बजेट बाँडफाँट | जेनेरेटर तथा रेफ्रिजेरेटर भयानका लागि आवश्यक इन्धन खरिदका लागि बजेट बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड |
| अनुगमनसूचक | प्रदेश कोल्डरुमा भएको जेनेरेटर को लगबुक, गाडीको लगबुक तथा अन्य आवश्यक कागजातहरु |

## ७. कृयाकलापको नाम: भ्यक्सिन सुरक्षाको लागि संचालित रेफ्रिजेरेटर भ्यान संचालनका लागि सवारी चालक व्यवस्थापन(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१४२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भ्याक्सिनलाई मेडिकल स्टोरबाट सेवा प्रदान गर्ने स्थानसम्म कोल्डचेन व्यवस्थापन गरेर लैजानु तथा सो प्रकृयालाई सहजिकरण गर्नु अति नै महत्वपूर्ण हुन्छ । भ्याक्सिनहरु ढुवानीको समयमा छिटो विग्रने हुनाले यसको छिटो भन्दा छिटो सुरक्षित रुपमा आदि स्थानमा ढुवानी गर्नुपर्ने हुन्छ जसका लागि सवारी चालकको आवश्यकता पर्ने भएकोले यस शिर्षकमा बजेटको व्यवस्था भएको छ। |
| उद्देश्य | चालक व्यवस्थापन गरी प्रदेश अन्तरर्गतको मेडिकल स्टोरमा रहेको भ्याक्सिन सुरक्षित रुपमा ढुवानी गर्नु । |
| अपेक्षित प्रतिफल | जिल्लाहरुमा कोल्डचेन मापदण्ड अनुसार भ्याक्सिनको ढुवानी हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सचालन प्रकृया | मेडिकल स्टोरमा रहेको रेफ्रिजिरेटर भ्यानलाई मासिक भ्याक्सिन ढुवानीका लागि प्रदेशबाट नियमानुसार चालकको व्यवस्थापन गर्ने । |
| बजेट बाँडफाँट | सवारी संचालनको लागि आर्थिक वर्षको सुरुवातबाट नै मासिक रुपमा भ्यान संचालन गर्नका लागि चालकको व्यवस्था गर्ने । |
| सन्दर्भ समाग्री | इ भि एम मापदण्ड निर्देशिका परिवार कल्याण महाशाखा तथा प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | करार सम्झौता । |

## ८. कृयाकलापको नाम: महामारी व्यब्स्थापनको लागि बफर स्टक सामग्री खरीद (स्वास्थ्य सेवा )

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भौगालिक बिबिधता तथा मौसम परिवर्तन भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भाबित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा ब्यबस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको बिपद् प्रतिकार्य योजना र स्वास्थ्य प्रतिकार्य योजना अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सचालन प्रकृया | बफर स्टकका लागि आवश्यक सामग्रीहरुको सूचि तयार गरी स्वीकृत गराई सो को |

| | |
|---|---|
| | आधारमा बजेटको आकार हेरी नियमानुसार खर्च गर्नुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट औषधी तथा अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ समाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय ,दाखिला प्रतिवेदन तथा हस्तानतरण प्रतिवेदन |

## ९. कृयाकलापको नाम: औषधि तथा औषधिजन्य सामग्रीहरु लोड अनलोड प्याकिङ्ग रिप्याकिङ्गका लागि जनशक्तिको व्यवस्थापन(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३२९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशको मेडिकल स्टोरको आपूर्ति व्यवस्थापन शाखामा औषधि तथा औषधिजन्य सामग्रीहरु उपकरणहरु आपूर्ति गर्न आवश्यक हुन्छ । सो क्रममा औषधि तथा औषधिजन्य सामग्रीहरु लोड अनलोड गर्नुपर्ने साथै प्याकिङ्ग रिप्याकिङ्गका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित व्यवस्थापन गरी बिग्रन र खेर जानबाट बचाउने । |
| अपेक्षित प्रतिफल | औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित व्यवस्थापन हुनुका साथै आपूर्ति प्रणाली तथा सामग्रीको व्यवस्थापनमा सहज भई स्वास्थ्य सेवा प्रणालीमा सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रकृया | कार्यक्रम करार सम्झौता मार्फत कार्यालय सहयोगी र हल्का सवारी चालक करारमा लिई काममा लगाउने र कार्य प्रगतिको मूल्यांकन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.ब. भरी |
| बजेट बाँडफाँट | प्रचलित ऐन कानून अनुसार आवश्यक जनशक्तिका लागि करार सम्झौता बमोजिमको पारिश्रमिक व्यवस्थापन । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | करार सम्झौता, कर्मचारी हाजिरी विवरण, तलबी भर्पाइ |

## १०. कृयाकलापको नामः नेपालगंजमा रहेको कोल्डचेन तथा आपूर्ति शाखा सुर्खेतमा स्थानान्तरण तथा व्यवस्थापन खर्च

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२५.३३२ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | प्रदेशमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना गर्न नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. २०७८/ ०७९ को नीति तथा कार्यक्रम अनुसार बाँकेको, नेपालगंजमा रहेको खरिद तथा आपूर्ति शाखा सुर्खेतको वीरेन्द्रनगरमा स्थानान्तरण गरी सो को व्यवस्थापन गर्न आवश्यक पर्ने विभिन्न कार्यका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना पश्च्यत आपूर्ति प्रणाली प्रभावकारी बनाउनु। |
| अपेक्षित प्रतिफल | प्रदेशमा स्वास्थ्य सामग्रीको आपूर्ति नियमित र व्यवस्थित हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रक्रिया | • नेपालगंजमा रहेको खरिद तथा आपूर्ति शाखा सुर्खेतमा स्थानान्तरण गरी व्यवस्थापनका लागि आवश्यक ढुवानी, लोड अनलोड तथा आवश्यक सामग्रीको व्यवस्थापन गर्ने ।<br>• खरिद तथा आपूर्ति शाखा एवम् कोल्डचेनका लागि आवश्यक पर्ने सामग्रीका साथै भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्ने।<br>• आपूर्ति व्यवस्थापन केन्द्र पूर्णरुपमा कर्णाली प्रदेशबाट संचालनमा ल्याउने। |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि आवश्यक पर्ने पुर्वाधार, सामग्री तथा उपकरण र जनशक्ति, समन्वय बैठक समेतका लागि आवश्यकता अनुसार वाँडफाड गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन । |

## ११.कृयाकलापको नामः औषधि ढुवानी तथा अन्य भाडा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३३३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु प्रभावकारी रुपमा गन्तब्यसम्म ढुवानी । Supply Chain तथा Cold Chain Maintain गरी औषधि ढुवानी गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आपूर्ति केन्द्रबाट प्रदेश अन्तर्गतका अस्पताल तथा जन/स्वास्थ्य सेवा कार्यालयहरुसम्म ढुवानी गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधीजन्य सामग्रीहरुको नियमित आपूर्ति भएको हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र। |
| सञ्चालन प्रकृया | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट असपताल र जन/ स्वास्थ्य सेवा कार्यालयको स्टोरसम्म आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप, खोपजन्य सामग्री तथा अन्य स्वास्थ्य सामग्री ढुवानि गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | ढुवानी, दै.भ्र.भ. आदिका लागि खर्च विनियोजन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित खरिद ऐन तथा नियमावली (संशोधन सहित) |
| अनुगमन सूचक | औषधि तथा औषधिजन्य सामग्रीहरु,खोप तथा खोपजन्य सामग्रीहरु पुगेको ह.फा. दाखिला प्रतिवेदन |

## १२. कृयाकलापको नाम: नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत: ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधान, २०७२ले प्रत्येक नागरिकलाई राज्यबाट नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुनेछ साथै आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । यसैगरी जनस्वास्थ्य ऐन, २०७५मा पनि नि:शुल्क आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूत गरिएको छ । नेपाल सरकारबाट समय समयमा स्वास्थ्य सेवाका लागि नि:शुल्क औषधि समेत उपलब्ध गराउने व्यवस्था भए बमोजिम तोकिए अनुसार नि:शुल्क स्वास्थ्य सेवाका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि अभाव सृजना हुन नदिई नागरिकहरुलाई प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | निरन्तर औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रकृया | • निर्धारित आधारभूत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामग्रीहरुको खरिद बर्गीकरण तथा प्रदेश सरकारले नि:शुल्क बितरण गर्ने आवश्यक औषधीहरुको सूची निर्धारण गर्ने ।<br>• नि:शुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्ने ।<br>• खरिद गरिएको औषधि माग र आवश्यकताका आधारमा अस्पतालहरु तथा जन/ स्वास्थ्य सेवा कार्यालयहरुमा वितरण गर्ने ।<br>• माथि उल्लेखित कृयाकलापहरू बिभिन्न कार्यक्रममा उल्लेख भएतापनि औषधि/उपकरण र औषधिजन्य सामग्रीहरू एकमुष्ठ सूचना जारी गरी खरिद गर्ने |

| | |
|---|---|
| | । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने। स्वीकृत बजेटबाट औषधी तथा औषधीजन्य सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | नि:शुल्क अत्यावश्यक औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड |
| अनुगमन सूचक | खरिद प्रकृया, दर रेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, |

## १३. कार्यक्रमको नाम: स्वास्थ्य सम्बन्धी मेशिनरी औजार उपकरण सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत नं ११.३.९.३ | खर्च शिर्षक: ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरुको पहुँच तथा गुणस्तर कायम राख्न विभिन्न मेशिनरी औजार तथा उपकरण सामग्रीहरुको आवश्यकता पर्दछ । स्वास्थ्य संस्थाको पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक औजार तथा उपकरण सामग्री खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वस्थ्य संस्था तथा अस्पतालहरुको पूर्वाधार बिकास गरी गुणस्तरिय सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान तथा उपचार भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन प्रकृया | • आवश्यक मेशिनरी, औजार तथा उपकरणको सूचि तयार पार्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय सामग्रीको सुनिश्चित गरेर मात्र खरिद गर्ने।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक मेशिनरी, औजार तथा उपकरणको आपूर्ति तथा व्यवस्थापन गर्न सकिने छ।<br>• माथि उल्लेखित कृयाकलापहरू बिभिन्न कार्यक्रममा उल्लेख भएतापनि मेशिनरी, औजार तथा उपकरणको एकमुष्ठ सूचना जारी गरी खरिद गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने। स्वीकृत बजेटबाट मेशिनरी औजार उपकरण खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड |
| अनुगमन सूचक | खरिद ईकाइको बैठक तथा निर्णय ,दाखिला प्रतिवेदन |

## १४. कृयाकलापको नामः प्रि फ्याव भवन निर्माण

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.४.२२.२८ | खर्च शिर्षकः३११५९ |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित भण्डारण तथा गुणस्तर कायम गर्नका लागि हालै सुर्खेतको वीरेन्द्रनगरमा स्थानतरण गरिएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको निर्माणाधिन भवन तयार नहुन्जेलका लागि औषधि तथा औषधिजन्य सामग्रीहरुको तत्काल सुरक्षित भण्डारण गर्न प्रिफ्याब भवन निर्माणको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित भण्डारण गरी आपूर्ति प्रणाली प्रभावकारी बनाउने । |
| अपेक्षित प्रतिफल | प्रदेशमा स्वास्थ्य सामग्रीको आपूर्ति नियमित र व्यवस्थित हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही खर्चको बाँडफाँट गरी द्रुत माध्यमबाट प्रकृया पुरा गरी भवन निर्माण गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन |

## (घ) प्रदेश जनस्वास्थ्य प्रयोगशाला

### १. कृयाकलापको नाम: QC का लागि टि. बि. र मलेरिया स्लाईडको ढुवानी

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुमा संकलित स्लाईडहरुको गुणस्तर कायम तथा नियन्त्रण गर्न क्षयरोग र मलेरियाका स्लाईडहरु पुन जाँच गर्नका लागि संकलित नमुनाहरुको ढुवानी गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशाला सेवाको गुणस्तरीयता कायम राख्न । |
| अपेक्षित प्रतिफल | सेवा प्रवाह छिटो र गुणस्तरिय हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | स्थानीय तथा जिल्लाका प्रयोगशालामा जाँच गरिएका क्षयरोग र मलेरियाका स्लाईडहरुलाई जनस्वास्थ्य प्रयोगशालासम्म ल्याई गुण्स्तर जाँच गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहि ढुवानीका लागि कार्ययोजना स्वीकृत गराई संछालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रयोगशाला क्षयरोग तथा मलेरिया जाँच सम्बन्धी अद्यावधिक प्रोटोकलहरु, प्रचलित कानून र प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | चौमासिक रिपोर्ट तथा सलाईडहरु, QC रिपोर्ट फारम तथा टार्गेट |

### २. कृयाकलापको नाम : किट खरिद (HIV, HbSAg, HEV, HAV, HCV etc.)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.३९५ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा भाइरसजन्य तथा अन्य रोगहरुको निगरानी तथा परीक्षणमा सहजता ल्याउनका लागि विभिन्न किट खरिद गर्न लागिएको हो । |
| उद्देश्य | प्रदेशमा फैलिनसक्ने भाइरसजन्य रोगहरुको छिटो छरितो जाँच तथा पहिचानको लागि उक्त किटहरुको उपलब्धता सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | समयमा नै HIV, HbSAg, HEV, HAV, HCV लगायतका किट खरिद भै सेवा प्रवाह गुणस्तरिय र निरन्तर हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश,सुर्खेत । |
| सञ्चालन प्रकृया | • आवश्यक टेस्ट किटहरुको वार्षिक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने ।<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र टेस्ट किटहरु खरिद गर्ने ।<br>• खरिद गरिएका टेस्ट किटहरु आवश्यक ठाउँमा उपलब्ध गराउने । |
| सञ्चालन गर्ने अवधि | तोकिएको चौमासिक भित्र । |

| | |
|---|---|
| र अनुमानित मिति | |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट टेस्ट किट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण तथा वितरण प्रतिवेदन |

## ३. कृयाकलापको नाम: किटजन्य रोगहरुको RDT तथा रियजेन्ट खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.३९६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा किटजन्य तथा अन्य रोगहरुको निगरानी तथा परिक्षणमा सहजता ल्याउनका लागि विभिन्न  किट खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशमा फैलिनसक्ने किट जन्य रोगहरुको छिटो छरितो जांच तथा पहिचानको लागि उक्त किटहरुको उपलब्धता सुनिस्चित गरिने । |
| अपेक्षित प्रतिफल | सेवा प्रवाहमा छिटो र  गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • आवश्यक RDT टेस्ट किट तथा रियजेन्टको वार्षिक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने ।<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र RDT टेस्ट किट तथा रियजेन्ट खरिद गर्ने ।<br>• खरिद गरिएका RDT टेस्ट किट तथा रियजेन्ट आवश्यक ठाउँमा उपलब्ध गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट RDT टेस्ट किट तथा रियजेन्ट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण तथा वितरण प्रतिवेदन |

## ४. कृयाकलापको नाम: आधारभूत प्रयोगशाला तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.३९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र क्षमता अभिबृद्दि गर्न आधारभूत प्रयोगशाला तालिम आयोजानाको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नयाँ कर्मचारीहरुको ज्ञान, सिप र क्षमता विकास गर्न साथै परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा रोगहरुको निदान गरि प्रयोगशाला सेवाको गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत |
| सञ्चालन प्रकृया | • आधारभूत प्रयोगशाला तालिम नलिएका प्रशिक्षार्थीहरुको छनौट गर्ने।<br>• प्रति समुहमा कम्तीमा १० जना प्रशिक्षार्थी रहने गरी १५ दिनसम्म तालिम संचालन गर्ने ।<br>• कार्यक्रमसंग सम्बन्धित प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट तालिम संचालन गर्ने ।<br>• पूर्ण रुपमा तालिममा सहभागी भएका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो चौमासिकमा संचालन गर्ने । |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, प्रशिक्षण सामग्री, किट/ रिएजेन्टहरु, प्रमाणपत्र छपाइ, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | NPHL SOP, PPHL Basic Lab Training Guideline, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५. कृयाकलाप: आधारभूत टिवि माइक्रोषकोपिक तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४० | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको क्षमता,ज्ञान र सिप विकास गर्न र क्षयरोगको निदान तथा उपचारमा सहयोग पुर्याउन आधारभूत टि.वि. माईक्रोस्कोपिक तालिम ६ दिने आयोजना गरिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नयाँ कर्मचारीहरुको क्षमता,ज्ञान र सिप विकास गर्न साथै खकार परिक्षणको गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | क्षयरोगको निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा क्षयरोग नियन्त्रण गरि गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • टि.बि. आधारभूत माईक्रोस्कोपिक तालिम नलिएका प्रयोगशालाकर्मीहरको छनौट गर्ने ।<br>• प्रति समुहमा कम्तीमा १० जना सहभागि गराई ६ दिन सम्म वर्षमा १ पटक NTCC को टिवि आधारभूत माईक्रोस्कोपिक तालिम निर्देशिका अनुसार संचालन गरिने छ । |

| | |
|---|---|
| | • कार्यक्रमसंग सम्बन्धित प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट तालिम संचालन गर्ने ।<br>• पूर्ण रुपमा तालिममा सहभागी भएका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिकमा १ पटक संचालन गर्नु पर्ने । |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, प्रशिक्षण सामग्री, किट/ रिएजेन्टहरु, प्रमाणपत्र छपाइ, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | NTCC को टिवि आधारभूत माईक्रोस्कोपिक तालिम निर्देशिका, टिवि माईक्रोषकोपी मोडुल र मेनुअल, संक्रमण रोकथाम निर्देशिका र Gene- Xpert फ्लो चार्ट, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | NTCC तालिम निर्देशिका अनुसारको चेकलिष्ट तथा कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६. कृयाकलापको नाम: प्रयोगशाला कर्मचारीहरुलाई LQAS तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२२.४१ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका प्रयोगशालामा कार्यरत टि.बि. आधारभूत माईक्रोस्कोपिक तालिम लिएका प्रयोगशालाकर्मीहरुको ज्ञान, सिप र क्षमता अभिबृद्धि गर्न र क्षयरोगको निदान तथा उपचारमा सहयोग पुर्याउन प्रयोगशाला कर्मचारीहरुलाई ३ दिने LQAS तालिम कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नयाँ कर्मचारीहरुको ज्ञान, सिप र क्षमता विकास गर्न साथै खकार परीक्षणमा गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | क्षयरोगको निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा क्षयरोग नियन्त्रण गरी गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • टि.बि. आधारभूत माईक्रोस्कोपिक तालिम लिएका प्रयोगशालाकर्मीहरको छनौट गर्ने ।<br>• प्रति समुहमा कम्तीमा १५ जना सहभागि गराई ३ दिन सम्म वर्षमा १ पटक NTCC को टिवि आधारभूत माईक्रोस्कोपिक तालिम निर्देशिका अनुसार गरिने छ ।<br>• कार्यक्रमसंग सम्बन्धित प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट तालिम संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो चौमासिकमा संचालन गर्ने। |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, प्रशिक्षण सामग्री, किट/ रिएजेन्टहरु, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | NTCC को टिवि आधारभूत माईक्रोस्कोपिक तालिम निर्देशिका, टिवि माईक्रोषकोपी मोडुल र मेनुअल, संक्रमण रोकथाम निर्देशिका र Gene Expert फ्लो चार्ट, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |

| | |
|---|---|
| अनुगमन सूचक | NTCC तालिम निर्देशिका अनुसारको चेकलिष्ट तथा कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ७. कृयाकलापको नाम: आधारभूत मलेरीया माईक्रोस्कोपि तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको क्षमता,ज्ञा न र सिप अभिबृद्दि गर्न आधारभूत मलेरीया माईक्रोस्कोपिक तालिम आयोजाना गरीयको छ । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नयाँ कर्मचारीहरुको औलो निदनामा ज्ञान, सिप र क्षमता अभिबृद्दी गर्न साथै औलो परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | औलो निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा औलो रोग निदान गरि गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • मलेरिया आधारभूत माईक्रोस्कोपिक तालिम नलिएका प्रयोगशालाकर्मीहरको छनौट गर्ने ।<br>• प्रति समुहमा कम्तीमा १० जना सहभागि गराई ३० दिन सम्म वर्षमा १ पटक EDCD को तालिम निर्देशिका अनुसार संचालन गरिने छ ।<br>• कार्यक्रमसंग सम्बन्धित प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट तालिम संचालन गर्ने ।<br>• पूर्ण रुपमा तालिममा सहभागी भएका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो चौमासिक मा सम्पन्न गर्नुपर्ने |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, प्रशिक्षण सामग्री, किट/ रिएजेन्टहरु, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | WHO SOP, WHO Basic malaria Training Guideline, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | एकीकृत सुपरीवेक्षण चेकलिष्ट तथा कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ८. कृयाकलापको नाम: रिफ्रेसर मलेरीया माईक्रोस्कोपि तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३९८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र क्षमता अभिबृद्दि गर्न रिफ्रेसर मलेरीया माईक्रोस्कोपिक तालिम आयोजाना गरीयको छ । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नयाँ कर्मचारीहरुको औलो निदनामा क्षमता,ज्ञान र सिप अभिबृद्दि गर्न साथै औलो परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | औलो निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा औलो रोग निदान गरि |

| | |
|---|---|
| | गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश सुर्खेत । |
| सञ्चालन प्रकृया | • मलेरिया आधारभूत माईक्रोस्कोपिक तालिम लिएका प्रयोगशालाकर्मीहरको छनौट गर्ने ।<br>• प्रति समुहमा कम्तीमा १० जना सहभागि गराई १५ दिन सम्म वर्षमा १ पटक EDCD को तालिम निर्देशिका अनुसार संचालन गरिने छ ।<br>• कार्यक्रमसंग सम्बन्धित प्रशिक्षक प्रशिक्षण तालिम लिएका प्रशिक्षकहरुबाट तालिम दिने ।<br>• पूर्ण रुपमा तालिममा सहभागी भएका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो चौमासिक मा सम्पन्न गर्नुपर्ने |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, प्रशिक्षण सामग्री, किट/ रिएजेन्टहरु, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | WHO SOP, WHO Basic malaria Training Guideline, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | एकीकृत सुपरीवेक्षण चेकलिष्ट |

## ९. कृयाकलापको नाम: प्रयोगशाला कर्मचारीहरुलाई बार्षिक कार्यशाला गोष्ठी

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२५.३२३ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र क्षमता अभिवृद्दि गर्न र प्रयोगशालाको सेवामा गुणस्तरियताका साथै सम्पादित कार्यहरुको मूल्यांकन गर्न प्रयोगशाला कर्मचारीहरुलाई बार्षिक कार्यशाला गोष्ठी कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र क्षमता अभिवृद्दि गर्न साथै प्रयोगशाला परिक्षणमा गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | प्रयोगशाला परिक्षणमा गुणस्तरीयता ल्याउन सहयोग पुर्याई कर्णाली प्रदेशमा प्रयोगशाला सेवामा गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • कार्यशाला गोष्ठीको आयोजना गरी प्रयोगशालाका कर्मचारीहरुलाई आमन्त्रण गर्ने ।<br>• गोष्ठी संचालन हुनु पूर्व बार्षिक रुपमा सम्पादन गरिएका कृयाकलापहरुका आधारमा चेकलिष्ट तयार गरी पठाउने ।<br>• चेकलिष्ट अनुसार प्रयोगशालाकर्मीहरुले प्रस्तुतिकरण गर्ने ।<br>• प्रस्तुतिबाट आएका समस्याहरुलाई मध्यनजर गरी योजना तर्जुमा गर्ने । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | दै.भ्र.भ,यातायात खर्च रकम, स्टेशनरी, मसलन्द सामग्री, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | आ.ब. २०७८/०७९ को प्रयोगशालाको तथ्यांकहरु, प्रयोगशाला सम्बन्धी चेकलिष्ट, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन, उपस्थिति विवरण |

## १०. कृयाकलापको नाम: जिल्ला तथा स्थानीय तहका प्रयोगशालाकर्मीहरुका लागि स्थलगत तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत प्राविधिक कर्मचारीहरुको ज्ञान, सिप र क्षमता विकास गर्न कार्यस्थलमा नै पुगी प्रशिक्षकहरुबाट स्थलगत अनुशिक्षण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र क्षमता विकास गर्न परिक्षणमा गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | रोगको समयमै निदान तथा उपचारमा गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | स्थलगत अनुशिक्षणका लागि जाने स्थानको पहिचान गर्ने ।<br>अनुशिक्षणका लागि जाने प्रशिक्षकहरुको छनौट गर्ने ।<br>पहिचानका आधारमा स्थलगत अनुशिक्षणका लागि पूर्व तयारी गर्ने<br>अनुशिक्षणमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट आवश्यक व्यवस्था गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च रकम, स्टेशनरी, मसलन्द सामग्री, अन्य खर्च नर्म्स अनुसार । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | निर्देशिका अनुसारको चेकलिष्ट तथा भ्रमण सम्पन्न प्रतिवेदन |

## ११.कृयाकलापको नाम: जिल्ला तथा स्थानीय प्रयोगशालाका लागि रिएजेन्ट, केमिकल उपकरण अन्य सामग्री खरिद तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२५.३२४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुको गुणस्तरियता कायम गर्न र कार्यरत |

| | |
|---|---|
| | कर्मचारीहरुको क्षमता,ज्ञान र सिप विकास गर्न प्रयोगशालको लगि आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद कार्यक्रम रहेको छ । |
| उद्देश्य | प्रयोगशालाहरुको लागि आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गरि क्षमता, ज्ञान र सिप विकास गर्न साथै परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा रोग निदान गरि गुणस्तरियता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | • प्रयोगशालाका लागि आवश्यक रिएजेन्ट, केमिकल, उपकरण तथा अन्य सामग्रीहरुको वार्षिक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने ।<br>• गुणस्तरको सुनिश्चितता गरेर मात्र खरिद गर्ने ।<br>• खरिद गरिएका सामग्रीहरुको आवश्यक ठाउँमा उपलब्ध गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण तथा वितरण प्रतिवेदन |

## १२. कृयाकलापको नाम: जिल्ला तथा स्थानीय प्रयोगशालाहरुको स्तर उन्नतिका लागि भौतिक सामग्रीहरुको व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालाहरुको पूर्वाधार सुदृढ गर्न आवश्यक भौतिक सामग्रीहरु खरिद तथा ब्यबस्थापन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रयोगशालाहरुको लागि आवश्यक भौतिक सामग्री ब्यबस्थापन गरी प्रयोगशाला सेवामा गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा रोग निदान गरि गुणस्तरियता कायम गर्न सहज हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | खरीद युनिटको निर्णय अनुसार आवश्यक सामाग्रिहरुको सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद गरी आवश्यक स्थानमा उपलब्ध गराईनेछ । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट खरिदका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण तथा वितरण प्रतिवेदन |

## १३. कृयाकलापको नाम: पानीको गुणस्तर परिक्षण तथा आवश्यक सामग्री खरिद र अनसाइट कोचिंग

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.३९९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | MICS -२०१९ प्रतिवेदन अनुसार कर्णाली प्रदेशमा स्वच्छ पिउने पानी प्रयोग गर्नेको संख्या अत्यन्त न्यून रहेको छ । त्यसैले स्वच्छ पिउने पानीको गुणस्तरियता निरन्तर कायम गर्न अत्यावश्यक रहेकाले पानीको गुणस्तर परिक्षण र त्यससंग सम्बन्धित सामग्री खरिद साथै गुणस्तर परिक्षणमा संलग्न हुने प्रयोगशालाकर्मीहरुको स्थलगत अनुशिक्षण मार्फत ज्ञान र सिपमा अभिबृद्दि गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | पिउने पानीको परिक्षण गरी शुद्ध पिउने पानीको सुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | शुद्ध पिउने पानीको प्रयोगले पानीजन्य रोगहरुको न्यूनीकरण हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश, सुर्खेत । |
| सञ्चालन प्रकृया | पानी परिक्षण गरिनुपर्ने स्थानको छनौट गर्नु पर्ने।<br>परिक्षणका लागि आवश्यक किट तथा सामग्रीहरुको व्यवस्थापन गर्ने<br>पानी परिक्षण गर्ने स्थानमा कार्यरत प्रयोगशालाकर्मीहरुलाई स्थलगत अनुशिक्षण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>कार्यक्रम संचालनका लागि तोकिएको शिर्षक अनुसार बजेटको बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | पानी परिक्षण गरिएका स्थानहरुको विवरण,सामग्री खरिद विवरण र स्थलगत अनुशिक्षण सम्पन्न प्रतिवेदन |

## १४. कृयाकलापको नाम: प्रदेश जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम

| | |
|---|---|
| कृयाकलाप संकेत::२.७.२२.३९७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरुको प्रयोगशाला सम्बन्धी नविनतम प्रविधिका बिषयमा ज्ञान, सिप र कार्य क्षमता अभिबृद्दि गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीहरुको नविनतम प्रविधिका बिषयमा ज्ञान, सिप र कार्य क्षमता अभिबृद्दि गर्ने । |
| अपेक्षित प्रतिफल | नविनतम प्रविधिका बिषयमा ज्ञान, सिप र कार्य क्षमता अभिबृद्दि भै गुणस्तरिय सेवा प्रवाह हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश सुर्खेत । |
| सञ्चालन प्रकृया | • प्रयोगशाला सम्बन्धी नविनतम प्रविधिका सम्बन्धमा क्षमता अभिबृद्दि गर्न सहभागीहरु छनौट गर्ने।<br>• कार्यक्रमसंग सम्बन्धित सम्भाव्य केन्द्रहरुको छनौट गरी तालिमका लागि आवश्यक व्यवस्थापन गर्ने<br>• नविनतम प्रबिधि प्रयोग भइरहेका स्थानहरुमा गई तालिम तथा अवलोकन गरी पारस्परिक सिपको आदानप्रदान गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र । |
| बजेट बाँडफाँट | दै.भ्र.भ, यातायात खर्च तथा अन्य खर्च नर्म्स अनुसार हुने । |
| सन्दर्भ सामग्री | NPHL SOP, PPHL Basic Lab Training Guideline, प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## (ङ) मानव संसाधन विकास केन्द्र, स्वास्थ्य तालिम शाखा अन्तर्गतका कार्यक्रमहरू

### १. कृयाकलापको नाम: स्वास्थ्य सम्बन्धी क्रियाकलापको एकीकृत कार्यस्थल अनुशिक्षण सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन

| | |
|---|---|
| **क्रियाकलाप संकेतः २.७.२२.१०५** | **खर्च शिर्षक नं. २२५२२** |

| | |
|---|---|
| **परिचय** | मानव संसाधन बिकास केन्द्र अन्तर्गत स्वास्थ्य तालिम शाखाले प्राविधिक (क्लिनिकल) तथा जनस्वास्थ्य सम्बन्धी बिभिन्न तालिम संचालन, व्यवस्थापन साथै तालिमको गुणस्तरीयता निर्धारण गर्ने कार्य गर्दै आइरहेको छ । बिभिन्न तालिम कार्यक्रम तथा अनुशिक्षण पश्चात निर्धारित उद्देश्यहरु कति पूर्ति भए वा भएनन् त्यसबाट के कस्तो उपलव्धी हुन सक्यो, उपलब्धिका कारणहरु के के हुन भन्ने निर्धारण गर्न अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | • तालिममा सिकेका ज्ञान सिपहरुको कसरी प्रयोग भइरहेको छ त्यसको जानकारी लिन ।<br>• सिकेका कुरा प्रयोग गर्न कस्ता कठिनाई छन भन्ने जानकारी लिन<br>• समस्या वा कमी कमजोरिहरुलाई तत्काल कार्यक्षेत्रमा नै गई सहजिकरण गर्न र पछिको लागि तालिमको आवश्यकता पहिचान गर्न |
| **अपेक्षित प्रतिफल** | • सिपमा आधारित तालिमको प्रभावकारिता र उपयोगिताको मूल्याँकन भइ भविष्यमा संचालन गरिने तालिमको गुणस्तरमा वृद्धि हुने ।<br>• स्वास्थ्यक्षेत्रमा सँचालन भएका कार्यक्रम प्रभावकारी रुपमा सँचालन भई सेवाको गुणस्तरमा सुधार भई पहुँच तथा उपभोगमा वृद्दि हुनेछ । |
| **कार्यान्वयन गर्ने निकाय** | मानव संसाधन विकास केन्द्र, सुर्खेत । |
| **सञ्चालन प्रकृया** | • कार्यस्थल पहिचान गरी अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अनुशिक्षण कार्य योजना बनाउने ।<br>• अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अनुशिक्षण कार्य योजना अनुसार सहजिकरणमा जाने व्यक्तिले कार्यालय प्रमुखसंग कार्य योजना स्वीकृत गराई तोकिएको स्थानमा जाने । |
| **सञ्चालन गर्ने अबधि र अनुमानित मिति** | तोकिएको चौमासिक भित्र |
| **बजेट बाँडफाँट** | बार्षिक वजेटको परिधिभित्र रही कार्य योजना बनाउने र कार्य योजना अनुसार कार्यक्रम संचालन गरी प्रतिवेदन तयार गर्ने ।<br>प्रचलित कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७५, कर्णाली भ्रमण खर्च नियमावली २०७५ तालिम सम्बन्धी |

| | |
|---|---|
| **सन्दर्भ सामग्री** | सुपरीवेक्षण अनुगमन तथा मूल्याकन तथा अनुशिक्षण चेकलिष्ट, अध्ययन सामग्री, जिल्ला स्वास्थ्य प्रशिक्षक सीप विकास कार्यक्रम निर्देशिका तथा प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| **अनुगमन सूचक** | सुपरीवेक्षण अनुगमन तथा मूल्याकन तथा अनुशिक्षण प्रतिवेदन । |

## २. कृयाकलापको नामः सामाजिक व्यवहार परिवर्तन तालिम (SBC)

| **क्रियाकलाप संकेतः २.७.२२.१६८** | **खर्च शिर्षक नं. २२५२२** |
|---|---|

| | |
|---|---|
| **परिचय** | विभिन्न कार्यक्रम अन्तर्गतका स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा जनस्तरसम्म पुर्याउन र स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सेवा प्रदायकको कार्यदक्षता अभिवृद्धि हुन आवश्यक हुन्छ । सो का लागि कार्य दक्षतामा आधारित तालिमको आवश्यकता रहन आउँदछ । घरपरिवार समाज भित्र रहेका स्वास्थ्य सम्बन्धी बाधा अड्चनहरुलाई हटाई सकारात्मक परिवर्तन ल्याउनुनै सामाजिक परिवर्तन हो । सामाजिक व्यवहारमा सकारात्मक परिवर्तन विना गुणस्तरीय स्वास्थ्य सेवा अपुरो हुन जाने भएकोले सो को व्यवस्था गर्न यो तालिम कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | • स्वास्थ्य सेवा प्रवाहका क्रममा जनशक्तिलाई आवश्यक सीप र दक्षताको विकास गरी सामाजिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।<br>• व्यवहार परिवर्तनको लागि सम्भावना भएको लक्षित समूहको खोजी गरी व्यवहार परिवर्तनका अवरोधलाई प्रभाव पार्ने तथ्य, विचार, अवधारणा र सिद्धान्तलाई प्रकृयागत रुपमा प्रशिक्षण गरी व्यवहार परिवर्तनका रणनैतिक उद्देश्य तयार गरी सकारात्मक परिवर्तन ल्याउने । |
| **अपेक्षित प्रतिफल** | विभिन्न तहका स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिका लागि आवश्यक सामाजिक व्यवहार परिवर्तन सम्बन्धी ज्ञान सीप र अवधारणाको अभिवृद्धि भई गुणस्तरीय सेवा प्रवाह पहुच तथा उपभोगमा वृद्धि हुनेछ । |
| **कार्यान्वयन गर्ने निकाय** | मानव संसाधन विकास केन्द्र, सुर्खेत |
| **सचालन प्रकृया** | • विज्ञहरु र सरोकारवालाहरुसँग बैठक बसी नियमको परिधी भित्र रही कार्यक्रम र गतिविधि तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । स्थानीय तहका स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीलाई उनीहरुको प्रत्यक्ष सहभागीतामा संचालन हुने SBC प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त व्यक्ति छनौट गर्ने ।<br>• पालिका प्याकेज म्यानुअल अनुसारको बिषयबस्तु समावेश गरी तालिम संचालनको सहभागी स्थान तथा समय छनौट गरी सचालन गरिने । |
| **सञ्चालन गर्ने अबधि र** | तोकिएको चौमासिक भित्र |

| | |
|---|---|
| **अनुमानित मिति** | |
| **बजेट बाँडफाँट** | तयारी तथा व्यवस्थापन खर्च प्रचलित ऐन नियम निर्देशिका अनुसार विभिन्न खर्च शिर्षकमा बाँडफाँट गरी निर्देशकबाट स्वीकृत गराई संचालन गर्ने । |
| **सन्दर्भ सामग्री** | सम्वन्धित अध्ययन सामग्री, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |
| **अनुगमन सूचक** | तालिम लिनेको संख्या तथा सम्पन्न प्रतिवेदन । |

## ३. कृयाकलापको नाम: मनोसामाजिक सचेतना कार्यक्रम

| | |
|---|---|
| **क्रियाकलाप संकेतः २.७.२२.४२४** | **खर्च शिर्षक: २२५२२** |

| | |
|---|---|
| परिचय | नेपालमा हरेक बर्ष नसर्ने रोगका कारण बिरामी हुने तथा मृत्यु दर बढ्दै गई रहेको छ । विलासी जीवनशैली, खानपान, मानसिक स्वास्थ्य समस्या आदि आजको विश्वमा नसर्ने रोगको मुख्य कारणको रुपमा रहेका छन् । विश्व व्यापी रुपमा फैलदै गएका बिभिन्न महामारी, नसर्ने रोग तथा मानसिक समस्यालाई न्यूनीकरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मी, शिक्षक, स्थानीय जनप्रतिनिधीहरुलाई मनोवैज्ञानिक प्राथमिक सहयोग, मनोसामाजिक परामर्श तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप तथा धारणा अभिवृद्दि गर्ने । |
| अपेक्षित प्रतिफल | मनोवैज्ञानिक प्राथमिक सहयोग, मनोसामाजिक परामर्श तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप तथा धारणा अभिवृद्धि भई मानसिक समस्यामा कमी आउँनेछ । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र, सुर्खेत। |
| संचालन प्रकृया | वार्षिक बजेटको परिधि भित्र रही मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम स्वीकृत गरी स्थानीय तहको समन्वयमा मापदण्ड अनुसार प्रशिक्षक र सहभागी स्थान र समय छनौट तथा तालिम प्याकेज निर्माण गरी अभिमुखिकरण तालिम संचालन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्ड । |

| | |
|---|---|
| अनुगमन सूचक | तालिम प्राप्त संख्या, सम्पन्न प्रतिवेदन । |

## (च) अस्पताल अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नाम: प्रदेश अस्पताल सुर्खेतको तल्ला थप कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.1.2.435 | खर्च शिर्षकः 31112 |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशको केन्द्र सुर्खेतमा संचालित प्रदेश अस्पताललाई प्रदेशको प्रेषण केन्द्रको रुपमा स्थापित गर्न, थप शैय्या सहितको सेवा सुद्दढिकरण तथा विस्तार गरी भविष्यमा स्वास्थ्य प्रतिष्ठान संचालन गर्न उपयुक्त हुने गरी भवनको व्यवस्था गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | भवनको तल्ला थप गरी शैय्या तथा सेवा सुदृढ र बिस्तार गरी स्वास्थ्य प्रतिष्ठानमा स्तरोन्नति गर्न सहयोग गर्न । |
| अपेक्षित प्रतिफल | अस्पतालको सेवा विस्तार भइ स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा वृद्धि हुने । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताल भवनको तल्ला थप निर्माण कार्य गर्न कार्यक्रम तथा लागत अनुमान तयार गरी बहुवर्षीय कार्यक्रम स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम निर्माण कार्य गर्ने । |
| बजेट बाँडफाटँ | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, कार्य सम्पन्न प्रतिबेदन । |

### २. कृयाकलापको नाम: कम्प्युटर प्रिन्टर लगायतका आवश्यक पर्ने अन्य मेसिनरी सामग्रीहरु ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.7.14 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालका अभिलेख, विवरण तथा दैनिक प्रशासनिक कार्य गर्न आवश्यक कम्प्युटर प्रिन्टर साथै अन्य मेसिनरी सामग्री खरिद गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अभिलेख तथा प्रतिबेदन साथै प्रशासनिक कार्य गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | भौतिक पूर्वाधारमा वृद्धि भई कामको दक्षतामा अभिवृद्धि हुने । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, इन्टरनेट, नेटवर्किङ तथा सिसिटिभि र अन्य मेसिनरी सामग्रीहरुको सूची तयार गरि कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाटँ | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर । |

### ३. कृयाकलापको नाम: Micro Debrider with Polypremoral set खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.9.38 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवा बिस्तार गरी प्रदेशका सेवाग्राहीहरुलाई अत्याधुनिक मेसिन द्वारा सुलभ रुपमा चिकित्सकिय सेवा प्रदान गर्नका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालको सेवा बिस्तार भई गुणस्तरिय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | सहजरुपमा थप चिकित्सकिय सेवा प्रदान गर्न मद्दत हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने Micro Debrider with Polypremoral set को प्राविधिक विवरण (Technical Specification) तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिबेदन, निरिक्षण । |

## ४. कृयाकलापको नाम – Flexible Scope set, 4K laparoscopic tower set with endourology set, advanced bipolar vessel sealing system bipolar TUR system, Patient warning system & Arthroscopy attachment, Power drill set, Digital vein finder खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.9.3९, 11.3.9.41, 11.3.9.43, 11.3.9.44, 11.3.9.45 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवा बिस्तार गरी सेवाग्राहीहरुलाई नविनतम प्रविधिको प्रयोग मार्फत अत्याधुनिक मेसिन द्वारा सुलभ रुपमा सेवा प्रदान गर्नका लागि यी शिर्षकहरुमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अत्याधुनिक मेसिनको प्रयोग मार्फत चिकित्सकिय सेवा सहज र सरल हुने । |
| अपेक्षित प्रतिफल | अत्याधुनिक मेसिन द्वारा सहजरुपमा सेवा प्रदान भइ चिकित्सकिय सेवाको पहुँच र गुणस्तरमा वृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने तोकिएको Equipment & Instrument को प्राविधिक विवरण (Technical Specification) तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराई सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिबेदन, निरिक्षण । |

## ५. कृयाकलापको नाम – Eye OT Equipment with green laser खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.9.47 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालमा संचालित आखाँ उपचार सेवा बिस्तार गरी सेवाग्राहीहरुलाई नविनतम प्रविधिको प्रयोग गरी शल्यक्रिया सहितको सेवा प्रदान गर्नाका लागि यो शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | आखाँको उपचार तथा शल्यक्रिया सहित एकिकृत स्वास्थ्य सेवा उपलब्ध भइ सेवाग्राहीको संख्यामा वृद्धि हुने । |
| अपेक्षित प्रतिफल | आखाँको उपचार तथा शल्यक्रिया सेवा बिस्तार भई गुणस्तरिय आखाँ उपचार सेवा उपलब्ध हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाइ आवश्यक पर्ने तोकिए अनुसारको सम्बन्धित Equipment & Instrument को प्राविधिक विवरण (Technical Specification) तयार गरि कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत मापदण्ड अनुसार । |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिबेदन, निरिक्षण । |

## ६. कृयाकलापको नाम – Physio Therapy Equipment setup खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.9.49 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालले शारीरिक अपाङ्गता भएका व्यक्तिहरु तथा चिकित्सकबाट सिफारिस गरिएका विरामीहरुलाई फिजियोथेरापी सेवा संचालन गर्दै आईरहेकोमा थप उपकरण तथा सामग्री खरिद गरी सेवा सुदृढिकरण गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | थप उपकरणद्वारा फिजियोथेरापी सेवा उपलब्ध गराउन । |
| अपेक्षित प्रतिफल | फिजियोथेरापी सेवा सुदृढ तथा विस्तार भइ सेवाग्राही लाभान्वीत हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाई फिजियोथेरापिको लागि आवश्यक पर्ने Equipment & Instrument को प्राविधिक विवरण (Technical Specification) तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद योजना, जिन्सी खाता, प्रतिबेदन, सेवा रजिष्टर, निरिक्षण । |

## ७. कृयाकलापको नाम: अस्पताल भवनमा Telephone Intercom System ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.17.1 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालमा सेवा बिस्तार संगै बिभिन्न विभाग, वार्ड, शाखा संग आन्तरीक संचारका लागि Telephone Intercom System जडान गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | सहजरुपमा सूचना आदान प्रदान हुने । |
| अपेक्षित प्रतिफल | सूचना तथा जानकारी छिटो प्राप्त भइ सेवा प्रदान गर्न सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पतालका बिभिन्न विभाग, वार्ड, शाखाहरुको सूची तयार गरी आवश्यक स्थानमा Telephone Intercom System जडान तथा संचालन गर्न आवश्यक पर्ने नेटवर्किङ, टेलिफोन सेट, व्याकअप लगायत आवश्यक सामग्रीहरुको लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम खरिद गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, अनुगमन । |

## ८. कृयाकलापको नाम: खाना पकाउनका लागि सौर्य प्रणाली जडान

| | |
|---|---|
| कृयाकलाप संकेतः 11.3.22.6 | खर्च शिर्षकः 31122 |

| | |
|---|---|
| परिचय | अस्पतालमा सेवा प्रदान गर्ने चिकित्सक, नर्सिङ, पारामेडिक्स लगायतका कर्मचारी साथै उपचारत विरामीहरुलाई खाना, खाजाको व्यवस्था गर्न खाना पकाउन सौर्य प्रणाली जडान गरी बैकल्पिक उर्जाको प्रयोग मार्फत संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | बैकल्पिक उर्जाको प्रयोग गरी अस्पतालमा स्वस्थ सफा खाना खाजा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | ग्यासँ तथा बिद्युतको खपत कम भई इन्धन खर्च कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पतालमा कार्यरत कर्मचारी तथा उपचारत विरामीहरु एकिन गरी आवश्यक पर्ने उपकरण सामग्रीको सूची अनुसारको लागत अनुमान, प्राविधिक विवरण (Technical Specification) स्वीकृत गराई सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, दैनिक रजिष्टर । |

## ९. कृयाकलापको नाम: फर्निचर तथा फिक्चर्स खरिद ।

| कृयाकलाप संकेतः ११.6.13.6 | खर्च शिर्षकः 31123 |
|---|---|

| | |
|---|---|
| परिचय | अस्पतालमा स्वास्थ्य सेवा प्रदान गर्न साथै कार्यालय प्रयोजनका लागि आवश्यकता पर्ने फर्निचर तथा फिक्चर्स खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | सेवा प्रदान गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | सेवा प्रदायक तथा सेवाग्राहीलाई सहजरुपमा सेवा प्रदान गर्न सहयोग हुने । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने फर्निचर तथा फिक्चर्सको सूचि तयार गरि कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | जिन्सी खाता, निरिक्षण । |

## १०. कृयाकलापको नाम: जेष्ठ नागरिकहरू तथा गरिव असहायलाइ नि:शुल्क स्वास्थ्य सेवा प्रदान ।

| कृयाकलाप संकेतः २.७.२२.४२९ | खर्च शिर्षकः 22522 |
|---|---|

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिकको सम्मान स्वरुप तथा आर्थिक अभावका कारण कोही पनि स्वास्थ्य सेवाबाट बञ्चित नहुन् भन्ने उद्देश्यले गरिव असहायलाई अस्पतालमा उपलब्ध स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउन यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | जेष्ठ नागरिक तथा गरिव असहायहरुलाई नि:शुल्क स्वास्थ्य सेवाको पहुँच हुने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिक तथा गरिव असहायको सेवामा पहुँचमा वृद्धि हुनेछ । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | यस शिर्षकमा विनियोजित भएको बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम स्वीकृत गराइ कार्यक्रम संचालन गर्ने<br>औषधि खरिदः अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरिक तथा गरिव असहाय को अनुमानित संख्या एकिन गरि निःशुल्क बितरणका लागि औषधि खरिद गर्ने ।<br>सेवा शुल्कः जेष्ठ नागरिक तथा गरिव असहायको अनुमानित संख्या एकिन गरि निःशुल्क सेवा प्रदान गरे वापतको सेवा शुल्क अस्पताल व्यवस्थापन समितिमा सोधभर्ना गर्ने ।<br>नेपाल सरकारले जेष्ठ नागरिकहरुको नि: शुल्क स्वास्थ्य बिमा गर्ने भएकोले स्वास्थ्य बिमा गराउन उत्प्रेरणा गर्ने र स्वास्थ्य बिमा भएकाहरुलाइ यो सुविधा उपलब्ध हुने छैन । |
| बजेट बाँडफाँट | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रतिबेदन |

## ११.कृयाकलापको नाम: अस्पताल सुरक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४८ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अबैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतीको सुरक्षा हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति हुनेछ । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ २४ घण्टा अस्पताल सुरक्षाको लागि तालिम प्राप्त व्यक्तिलाई व्यवसायिक कम्पनी मार्फत सेवा करार वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने । |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन |

## १२. कृयाकलापको नाम: अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.188 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | अस्पतालबाट निस्कने अस्पतालजन्य फोहोरमैलाबाट समुदायमा हुन सक्ने जनस्वास्थ्य सम्बन्धि समस्यालाई न्युनिकरण गर्न सामान्य तथा अस्पतालजन्य फोहोरलाई आवश्यकता अनुसार निर्मलिकरण गरि उचित बिसर्जन गर्नु पर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरि व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| कार्यान्वियन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | Health Care Waste Management Guideline 2022 अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>• भौतिकपूर्वाधारको निर्माण तथा मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामग्री खरिद तथा मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद<br>• मेसिनरी औजार तथा सामग्री खरिद |

| | |
|---|---|
| | • कार्यालय सहयोगी २ जनासम्म करारमा नियूक्ति गर्न सकिने |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | जिन्सी खाता, प्रतिबेदन, निरिक्षण । |

## १३. कृयाकलापको नाम: अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.5.46 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ बिशेषज्ञ सेवा संचालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा तत्काल बिशेषज्ञ स्वास्थ्य सेवा सहज रुपमा संचालन गर्न का लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | बिशेषज्ञ तथा बिशेष प्रकृतीका सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा गुणस्तरिय बिशेषज्ञ सेवा उपलब्ध भइ सेवाग्राहीको संख्यामा वृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | स्थान बिशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा करारमा नियुक्ति गर्ने ।यस साथै स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तै: Physiotherapist/ Assistant, Lab-Technologist/ Assistant, Biomedical Engineer/ Assistant, Pharmacist/Assistant Audiologist/ Assistant, Staff Nurse, Ophthalmic Assistant, Dental Hygienist, Psycho Social Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने । यस भन्दा पहिला सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने छ। |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिबेदन, निरिक्षण । |

## १४. कृयाकलापः निःशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः 7.2.9.3 | खर्च शिर्षकः 27213 |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामग्री खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| सञ्चालन प्रकृया | • नि:शुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने<br>• स्वीकृत खरिद योजना बमोजिम गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर प्रचलित ऐन/नियमावली अनुसार खरिद गरी स्टोरहरुमा राख्ने ।<br>• माग र आवश्यकता भएको अवस्थामा औषधि, औषधिजन्य सामग्री तथा सर्जिकल सामग्रीको व्यवस्थापन गर्न सकिने छ |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने<br>स्वीकृतबजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बजेटबाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | खरिद प्रकृया, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, जिन्सि रजिष्टर । |

## १५. कृयाकलापको नाम: पोषण पुनर्स्थापना गृह व्यवस्थापन तथा सुदृढिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.5.98 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | अस्पतालहरुमा स्थापना भएका पोषण पुनर्स्थापन गृहको व्यवस्थापन तथा सेवा सुदृढिकरण गरी गुणस्तरीय पोषण कार्यक्रम संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | पोषण पुनर्स्थापना गृहको सुदृढीकरण गरी कुपोषणका कारणले हुने शिशु तथा बाल मृत्यु दर घटाइ समग्र पोषणको अवस्थामा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | पोषण पुनर्स्थापना गृहको सुदृढीकरण गरी पोषण सम्बन्धी गुणस्तरीय सेवा प्रदान गरिने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | कार्यक्रम स्वीकृत गराई पोषण पुनर्स्थापना गृहको सुदृढीकरणका लागि निम्न कार्य गर्न सकिनेः<br>• भवन तथा भौतिकपूर्वाधारको मर्मत संभार<br>• खानेपानी, बिद्युत, इन्टरनेट, संचार, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• अस्पताल फर्निचर मर्मत सुधार<br>• औषधि खरिद<br>• पुनर्स्थापना गृहका लागि आवश्यक भाँडाकुडा, ग्यास चुलो, ग्यासको व्यवस्थापन |

| | |
|---|---|
| | • बेड,मेट्रेस खरिद ।<br>• मेसिनरी औजार तथा सामग्री खरिद<br>• रात्री डिउटी गर्ने १ जना कर्मचारीलाइ प्रति रात १५०।०० का दरले खाजा खर्च उपलब्ध गराउन सकिने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद प्रकृया, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |

## १६. कृयाकलापको नाम: प्रेशण व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.185 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा परिभाषित गरिएको छ । कर्णाली प्रदेशका गरिब, असहाय तथा लोपन्मुख बिरामीहरुलाई अस्पतालमा उपचार सम्भव नभइ अन्यत्र प्रेषण गर्नु परेमा वा त्यस्ता बिरामीहरुको उपचार पश्चात घरसम्म पुर्याउने व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | आर्थिक अवस्था कमजोर भई स्वास्थ्य उपचारबाट बञ्चित व्यक्तिमा सेवाको पहुँच वृद्धि हुने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पहुँचमा वृद्धि भई निको हुने दर वृद्धि हुने साथै मृत्यु दर कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछ<br>• गरिव, असहाय, लोपोन्मुख जातिका विरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ५०००।०० सम्म प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिनेछ ।<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुबिधा लिइ उपचार गर्न आएका विरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा २ जनालाई वा एम्बुलेन्स भाडा दर अनुसार वा बढीमा ५०००।०० सम्म भुक्तानी गर्न सकिने छ । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, प्रेषण पुर्जा, भाडा बुझाएको रसिद, प्रतिवेदन । |

## १७. कृयाकलापको नाम: बिरामीका लागि रासन सिदा

| | |
|---|---|
| कृयाकलाप संकेतः 7.1.1.1 | खर्च शिर्षकः 27111 |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयुक्त खाना उपलब्ध गराइ उपचारमा सहयोग हुनेछ । |
| अपेक्षित प्रतिफल | बिरामीहरुको आर्थिक भार कम हुने र पूर्ण उपचार गराई जानेछन् । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्त सम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गररे तोकिए बमोजिम को स्केल अनुसार जिल्ला दररेट समितिको निर्णानुसार लागत अनुमान तयार गरि दैनिक खानाको व्यवस्था गर्न सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु बमोजिम खरिद गर्ने । प्रत्येक दिनको (आईतवार देखि शनिवार) अनुसूची १ अनुसारको फुडमेनु प्रदर्शन गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, डाइट स्लिप, खरिद सम्बन्धी कागजात, दैनिक रजिष्टर । |

## १८. कृयाकलापको नाम: ल्याव सेवा संचालन तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः 7.2.9.4 | खर्च शिर्षकः 27213 |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याव सेवाको ठूलो भूमिका रहेको हुन्छ । अस्पतालमा ल्याव सेवा प्रदान गर्ने स्थान प्रयोगमैत्री बनाई, समय सापेक्ष स्तरोन्नति गरी नियमित सेवा प्रवाह गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | व्यवस्थित ल्यावबाट गुणस्तरीय परिक्षण प्रतिबेदन तयार गरि रोग निदानमा सहयोग हुने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय परिक्षण गरि रोग निदानमा सहयोग हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक केमिकल रिएजेन्ट उपकरण सामग्रीको सूची तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम आवश्यक केमिकल रिएजेन्ट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामग्री खरिद गर्ने । |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर । |

## १९. कृयाकलापको नाम: सिइओसी सेवा निरन्तरताका लागि लोकम चिकित्सक ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः 7.2.22.52 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | अस्पतालमा प्रसुती चाप बढी भई उपलब्ध जनशक्तिहरुबाट गुणस्तरीय प्रसुती सेवा |

| | |
|---|---|
| | प्रदान गर्न समस्या भएको र प्रसुती सेवा लिन अस्पतालसम्म पुगेका महिलाहरुलाई समयमै सेवा उपलब्ध गराउन थप जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकाले यो कार्यक्रमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | थप जनशक्ति व्यवस्थापन गरी समयमा नै गुणस्तरीय प्रसुती सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रसुती सेवा उपलव्ध हुने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | • यस शिर्षकमा प्राप्त रकमबाट आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रम स्वीकृत गराई अस्पतालको क्षमता बढाउन तथा सेवा निरन्तरताको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नको लागि खर्च गर्न सकिने छ ।<br>• यस शिर्षकको रकममा उल्लेख भए अनुसार करार सेवामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक लगायत चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियुक्ति गर्न सकिने छ ।<br>• यस शिर्षकमा रकम अपुग भएमा अस्पताल व्यवस्थापन समिति आफै वा सामाजिक विकास मन्त्रालय संग समन्वय गरी थप रकम व्यवस्थापन गर्न सकिने छ । यस शिर्षकबाट गत आ.व.मा कार्यरत कर्मचारीको काम संतोषजनक पाईएमा सेवा निरन्तरता दिन सकिने छ । |
| बजेट बाँडफाँट | अस्पतालमा यस शिर्षकबाट करार सेवामा जनशक्ति व्यवस्थापन भैरहेकोमा यसै शिर्षकको रकमबाट सेवा निरन्तरता दिन कार्यक्रम स्वीकृत गराई खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा तथा हाजिरी रजिष्टर, करार सम्झौता। |

## २०. कृयाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः 7.2.22.57 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | यस प्रदेशमा स्वास्थ्य बीमामा आवद्ध बिमीतहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बीमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्न स्वास्थ्य बीमा कक्षको स्तोरोन्नति गरी सेवा प्रवाह गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य बीमा कक्षको स्तरोन्नति गरी बिमीतहरुलाई प्रभावकारी रुपमा सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | बिमीतहरुले छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा पाउनेछन् । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | कार्यक्रम स्वीकृत गराई स्वास्थ्य बीमा सेवालाई छिटो छरितो तथा प्रभावकारी रुपमा प्रवाह गर्न स्वास्थ्य बीमा कक्ष स्तरोन्नति गरी संचालन गर्ने ।<br>संचालन विधिः<br>• अस्पतालमा बीमा कक्षको व्यवस्था/ स्तरोन्नति गरी मर्मत, रंगरोगन, फर्निचर तथा पर्दा, कार्पेट, बिद्युत, कम्प्युटर, प्रिन्टर, यु पि एस आदि आवश्यक सामग्रीको व्यवस्था गर्ने । |

| | |
|---|---|
| | • सेवाग्राहीको चाँप अनुसार करार सेवामा आवश्यक जनशक्ति नियुक्ति गर्ने ।<br>• मसलन्द, इन्टरनेट, संचार, मर्मत आदिमा खर्च गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर, नियुक्ति पत्र । |

## २१. कृयाकलापको नाम: विभिन्न पदमा करार सम्झौता भइ कार्य गर्ने कर्मचारीको लागि

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.5.7.4 | खर्च शिर्षकः 22413 |

| | |
|---|---|
| परिचय | अस्पतालमा दैनिक सेवाग्राहीको संख्या वृद्धि भइरहेको र जनशक्तिको अभाव रहेकाले करारमा कर्मचारी व्यवस्थापन गरी सेवाग्राहीहरुलाई नियमित सेवा प्रदान गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | सेवाग्राहीहरुलाई छिटो छरितो तथा प्रभावकारी रुपमा नियमित स्वास्थ्य सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरुले छिटो छरितो तथा प्रभावकारी रुपमा निरन्तर सेवा पाउने । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश अस्पताल, सुर्खेत । |
| संचालन प्रकृया | • सेवाग्राहीको चाप अनुसार अपुग जनशक्तिको निश्चित गरी कार्यक्रम स्वीकृत गराई स्वास्थ्य सेवालाई छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्ने ।<br>• आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी, बायोमेडिकल इन्जिनियर/ टेक्निसियन, सरसफाइकर्मी/ कार्यालय सहयोगी तथा अन्य जनशक्ति करारमा व्यवस्था गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सूचक | सूचना, सम्झौता पत्र, नियुक्ति पत्र, सेवा तथा हाजिरी रजिष्टर । |

## २२. कृयाकलापको नाम: अल्जाइमर, क्यान्सर, पार्किन्सन, सिकलसेल एनेमिया, मुटु, मृगौला, रिकेट्स जस्ता दीर्धरोगबाट पीडित विरामीको उपचारमा सहयोग कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.463 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले २०६७ साल देखि विपन्न नागरिकहरुलाइ लक्षित गरी ८ प्रकारका कडा रोगहरुको उपचारमा रु एकलाख सम्मको उपचार सहुलियत प्रदान गर्दै आएको छ । सो व्यवस्था भए पनि ८ प्रकारका रोगका पिडित विरामीहरुलाइ उपचारका लागि अस्पताल सम्म पुग्न सहज बनाउन यातायात खर्च वापत राहत स्वरुप सहयोग गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • विपन्न नागरिकहरुलाई ८ प्रकारको रोगको उपचारमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • अल्जाइमर क्यान्सर पार्किन्सन सिकलसेल एनेमिया मुटु मृगौला रिकेट्स |

| | |
|---|---|
| | जस्ता दीर्धरोगबाट पीडित विरामीलाई आर्थिक सहयोग भइ सेवा लिन सहयोग हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • निवेदकले स्थानिय निकायको विपन्न नागरिक सिफारीस पत्र, विरामीको परिचय खुल्ने कागजात र अस्पतालमा रोगको निदान भएको कागजात साथै उपचाररत रहेको अस्पतालको पत्र पेश गर्नु पर्ने ।<br>• यातायात खर्चको औचित्य पुष्ठि भएपछि उक्त रकम सम्भव भएसम्म बैँक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ । विरामिको नाममा बैँक खाता नभएको खण्डमा मात्र नगद भुक्तानि दिनुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | बिरामीको प्रषण गर्नुपर्ने  भएमा विपन्न नागरिकको पहिचान गरी उपचारको लागि तोकियको समितिबाट यातायात खर्च रकम निर्णय भएपछि सम्बन्धित निकायहरुले यातायात खर्च वापत रकम उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सुचक | सेवा रजिष्टर, सेवा लिनेको संख्या, बिल भरपाइ । |

## २३. कृयाकलापको नामः अपाङ्गता भएका व्यक्तिहरुलाइ सहायक सामग्री तथा पुनर्स्थापन कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.12.5 | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | बिभिन्न कारणले अपाङ्गता भएका मानिसहरुलाई हिडडुल तथा दैनिक जीवनयापन गर्न सहायक सामग्री उपलब्ध गराउने हेतुले यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | अपाङ्गता भएका मानिसहरुलाई आवश्यकताको आधारमा सहायक सामग्री उपलव्ध गराउने । |
| अपेक्षित प्रतिफल | सहायक सामग्रीहरुद्धारा हिडडुल तथा दैनिक जीवनयापनमा सहज हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • अपाङ्गता भएका सेवाग्राहीको अनुमानित संख्या एकिन गरी सहायक सामग्री खरिदको कार्यक्रम स्वीकृत गराइ सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गर्ने ।<br>• निवेदकले स्थानिय तहको विपन्न नागरिक सिफारिस पत्र, अपाङ्गताको परिचय खुल्ने कागजात र अस्पतालमा उपचार गराएको कागजात साथै चिकित्सकको सिफारीस पत्र पेश गर्नुपर्ने ।<br>• फिजियोथेरापीष्ट/फिजियोथेरापी सहायकले सहायक सामग्रीको Assessment गरी उपयुक्त सहायक सामग्री निःशुल्क उपलव्ध गराउने । |
| सञ्चालन गर्ने अवधि र | प्रथम, दोस्रो र तेस्रो चौमासिक |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार । |
| सन्दर्भ सामग्री | प्रचलित कानून र स्वीकृत खर्च सम्बन्धी मापदण्ड । |
| अनुगमन सुचक | सेवा रजिष्टर, सेवा लिनेको संख्या, भरपाइ । |

## (छ) जन/स्वास्थ्य सेवा कार्यालय अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नाम: HMIS, DHIS र LMIS तथ्याङ्क प्रविष्टी तथा व्यवस्थापनको लागि कम्प्युटर जनशक्ति करार (व्यक्ति करार)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.५.8.1२ | खर्च शिर्षक: 22413 |

| | |
|---|---|
| परिचय | आ.ब. २०५१/२०५२ मा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात स्वास्थ्य सेवाहरुको सूचनाहरु एकद्वार प्रणालीबाट उपलव्ध गरिने प्रावधान रहेको छ । आ.ब. २०७३/०७४ देखि जिल्लाबाट DHIS २ अनलाईन सफ्टवेयरमा प्रतिवेदन प्रविष्ट गर्ने कार्य शुरु गरिएको हो । सोही आ.ब. मा प्रत्येक जिल्ला जन / स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत र सहायकहरूलाई र सरकारी अस्पतालमा कार्यरत मेडिकल रेकर्डर अधिकृतहरुलाई DHIS 2 सम्बन्धी तालिम प्रदान गरी सकिएको छ। गत आ.ब.२०७८/७९ सम्ममा सबै स्थानीय तहका स्वास्थ्य संयोजकहरूलाई DHIS-2, HMIS, e-LMIS सम्बन्धी तालिम प्रदान गरी अनलाईनबाट प्रबिष्ट गर्ने कार्य भईरहेकोले HMIS, LMIS, e-LMIS सम्बन्धी सूचना प्रविष्ट गर्न र सूचना व्यवस्थापनलाई सुदृढ गर्न करारमा जनशक्ति भर्ना गरी परिचालन गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा प्रयोग हुने HMIS, DHIS 2 Platform/LMIS मार्फत स्वास्थ्य सूचना सम्बन्धी कार्यको व्यवस्थापन गर्नका लागि योग्यता र दक्षताका आधारमा जनशक्ति भर्ना गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो। उक्त जनशक्तिले गर्ने मुख्य कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन्<br>• HMIS, DHIS-2/e-LMIS मा सूचना प्रविष्ट गरी प्रतिवेदन तयार गर्ने,<br>• E-Governance मा सहयोग पुर्याउने कार्य,<br>• सूचनालाई योजना निर्माणमा सहयोग पुर्याउने<br>• गुणस्तरीय स्वास्थ्य सूचना प्रणालीको दिगो विकासमा टेवा पुर्याउने , |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सूचनाहरू HMIS, e-LMIS, DHIS-२ मा नियमितपूर्ण र समय सीमाभित्र , प्रविष्ट हुनेछ |
| कार्यान्वयन गर्ने निकायकार्यालय/ | सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य सेवा निर्देशनालय र जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | HMIS, DHIS-२, e-LMIS प्रविष्टी गर्नका लागि करारमा जनशक्ति लिन तपसिल बमोजिमका कृयाकलापहरू गरिनेछः<br>• प्रचलित आर्थिक ऐन नियम, करार सेवा नियमावली अनुसार शैक्षिक योग्यता पुगेका दक्ष जनशक्ति भर्ना गर्न सकिने वा कार्य सम्पादनका आधारमा गत आ.ब.मा कार्यरत जनशक्तिलाई नै निरन्तरता दिन सकिनेछ ।<br>• प्रतिवेदन प्रविष्ट सम्बन्धी अभिमुखिकरण वा पुनर्ताजगी गरिनेछ,<br>• उक्त जनशक्तिलाई लागि दरवन्दी रिक्त वा आवश्यक भएको स्थानमा खटाइनेछ,<br>• निज करारमा लिइएको जनशक्तिले नियमित रूपमा प्रतिवेदन प्रविष्ट गर्नुपर्नेछ, |

| | |
|---|---|
| | • HMIS, DHIS-२, e-LMIS को प्रतिवेदनलाई विश्लेषण गरी परिणाममुखि योजना निर्माण गर्नमा सहयोग गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आ.ब. २०७9/80 भित्र सञ्चालन गरिने भएको हुँदा करार जनशक्तिलाई प्रथम चौमासिक भित्र नै छनौट गरी असार मसान्त २०80 सम्म परिचालन गरिनेछ। |
| बजेट बाँडफाँट | करारमा नियुक्त गरिएको जनशक्तिलाई नियमानुसार पारिश्रमिक तथा सुबिधा उपलब्ध गराउने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | योग्यता पुगेका दक्ष जनशक्तिको करार नियुक्ति भएको |

## २. क्रियाकलापको नामः स्वस्थ जीवनशैली र स्वस्थ्य बानी ब्यबहार सम्बन्धी विद्यालय तथा समुदायमा अभियान

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.१५ | खर्च शिर्षक: २२५१२ |

| | |
|---|---|
| परिचय | स्वस्थ्य जीवनशैली तथा सामाजिक ब्यबहारको ज्ञान तथा सचेतना दिनको लागि समुदाय स्तरमा सरोकारवाला तथा विद्यालयस्तरमा उदाहरणहरु पेश गर्न सक्ने उमेरका किशोर किशोरी सहभागी गराई मानिसहरुमा रहेको गलत आनिबानीका कारण लाग्न सक्ने सर्ने/नसर्ने रोगहरुको बारेमा अभियान संचालन गर्ने । |
| उद्देश्य | विद्यालय तथा समुदायस्तरमा स्वस्थ जीवनशैली स्वस्थ्य बानी ब्यबहार रुपान्तरण गर्ने। |
| अपेक्षित प्रतिफल | लक्षित बर्ग (किशोर/ किशोरी) तथा समुदायको ज्ञान, धारणा र ब्यबहारमा परिवर्तन हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | जन/ स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | अद्यावधिक स्वास्थ्यका सूचकहरुको आधारमा बढि भन्दा बढि जनसंख्यालाई समेटने गरी विद्यालय/समुदायस्तरमा १ दिने स्वस्थ जीवनशैली, ब्यबहार परिवर्तन संचार जस्तैः सुर्ति सेवन र यसका हानीहरु, मदिरा सेवनका बेफाईदाहरु र यसको नियन्त्रण का साथै स्वस्थ पानी, व्यक्तिगत र वातावरणिय सरसफाई, पोषणयुक्त खाना तथा यसको महत्व र बिभिन्न सर्ने तथा नसर्ने रोग आदिको बारेमा प्रदर्शनी, कक्षा संचालन तथा अन्य तरिकाबाट स्वास्थ्य शिक्षा प्रदान गरी विद्यालय तथा समुदाय स्तरमा छलफल तथा अन्तरक्रिया गर्ने। |
| सञ्चालन गर्ने अबधि र | तोकिएको चौमासिक भित्र |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | नियमानुसार खर्चको लागत अनुमान बनाई कार्यालय प्रमुख प्रमाणित गरी कर्णाली खर्च मापदण्डको अधिनमा रही खर्च शिर्षकको बजेटबाट । |
| सन्दर्भ सामग्री | रोग नियन्त्रण सम्बन्धी निर्देशिकाहरू, खानेपानी तथा सरसफाई सम्बन्धी निर्देशिकाहरु, स्वास्थ्यसंग सम्बन्धित बिभिन्न नीति, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | माथि उल्लेखित बिषयहरुको प्रस्तुतिकरण वा श्रब्यदृष्य सामग्रीहरु तयार पारी लक्षित बर्गलाई उपस्थित गराई कार्य संचालन गर्ने । |

## ३. कृयाकलापको नाम: Road Traffic Accident संक्रमित सचेतना तथा अभिमुखिकरण (ट्राफिक प्रहरी एवं अन्यको समन्वयमा)

| | |
|---|---|
| कृयाकलाप संकेत M२.६.५.२ | खर्च शिर्षक M २२५१२ |

| | |
|---|---|
| परिचय | सडक उपयोग गर्ने सबै जना जसमा पैदल हिड्ने ,साइकल चलाउने ,गाडी चलाउने या सार्वजनिक यातायातका साधन चलाउनेहरू सडक दुर्घटनामा परी चोटपटक लाग्ने र मृत्यु समेत हुने अवस्थालाई सडक दुर्घटना भनिन्छ । हरेक दिन सडक दुर्घटनामा परी अधिक संख्यामा यात्रु, सवारी चालक तथा सडक यात्रीको समेत अंगभंग हुने र मृत्यु समेत हुने समस्या अधिक मात्रामा बढ्दै गएको छ । यस्ता दुर्घटना हुने बिभिन्न कारणहरु मध्ये प्रमुख कारण ट्राफिक नियमका बारेमा जानकारी नहुनु पनि हो त्यसैले सवारी दुर्घटनाबाट चालक देखि यात्रुसम्मलाई बचाउन सवारी दुर्घटना सम्बन्धी सचेतना कार्यक्रम राखिएको छ । |
| उद्देश्य | ट्राफिक नियमहरूको बारेमा जानकारी गराइ यातायात दुर्घटना न्युनिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सडक दुर्घटना न्युनिकरण भइ घाइते तथा मृत्यु दर घट्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी १ दिने सचेतना कार्यक्रम संचालन गर्ने। |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | तयारी बैठक भत्ता खाजा स्टेशनरी सहजकर्ता भत्ता, यातायात खर्च |
| सन्दर्भ सामग्री | ट्राफिक नियमसंग सम्बन्धित बिभिन्न सन्दर्भ सामग्री, ट्राफिक संकेतहरु, सवारी चालक अनुमति सम्बन्धी नीति नियमहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी |

| | |
|---|---|
| | मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्यक्रमको सम्पन्न प्रतिबेदन |

## ४. कृयाकलापको नामः एच.एम.आइ.एस. तथ्याङ्क भेरिफिकेशन तथा फलोअप मिटिङ

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | तथ्याङ्कलाई आधार बनाएर नीति निर्माण तथा योजना तर्जुमा लगायतका महत्वपूर्ण कामहरू गरिने भएकाले यसको विश्वसनियता र शुद्धता अपरिहार्य हुन्छ त्यसैले नियमित रुपमा तथ्याङ्कको अध्ययन अनुगमन, स्थलगत अनुशिक्षण र शुद्धिकरण गर्नु अत्यावश्यक हुने भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नियमित सूचना व्यवस्था प्रणाली सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथ्याङ्कमा अधारित योजना तर्जुमा । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | • रिपोर्टिङको अवस्था कमजोर भएका र तथ्याङ्क एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी रिपोर्टिङ तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गर्ने।<br>• कार्यस्थल अनुशिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | यातायात खर्च, खाजा, स्टेशनरी र दै.भ्र.भत्ता, मसलन्द नियमानुसार |
| सन्दर्भ सामग्री | एच.एम.आइ.एस. सम्बन्धी संशोधित TOOLS , फर्म फरमेट, तथ्याङ्क भेरिफिकेसन सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | HMIS प्रतिवेदनको गुणस्तर |

## ५. कृयाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्ड चेन व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११८/ २.७.२२.६३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भ्याक्सिनलाई सुरक्षित राखी वितरण तथा प्रयोग सम्म पुर्याउनको लागि भ्याक्सिन स्टोर तथा सव स्टोरहरुमा अति आवश्यकीय राष्ट्रिय मापदण्डहरुका आधारमा व्यवस्थापन गनुपर्ने हुन्छ । |
| उद्देश्य | जिल्ला भ्याक्सिन स्टोरको तथा पायक पर्ने स्थानको सव स्टोर व्यवस्थापन हुने । |
| अपेक्षित प्रतिफल | इफेक्टिभ भ्याक्सिन मापदण्डहरु पुरा भएको हुनुपर्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यलयहरु तथा प्रदेश स्वास्थ्य आपूति केन्द्र |
| संचालन प्रकृया | • जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सव स्टोरमा रहेका कोल्डचेन सामग्रीहरु लगायत रेफ्रिजिरेटर जेनेरेटरको सामान्य मर्मत तथा आवश्यक कोल्डचेन सामग्रीहरु जस्तै फोम प्याड,जिपलग समेत खरिद गर्न सकिने ।<br>• हुम्ला, मुगु, डोल्पा जस्ता स्थानहरुमा सदरमुकामबाट भ्याक्सिन आपूर्ती गर्दा कठिनाई हुने हुदाँ सडकको पँहुच राष्ट्रिय सडक संजालमा भएका तथा कोल्डचेन व्यवस्थापन गर्न सक्ने स्थानीय निकाय संग सम्झौतागरी कोल्डचेन सव सेन्टर व्यवस्थापन गर्न सकिने छ। सोका लागि स्थानीय तहले फोकल पर्सन तोक्ने, भौतिक पूर्वाधार व्यवस्थापन गर्ने र आसपासका स्थानीय निकाय वा स्वास्थ्य संस्थाहरुसंग प्रभावकारी समन्वय गर्नु पर्नेछ भने स्वास्थ्य कार्यालय वा निर्देशनालयले खोप सम्बन्धी सम्पूर्ण तालिम दिने, नियमित खोप व्यवस्थापन गरीदिने र आवश्यक बजेट उपलब्ध गराउनु पर्नेछ।<br>• जिल्लाको बजेटवाट कार्य सम्पादन अभाव भएमा प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रलाई अनुरोध गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | मर्मत तथा खरिदका लागि आवश्यकता अनुसार बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | इभिएम मापदण्ड निर्देशिका, परिवार कल्याण महाशाखा निर्देशिका तथा प्रतलित सार्वजिनक खरिद ऐन वमोजिम । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६. कृयाकलापको नामः वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाई (पानी शुद्धिकरण, हातधुने प्रबर्द्धन फोहोर मैला ब्यबस्थापन र जलवायु परिवर्तन) सम्बन्धी सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१२१ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पानी तथा फोहोरजन्य रोगहरुको बढी जोखिममा रहेका समुदायलाई लक्षित गरी वातावरणीय तथा पेशागत स्वास्थ्यको वारेमा जानकारी गराउनुका साथै ब्यक्तिगत सरसफाई, समुदायको सरसफाई, जल वायु परिवर्तन इत्यादीको बारेमा जनचेतना फैलाउन अभिप्रेरित गर्न यो कार्यक्रम राखिएको छ। |

| | |
|---|---|
| उद्देश्य | वातावरणीय, जल वायु परिवर्तन तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई सम्भावित जोखिमहरुको बारेमा जानकारी गराउने। |
| अपेक्षित प्रतिफल | समाजको वातावरणीय सरसफाईका साथै ब्यक्तिगत सरसफाईमा सुधार आउने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | स्वास्थ्य सेवाको पहुँच तथा अन्य बाताबरणीय तथा पेशागत स्वास्थ्य जोखिम समुदाय छनोट गरी सम्बन्धित समुदायको नजिकको स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरु, म.स्वा.से., आमासमूह र सरोकारवालाहरु सहितको २५ देखि ३० जना को सहभागीता अन्तरक्रिया, सचेतना तथा केही प्रयोगात्मक अभ्यासहरु गराई कार्यक्रमको श्रोतव्यक्ति तथा अन्य स्वास्थ्यकर्मीले सहजीकरण गर्नका लागि संम्भव भए Power Point Presentation सो नभएमा फ्लेक्स ब्यानरबाट प्रस्तुतिकरण गर्नुपर्ने छ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | नियमानुसार यातायात खर्च, खाजा, स्टेशनरी, दै.भ्र.भ र मसलन्द |
| सन्दर्भ सामग्री | वातावरणीय तथा पेशागत सरसफाई, जलवायु परिवर्तन सम्बन्धी बिभिन्न सामग्री, ब्रोसर, पम्पलेट तथा अन्य सन्दर्भ सामग्रीहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ७. कृयाकलापको नामM महामारी तथा संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत M २.७.२२.१९२ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | जिल्ला तथा स्थानीय स्तरमा देखिन सक्ने संक्रामक रोगहरु जस्तैः पानीबाट सर्ने सरुवा रोगहरु; झाडापखाला, हैजा, टाईफाइड तथा स्वासप्रस्वासबाट सर्ने संक्रामक रोगहरु जस्तैः मौसमी रुघाखोकी, ईन्फ्लून्जा, दादुरा तथा यस्तै प्रकारका अन्य रोगहरुको बारेमा स्थानीयस्तरमा सचेतना फैलाउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | महामारीजन्य संक्रामक रोगहरुलाई नियन्त्रण, न्युनिकरणका तथा व्यवस्थापन गर्नकालागि समुदायस्तरमा जनचेतना फैलाउने । |
| अपेक्षित प्रतिफल | स.क्रामक रोगहरुको संक्रमण दरमा कमी भएको सुनिश्चतता हुने । |
| कार्यान्वयन गर्ने | जन/स्वास्थ्य कार्यालयले |

| | |
|---|---|
| कार्यालय/निकाय | |
| सञ्चालन प्रक्रिया | • सचेतना कार्यक्रमका लागि लक्षित समुहको छनौट गर्ने।<br>• एउटा समूहमा कम्तीमा २० देखि २५ जना सहभागीको बीचमा श्रब्य- दृश्य सामग्री प्रस्तुतिकरण गरिने ।<br>• कार्यक्रम बिशेष गरी अन्तरक्रियात्मक वा छलफल केन्द्रीत गराउनुपर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | नियमानुसार यातायात खर्च, खाजा, स्टेशनरी, दै.भ्र.भ र मसलन्द |
| सन्दर्भ सामग्री | रोग नियन्त्रण सम्बन्धी अद्यावधिक निर्देशिकाहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ८. कृयाकलापको नाम: MPDSR कार्यक्रम कार्यान्वयन तथा समिक्षा

| कृयाकलाप संकेतः २.७.५.८३, २.७.२२.२०७ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | नेपालमा मातृ तथा पेरिनेटल मृत्युदर उच्च रहेको र त्यसमा पनि कर्णाली प्रदेशमा अन्य प्रदेश भन्दा मृत्युदर उच्च रहेका छ । मातृ तथा पेरिनेटल मृत्युको पहिचान गरी त्यसको सर्भिलेनस तथा प्रतिकार्य गर्न अत्यावश्यक छ । हाल कर्णाली प्रदेशमा अस्पताल तथा समुदायस्तरमा भएको मृत्युको तथ्याङ्कको विश्लेषण गरी मातृ तथा नवजात शिशु मृत्युदर न्युनिकरण गर्न अत्यावश्यक भएको हुँदा यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | अस्पतालहरु तथा समुदायमा मातृ मृत्युको संख्या र कारण पहिचान गरी सोको न्युनिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | MPDSR कार्य संचालन निर्दशिकाले निर्देशन गरे बमोजिम अस्पताल तथा समुदाय तहमा हुने सबै मातृ तथा पेरिनेटल मृत्युको पहिचान, सुचितिकरण तथा समीक्षा भै आगामी दिनमा त्यस्तै प्रकृतिको कारणले अन्य मृत्यु हुन नदिई गुणस्तर सुधारका कार्य संचालन गरी मातृ तथा पेरिनेटल मृत्युमा कमि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | स्वीकृत कार्ययोजना तथा MPDSR कार्य संचालन निर्दशिका अनुसार अभिमुखिकरण, कार्यान्वयन तथा समिक्षा गर्ने।<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |

| | |
|---|---|
| बजेट बाँडफाँट | नियमानुसार यातायात खर्च, खाजा, स्टेशनरी, दै.भ्र.भ र मसलन्द |
| सन्दर्भ सामग्री | MPDSR कार्य संचालन निर्देशिका तथा प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, मातृ मृत्यु, पेरिनेटल मृत्युको तथ्याकं अपडेट, HMIS, MPDSR online entry भएको प्रतिवेदन |

## ९. कृयाकलापको नामः Emerging/Re-emerging रोगहरुको स्थानीय तहमा अभिम'खिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२०९ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पछिल्लो चरणमा मानिसमा आएको परिवर्तित जीवनशैली, वातावरणमा तथा जलवायुमा आएको प्रतिकुल परिवर्तनका तथा अन्य कारण बिभिन्न नयाँ आगन्तुक रोगहरु जस्तैः डेंगुज्वरो, चिकनगुनिया, स्क्रबटाईफस, इबोला, लेप्टो स्पाईरोसिस, मङ्किपक्स र पुनरागमन भएका रोगहरु जस्तैं औलो, कालाजार आदिका बारेमा पालिकास्तरमा कार्य गर्ने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुका लागि अभिमुखिकरण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नव आगन्तुक तथा पुनरागमन भएका रोगहरुको परिचय, चिन्ह, लक्षणहरु, रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका बारेमा अभिमुखिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | नव आगन्तुक तथा पुनरागमन रोगहरुको बारेमा स्थानीय तहका स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र धारणामा परिवर्तन आउने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | माथि उल्लेखित रोगहरुको जोखिमको सम्भावना बढी भएका पालिका तथा सो अन्तरगर्तका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी साथै अन्य कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | नियमानुसार दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेशनरी तथा बिबिध आदि |
| सन्दर्भ सामग्री | बिभिन्न नवआगन्तुक तथा पुनरागमन भएका रोग सम्बन्धी आधिकारिक सामग्रीहरु, रोग नियन्त्रण सम्बन्धी अद्यावधिक निर्देशिकाहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । । |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १०. कृयाकलापको नाम: क्षयरोग मोडुलर तालिम २ व्याच र कुष्ठरोग वेसिक तालिम १ व्याच

| | |
|---|---|
| कृयाकलाप संकेत M२.७.२२.२१७ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोग तथा कुष्ठरोगको उपचार र व्यवस्थापनका विधि र प्रक्रियाहरू परिवर्तन भइरहेको र स्वास्थ्य संस्थाहरूमा नयाँ नियुक्त भई आएका स्वास्थ्यकर्मीहरूले उपचार र व्यवस्थापन सम्वन्धी तालिम नपाएको अवस्थामा उपचार र व्यवस्थापनमा समस्या हुन जाने भएकाले उनीहरूलाई लक्षित गरी क्षयरोग मोडुलर र कुष्ठरोग बेसिक सम्बन्धी तालिमको कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नयाँ नियुक्त तालिम नपाएका स्वास्थ्यकर्मीहरूलाई तालिम दिइ दक्ष बनाउने |
| अपेक्षित प्रतिफल | क्षयरोग र कुष्ठरोगको वेसिक तालिम लिए पछि उपचार र व्यवस्थापन सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| संचालन प्रक्रिया | • जिल्लामा तालिम नपाएका नयाँ नियुक्त स्वास्थ्यकर्मीहरूको सूची तयार पार्ने । सम्बन्धित पालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य सस्थासँग समन्वय गरी तालिमको स्थान, मिति र सहभागी संख्याको निश्चित गर्ने ।<br>• तालिम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | यातायात खर्च , स्टेशनरी खाजा, तालिम सामग्री , श्रोत व्यक्ति सहजकर्ता भत्ता/दैनिक भ्रमण भत्ता |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग केन्द्रको साविकको निर्देशिकाका साथै प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ११. कृयाकलापको नाम: जनताको स्वास्थ्य परीक्षण अभियान सञ्चालन गरी जनस्वास्थ्य प्रोफाइल तयार गर्ने

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.२२९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका लक्षित समुदायमा बार्षिक रुपमा स्वास्थ्य परीक्षण गरी सम्भावित |

| | |
|---|---|
| | जटिल स्वास्थ्य समस्या समयमै स्वास्थ्य अवस्था पहिचान गरी त्यसको प्रोफाईल तयार गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उदेश्य | रोगहरूको जाँच गरी लक्षित वर्गको स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित जटिल रोगको समयमै पहिचान गरी त्यसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि उपयोगी हुने । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • बार्षिक बजेट तथा कार्यक्रममा स्वास्थ्य परिक्षण समावेश गरेका तथा लागत साझेदारी गर्न इच्छुक स्थानीय तहसंग सहकार्य गर्ने ।<br>• स्थानीय तहसंग उपलब्ध स्वास्थ्य संस्थाहरुका जनशक्ति परिचालन गरी बार्षिक एक पटक ४० बर्ष भन्दा माथिका ब्यक्तिहरुको Blood Pressure, Blood Sugar, RFT, LFT लगायतका परिक्षणहरु गरी जटिलताको संकेत भएकाहरुको छनौट गरी थप परिक्षणका लागि प्रेषण गर्ने ।<br>• छनौट भएका लक्षित समुहको स्वास्थ्य जाँच सम्बन्धी विस्तृत कार्ययोजना, स्वास्थ्य जाँचको कार्यतालिका, स्वास्थ्यकर्मी परिचालन, तथ्याङ्क संकलन, अभिलेख तथा त्यसको प्रोफाईल तयार गरी सार्वजनिक गरिनेछ ।<br>यो कार्यक्रम सञ्चालन गर्दा सामाजिक बिकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, जनस्वास्थ्य प्रयोगशालासंग समन्वय गर्नुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट वाँडफाँट | तयारी बैठक, चिकित्सक/स्वास्थ्यकर्मीका लागि दै.भ्र.भ तथा संयोजन खर्च, परिक्षणका लागि आवश्यक पर्ने ग्लुकोमिटर, किट तथा किटजन्य सामग्रीहरु खरिद गर्न सकिने । स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट |
| सन्दर्भ सामाग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | स्वास्थ्य प्रोफाइल प्रतिवेदन, समन्वय बैठकका निर्णयहरु |

## १२. कृयाकलापको नामः प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आर.आर.टि. परिचालन

| | |
|---|---|
| कृयाकलाप संकेत M २.७.२२.३६/ २.७.५.३८/२.७.२२.४४४ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | अन्य प्रदेश भन्दा कर्णाली भौगोलिक बिकटता भएको प्रदेश हो । यहाको मौसम तथा भौगोलिक बिबिधताका कारण समय, स्थान र परिवेश अनुसार बिभिन्न प्रकोप, बिपद् तथा महामारी आदिको समयमा पूर्व तयारी तथा तत्काल प्रतिकार्य गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | महामारी तथा बिपद्बाट हुन सक्ने सम्भावित क्षतिको समयमै न्यूनीकरण तथा व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | प्रदेशस्तरका सबै जिल्ला, पालिका र समुदायमा पूर्व तयारी तथा प्रतिकार्य मार्फत सम्भावीत महामारी नियन्त्रण तथा ब्यबस्थापन हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय, मेहलकुना अस्पताल सुर्खेत । |
| सञ्चालन प्रक्रिया | संचालन प्रक्रिया निम्नानुसार हुने छ।<br>१. पूर्व तयारी बैठक तथा समन्वय बैठकहरु गर्ने ।<br>२. आवश्यक औषधी तथा उपकरण खरिद गर्ने ।<br>३. प्रकोप ब्यबस्थापनका लागि RRT परिचालन गर्ने ।<br>४. जिल्लास्तरको विपद् प्रतिकार्य योजना बनाई सोही योजना अनुसार काम गर्ने<br>५. प्रतिबेदन सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पेश गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | बैठक भत्ता, औषधी खरिद, गाडीभाडा, दै.भ्र.भ., एम्बुलेन्स परिचालन, संचार खर्च, मर्मत, ईन्धन तथा आवश्यकता अनुसार अन्य खर्च यस शिर्षकमा भएको रकम नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | आर. आर. टि परिचालन सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बिपद् पूर्वतयारी प्रतिकार्य योजना तथा बैठक, समीक्षा तथा निर्णयहरु |

## १३. कृयाकलापको नाम: MNH road map २०३०/ANC to PNC Continuum of Care/ PNC Home Visit कार्यक्रम समिक्षा तथा अभिमुखिकरण तथा अनुगमन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३८४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सर्वव्यापि पहुँच र महिलाको अधिकारलाई सुनिश्चित र स्वास्थ्य सेवा प्रणालीलाई सुदृढिकरणका लागी स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले Safe Motherhood and Neonatal Health Roadmap 2030, २०७७ मा जारी गरेको छ ।जीवनचक्र सैलीमा स्वास्थ्य सेवा सम्बोदन गर्न अभिमुखिकण कार्यक्रम सन्चालन गर्न यो कार्यक्रम राखीएको छ । |
| उद्देश्य | Safe Motherhood and Neonatal Health Roadmap 2030, २०७७, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८ बारे अभिमुखिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | योन तथा प्रजनन् स्वास्थ्य सेवा जस्तै सुरक्षित मातृत्व सेवा बढेनु , CPR बढ्नु |

| | |
|---|---|
| | ,सुरक्षित गर्भपतन सेवा किशोरकिशोरी सेवा को प्रयोग बढि मातृ मृत्युमा कमी आउने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | Safe Motherhood and Neonatal Health Roadmap 2030, २०७७, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८ बारे अभिमुखिकरणका गोष्ठीका लागि ३ दिने प्याकेज बनाई जिल्लामा पालीकाबाट MNH focal person र स्वास्थ्य संस्थाका नर्सिङ कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | गाडीभाडा, दै.भ्र.भ., प्रशिक्षक भत्ता, स्टेशनरी, मसलन्द सामग्री तथा आवश्यकता अनुसार अन्य खर्च यस शिर्षकमा भएको रकम नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | Safe Motherhood and Neonatal Health Roadmap 2030, २०७७, Continuum of care (ANC to PNC) र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यक्रम निर्देशिका २०७८, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## १४. कृयाकलापको नाम: सुरक्षित प्रसुति सेवा लिदा जटिलताको नि:शुल्क व्यवस्थापन तथा प्रेषण

| कृयाकलाप संकेत नं.: २.७.२२.३८६ | खर्च शिर्षक: २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित तथा गुण्स्तरीय बनाउन अपरिहार्य हुन्छ। प्रसुति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यसता जटिलता व्यवस्थापन गर्नु पर्दछ । कर्णाली प्रदेशको बिद्यमान सुरक्षित मातृत्वको अवस्था तथा उच्च मातृ तथा नवजात शिशु मृत्युदरमा न्युन गर्न समयमा नै जटिलताको निदान, व्यवस्थापन गरी आमा तथा नवजात शिशुको आकस्मिक अवस्थामा विशेषज्ञ स्वास्थ्य संस्थामा नि:शुल्क प्रेषण गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आमा तथा नवजात शिशुको आकस्मिक अवस्थामा विशेषज्ञ स्वास्थ्य संस्थामा नि:शुल्क प्रेषण गर्ने |
| अपेक्षित प्रतिफल | आमा तथा नवजात शिशुको आकस्मिक अवस्थामा विशेषज्ञ स्वास्थ्य संस्थामा नि:शुल्क प्रेषण भै समयमा नै जटिलताको व्यवस्थापन हुने र मातृ तथा नवजात शिशुको मृत्युदरमा कमि आउने |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रकृया | प्रसुति अवस्थामा जटिलता भएका महिलाहरुको समयमा नै पहिचान गरी नजिकको विशेषज्ञ स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।<br>नजिकको विशेषज्ञ स्वास्थ्य संस्थामा प्रेषण गर्दा लाग्ने यातायातको नि: शुल्क |

| | |
|---|---|
| | व्यवस्थापन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.ब. भरीमा |
| बजेट बाँडफाँट | • प्रसुति जटिलता भएका महिलाहरुलाई आकस्मिक उपचारको व्यवस्थापन गर्ने ।<br>• जटिलता भएका महिलाहरुलाई प्रेषण गर्दा हुन आउने खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | प्रेषण भएकाहरूको विवरण । |

## १५. कृयाकलापको नाम: औलो कालाजार तथा किटजन्य रोग समिक्षा तथा नियन्त्रण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३८८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सुर्खेत जिल्ला भित्रका किटजन्य रोगहरुको बढी प्रकोप रहेका समुदाय लक्षित केश बेस सर्भे, खोज पड्ताल साथै अनसाईट कोचिङ र कार्यक्रमको समीक्षाको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | किटजन्य रोगहरु (औलो, कालाजार, डेंगु र स्क्रब टाईफस) को बर्षेनी महामारी भईरहने समुदायलाई लक्षित गरी केशको अनुसन्धान, निगरानी , केशबेस सर्भे, समुदायस्तरमा सचेतना कार्यक्रम र समिक्षा समेत गर्ने। |
| अपेक्षित प्रतिफल | किटजन्य रोगहरुको उपचार ब्यबस्थापनका साथै नियन्त्रण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय | जन/स्वास्थ्य सेवा कार्यालय, सुर्खेत । |
| सञ्चालन प्रक्रिया | किटजन्य रोगबाट प्रभावित समुदायको अनुगमन, केशबेस सर्भे तथा सो समुदायमा अवस्थित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई अनुशिक्षण र समुदायलाई सचेतना फैलाउने समेतको कार्य गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.व. भित्रमा |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट |
| सन्दर्भ सामग्री | स्वास्थ्य शिक्षा सामग्री, उपचार निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## १६. कृयाकलापको नाम: मातृ तथा बाल मृत्यु न्युनीकरण गर्नका लागि दक्ष जनशक्ति उत्पादन तथा क्षमता अभिवृद्धि कार्यक्रम ( SBA/ Implant/ IUCD/ ASRH/ MA/ SA/ MPDSR/ EOC/ USG) लगायत ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.313 | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | उच्च मातृ तथा नवजात शिशु मृत्युदरमा कमि ल्याउनका लागि कर्णाली प्रदेशका बिभिन्न स्वास्थ्य संस्थाहरुमा स्थापना भएका बर्थिङ सेन्टरका नर्सिङ तथा अन्य स्वास्थ्य कर्मचारीहरुलाई SBA/ Implant/ IUCD/ ASRH MA/ SA/ MPDSR/ EOC/ USG तालिम प्रदान गरि उनिहरुको दक्षतामा अभिवृद्धि ल्याउनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | बर्थिङ सेन्टरहरूमा कार्यरत नर्सिङ तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरी मातृ तथा नवजात शिशु मृत्युदरमा कमी ल्याउने । |
| अपेक्षित प्रतिफल | बर्थिङ सेन्टरहरूमा कार्यरत नर्सिङ तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि भई मातृ तथा नवजात शिशु मृत्युदरमा कमी आउने । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • दक्ष प्रसुतिकर्मी नभएका बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ तथा अन्य स्वास्थ्य कर्मचारीहरुको छनौट गर्ने<br>• नर्सिङ कर्मचारीहरुलाई SBA/ Implant/ IUCD/ ASRH MA/ SA/ MPDSR/ EOC/ USG तालिम दिने र Implant सम्बन्धी तालिम अन्य स्वास्थ्यकर्मीहरुलाई समेत दिने<br>• मानव संशाधन बिकास केन्द्रसंगको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | SBA/ Implant/ IUCD/ ASRH MA/ SA/ MPDSR/ EOC/ USG सम्बन्धी तालिम निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १७. कृयाकलापको नाम: स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको जिल्लास्तरीय समिक्षा गोष्ठी

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी गत आ.ब.को कृयाकलापहरु तथा तथ्याङ्कको लेखाजोखा गरी कमी कमजोरी औंल्याउन र सुधार गर्न यो कार्यशाला गोष्ठी राखिएको हो। |
| उद्देश्य | तथ्याङ्क तथा कार्यक्रमहरुको विश्लेषण मार्फत समस्याहरु पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | समस्याहरु पहिचान गरी समाधानको कार्ययोजना बनेको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | स्वीकृत कार्ययोजना अनुसार स्थानीय तहका स्वास्थ्य संयोजक तथा सम्पूर्ण सरोकारवालाहरु लाई सहभागी गराई संचालन गर्ने।<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट वाँडफाट | कर्णाली प्रदेशको खर्च सम्बन्धी मापदण्ड निर्देशिका २०७५ अनुसार खर्चको बाँडफाँट कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ । |
| सन्दर्भ सामग्री | वार्षिक कार्यको HIMS/DHIS2 प्रतिवेदन, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १८. कृयाकलापको नाम: Revised HMIS Tool सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत: २.७.२२.४६२ | खर्च शिर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | नीति निर्माण तथा तथ्यमा आधारित योजना तर्जुमा गर्दा तथ्याङ्कलाई आधार बनाई महत्वपूर्ण कामहरू गरिने भएकाले यसको विश्वसनियता र शुद्धता कायम गर्न यो अभिमुखिकरण कार्यक्रम राखिएको छ। |
| उद्देश्य | नियमित सूचना व्यवस्था प्रणाली सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | योजना तर्जुमाका लागि गुणस्तरीय तथ्याङ्क उपलब्ध भएको हुने। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रक्रिया | प्रतिवेदनको र तथ्याङ्क एकरूपता ल्याउनका लागि संशोधित HMIS Tools का बारेमा स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत सम्पुर्ण स्वास्थ्यकर्मीहरुलाई तालिम उपलब्ध गराउने<br>तालिम उपलबध गराउँदा स्वास्थ्य सेवामा असर नपर्ने गरी पालैपालो तालिममा सहभागि गराउने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| बजेट बाँडफाँट | खाजा, दै.भ्र.भ, स्टेशनरी |
| सन्दर्भ सामग्री | संशोधित HMIS Tools, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | HMIS को तथ्याङ्कको गुणस्तर मापन प्रतिवेदन |

## १९. कृयाकलापको नाम: स्वास्थ्यकर्मीको लागि टि. बि. मोडुलर तालिम

| | |
|---|---|
| कृयाकलाप संकेत M२.७.५.१३९ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोग उपचार र व्यवस्थापनका विधि र प्रक्रियाहरू परिवर्तन भइरहेको र स्वास्थ्य संस्थाहरूमा नयाँ नियुक्त भई आएका स्वास्थ्यकर्मीहरूले उपचार र व्यवस्थापन सम्वन्धी तालिम नपाएको अवस्थामा उपचार र व्यवस्थापनमा समस्या हुन जाने भएकाले उनीहरूलाई लक्षित गरी क्षयरोग मोडुलर सम्बन्धी तालिमको कार्यक्रम |

| | |
|---|---|
| | राखिएको हो । |
| उद्देश्य | नयाँ नियुक्त तालिम नपाएका स्वास्थ्यकर्मीहरूलाई तालिम दिइ दक्ष बनाउने |
| अपेक्षित प्रतिफल | क्षयरोगको वेसिक तालिम लिए पछि उपचार र व्यवस्थापन सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | तोकिएको चौमासिक भित्र |
| संचालन प्रक्रिया | • जिल्लामा तालिम नपाएका नयाँ नियुक्त स्वास्थ्यकर्मीहरूको सूची तयार पार्ने । सम्बन्धित पालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य सस्थासँग समन्वय गरी तालिमको स्थान, मिति र सहभागी संख्याको निश्चित गर्ने ।<br>• तालिम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | यातायात खर्च , स्टेशनरी खाजा, तालिम सामग्री , श्रोत व्यक्ति सहजकर्ता भत्ता/दैनिक भ्रमण भत्ता |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २०. कृयाकलापको नाम: क्यान्सर रोगका विपन्न विरामीहरूलाई यातायात खर्च

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.१.१.२ | खर्च शिर्षकः २७१११ |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले २०६७ साल देखि विपन्न नागरिकहरुलाई लक्षित गरी ८ प्रकारका क्यान्सर लगायतका कडारोगहरुको उपचारमा सहुलियत रु एकलाख सम्मको उपचार सहुलियत प्रदान गर्दै आएको छ । क्यान्सर पिडित विरामीहरुलाई उपचार गरिने अस्पताल सम्म पुग्न सहज बनाउन यातायात खर्च वापत राहत स्वरुप सहयोग गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • विपन्न नागरिकहरुलाई क्यान्सर रोगको उपचारमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • क्यान्सरबाट प्रभावित विरामीहरु यातायात खर्चको कमिबाट हुने उपचारमा ढिलाई नभई समयमै उपचार पाउने । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | सामाजिक विकास मन्त्रालय तथा मातहतका निकायहरु । |
| सञ्चालन प्रकृया | • विपन्न नागरिकले स्थायी वसोवास भएको जिल्लाको स्थानीय तहको सिफारिस सहित यातायात खर्चको मागको निवेदन पेश गर्नु पर्ने ।<br>• निवेदकले स्थानीय निकायको पत्र सहित क्यान्सर रोग लागेको र अस्पतालमा उपचाररत रहेको अस्पतालको पत्र पेश गर्नु पर्ने ।<br>• यातायात खर्चको औचित्यताको लागि मन्त्रालयका प्रतिनिधि,प्रदेस अस्पतालका प्रतिनिधि र स्वास्थ्य निर्लेशनालयका प्रतिनिधि सहितको समितिले औचित्यताको आधार निर्धारण गरी निर्णय गरेपछि रकम भुक्तानि |

| | |
|---|---|
| | गरिने वा मन्त्रालयले थप रकम उपलब्ध गरायपछि उक्त रकम बैँक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ । विरामिको नाममा बैँक खाता नभएको खण्डमा मात्र नगद भुक्तानि दिनुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | विपन्न नागरिकको उपचारको लागि तोकियको कार्यबिधि अनुसार यातायात खर्च उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | विपन्न नागरिकको उपचारसंग आदि निर्देशिकाहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | यातायत खर्च पाएका क्यान्सर रोगिहरुको संख्या, बैठकका निर्णयहरू |

## २१. कृयाकलापको नाम: नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधान, २०७२ले प्रत्यक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ साथै आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । यसैगरी जनस्वास्थ्य ऐन, २०७५मा पनि आधारभुत स्वास्थ्य सेवाको प्रत्याभूत गरिएको छ । नेपाल सरकारबाट स्वास्थ्य सेवाका लागि नि:शुल्क औषधि समेत उपलब्ध गराउने व्यवस्था बमोजिम नि:शुल्क स्वास्थ्य सेवाका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नि:शुल्क स्वास्थ्य सेवाका लागि औषधि अभाव सृजना हुन नदिई नागरिकहरुलाई प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | निरन्तर औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • नि: शुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्न सकिने छ।<br>• खरिद गरिएको औषधि माग गरेको स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने।<br>• माथि उल्लेखित कृयाकलापहरू बिभिन्न कार्यक्रममा उल्लेख भएतापनि औषधि/उपकरण र औषधिजन्य सामग्रीहरू एकमुष्ठ सूचना जारी गरी खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने। |

| | |
|---|---|
| | स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | नि:शुल्क अत्यावश्यक औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, |

## २२. कृयाकलापको नामः महामारी व्यवस्थापनका लागि बफर स्टकको लागि औषधि खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत M ७.२.९.६ | खर्च शिर्षक M २७२१३ |

| | |
|---|---|
| परिचय | भौगालिक बिबिधता तथा मौसम परिवर्तन भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भाबित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा ब्यबस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधी तथा अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको बिपद् प्रतिकार्य योजना र स्वास्थ्य तथा पोषण ईकाईको प्रतिकार्य योजना अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरु |
| सञ्चालन प्रक्रिया | बफर स्टकला लागि आवश्यक सामग्रीहरुको सूचि तयार गरी स्वीकृत गराई बनाई सो को आधारमा बजेटको आकार हेरी नियमानुसार खर्च गर्नुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट औषधी तथा अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | अत्यावश्यक औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सम्भावित महामारी रोकथाम तथा नियन्त्रण |

## २३. कृयाकलापको नाम: औषधि उपकरणको लागि स्टोर तथा कोल्डरुम निर्माण

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.२.४३८ | खर्च शीर्षकः ३११११२ |

| | |
|---|---|
| परिचय | जिल्लास्तरमा उपलब्ध हुने औषधि तथा खोपजन्य सामग्रीहरुको सुरक्षित रुपमा सञ्चिति तथा कोल्ड चेन कायम राख्न जरुरी हुन्छ । सञ्चित भएका सामग्रीहरुको पालिकास्तरमा सुरक्षित रुपमा पठाउन आवश्यक हुने भएकोले औषधि तथा औषधि उपकरणको सञ्चितिका लागि स्टोर तथा कोल्डरुम निर्माण कार्यक्रम राखिएको हो । |
| उद्देश्य | औषधिहरुको सञ्चिति एवम् भ्याक्सिनको कोल्ड चेन कायम गरी भण्डारण गर्ने । |
| अपेक्षित प्रतिफल | औषधि तथ भ्याक्सिनहरुको उचित रुपमा भण्डारण हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधिभित्र रही टेन्डर प्रक्रिया आव्हान गरी छनौट भएका फर्महरुसंग सम्झौता गरी निर्माण प्रक्रिया अगाडि बढाउने ।<br>• यसका लागि स्पेशिफिकेशन स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाई कार्यालय प्रमुखसंग स्वीकृत गराई खरिद गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | प्रगति तथा निर्माण सम्पन्न प्रतिवेदन |

## २४. स्वास्थ्य चौकीका लागि न्यूनतम सेवा मापदण्ड (MSS) का लागि सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.७ | खर्च शीर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम सेवा मापदण्डका सूचकहरू पुरा गर्न अत्यावश्यक रहेको हुँदा स्वास्थ्य चौकीहरुमा मापदण्ड पूर्तिका लागि सामग्री तथा उपकरण खरिद गरी त्यसको सहज उपलब्धताका गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्डका लागि आवश्यक सामग्री तथा उपकरण उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • स्वास्थ्य चौकीस्तरमा गरिएको न्यून्तम सेवा मापदण्ड मुल्याङ्कन पश्चात प्रचलित |

| | |
|---|---|
| | ऐन नियमानुसार बजेटको परिधिभित्र रही आवश्यकता अनुसारको सामग्री तथा उपकरण खरिद गरी सो को व्यवस्थापन गर्ने ।<br>• यसका लागि स्पेशिफिकेशन स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाई कार्यालय प्रमुखसंग स्वीकृत गराई खरिद गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दाखिला तथा हस्तानतरण प्रतिवेदन |

## २५. कृयाकलापको नाम: प्रयोगशाला सम्बन्धी औजार उपकरण सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: ११.३.९.७ | खर्च शिर्षक: ३११२२ |

| | |
|---|---|
| परिचय | प्रयोगशालाहरुको गुणस्तरीयता कायम गर्न र कर्मचारीहरुको ज्ञान, सिप र क्षमता विकास गर्न प्रयोगशालको लगि आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गरीज्ञान, सिप र क्षमता विकास गर्न साथै परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरीयता कायम भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालयरनिकाय | जन/ स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | यसका लागि आवश्यक केमिकल तथा उपकरण सामग्रीहरुको स्पेशिफिकेशन स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधित) खरिद गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३ अनुसार गरिने छ र कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका,२०७५ हुनेछ |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय ,दाखिला रिपोर्ट |

## २६. कृयाकलापको नाम: SBA तालिम नलियका स्वास्थ्यकर्मीहरुलाई अनसाईट क्लिनिकल मेन्टरिङ्ग

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.१० | खर्च शिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | प्रसूती कम हुने बर्थिङ सेन्टरहरुमा अभ्यास कम हुने हुदाँ SBA का core skill हरुको सँरक्षण चुनौती बढ्दै आएको छ । अतः संस्थागत प्रसूती कम हुने ठाउमा तथा राम्ररी सीप अभ्यास गर्न नपाएका प्रसूती सेवा प्रदायक (SBA and non-SBA) हरुलाई उनीहरुको आफ्नै कार्यस्थलमा onsite coaching/mentoring द्वारा सामान्य प्रसूती सेवा तथा प्रसूती जटिलता व्यवस्थापन गर्न सक्ने क्षमता अभिबृदिको लागि यो कार्यक्रम लागू गरिएको छ । |
| उद्देश्य | प्रसतूी केन्द्रहरुमा गणुस्तरीय प्रसतूी सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि coaching/mentoring विधी मार्फत त्यहाँ कार्यरत नर्सिङ्ग कर्मचारीहरुको क्षमता अभिबृदिगर्ने। |
| अपेक्षित प्रतिफल | SBA and non-SBA हरुलाई उनीहरुको आफ्नै कार्यस्थलमा onsite coaching/mentoring सामान्य प्रसुति सेवा तथा प्रसुति जटिलता व्यवस्थापन गर्न सक्ने क्षमता अभिवृद्धि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रमको फोकल पर्सन स्वास्थ्य कार्यलयको प.हे.न वा प.हे.न.को काम काज गर्ने व्यक्ति रहनेछन्।<br>• कार्यक्रमको फोकल पर्सनले Clinical coach/Mentor सँग छलफल गरी बजेटको परीधि भित्र रही कति वटा बर्थिङ सेन्टरमा coaching गर्ने, सो को योजना तयार पार्नु पर्दछ ।<br>• Coaching/Mentoring गर्ने site प्रसुति केन्द्र हुनुपर्दछ ।धेरैभन्दा धैरे जनसंख्या लाभान्वित हुन सक्ने हुनुपर्दछ ।<br>• सामाजिक आर्थिक अवस्था कमजोर भएको समुदायमा स्थित स्वास्थ्य संस्थालाई प्राथमिकता दिनुपर्दछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | Coaching को बेलामा चाहिने आवश्यक औषधि तथा सामग्रीहरु, छपाइ/ फोटोकपी यसै शिर्षकबाट गर्नुपर्नेछ।मापदण्ड तथा निर्देशिका अनुसार। |
| सन्दर्भ सामग्री | SBA Clinical Coaching Guideline for Clinical Mentor नामको निर्देशिका, SBA Coaching and Mentoring Tool for MNH Service Providers (SBA and non-SBA) नामको tool, बर्थिंग सेन्टरमा मातृ तथा नवशिशु स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार फारम (MNH Service Readiness Toolkit) , प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २७.कृयाकलापको नामः पत्रकारहरुलाई स्वास्थ्य सम्बन्धी अभिमुखिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.१७ | खर्च शिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा स्वास्थ्यको विद्यमान अवस्था, रोगको भार, बिभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलब्ध सेवा, प्राथमिकता बारेमा पत्रकार र संचारकर्मीहरुलाई जानकारी गराई आम नेपाली नागरिकहरुमा चेतना फैलाउन सहयोग गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पत्रकार र संचारकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी गराइ आम नेपाली नागरिकहरुमा चेतना फैलाउनका साथै सकारात्मक ब्यबहार परिवर्तनमा सघाउ पुर्याउनु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/ स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • स्वास्थ्यको विद्यमान अवस्था, रोगको भार, बिभिन्न नीति तथा कार्यक्रमहरु साथै उपलब्ध सेवा, प्राथमिकता बारेमा प्रस्तुतिकरण गर्ने<br>• नेपाल पत्रकार महासंघको सम्बन्धित जिल्ला समिति तथा अन्य सञ्चार सम्बन्धी संस्थाहरुसंगको समन्वयमा क्रियाशील सबै स्थानीय तहका पत्रकार/संचारकर्मी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुलाई समेटिने गरी सञ्चालन गर्नु पर्नेछ ।<br>• आवश्यक हल, स्टेशनरी, खाजा आदिको व्यवस्थापन गर्नुपर्नेछ ।<br>• अन्तर्क्रिया कार्यक्रम पुरै एक कार्य दिन अर्थात कम्तीमा ६ कार्य घण्टा समयको हुनुपर्नेछ ।<br>• सहभागीहरुलाई उपयुक्त स्वास्थ्य शिक्षा सामग्री उपलब्ध गराउने ।<br>• सहभागीहरुको सक्रिय सहभागितामा छलफल तथा अन्तर्क्रिया गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता, भ्रमण खर्च, यातायात खर्च, स्टेशनरी, प्रतिवेदन लेखन, खाजा खर्च विविध खर्च |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु ।) |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २८. कृयाकलापको नाम: स्वास्थ्यकर्मीहरुलाई HIV Testing & Counselling Training

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.२५ | खर्चशिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | HIV Testing तथा Counseling का बिषयमा स्वास्थ्यकर्मीहरूलाई आधारभूत तालिम दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | HIV Testing तथा Counseling सम्बन्धी तालिम मार्फत ज्ञान, सिप र कार्यदक्षताको विकास गर्ने, |
| अपेक्षित प्रतिफल | प्रभावकारी रूपमा HIV Testing & Counselling Training भएको हुनेछ |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | विश्व स्वास्थ्य संगठनको HIV Testing and Counseling Training निर्देशिका National HIV Testing and Treatment Guideline 2017 बमोजिम स्वास्थ्यकर्मीहरुलाई HIV Testing & Counselling Training तालिम सञ्चालन गर्ने ।सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार तोकिएको मितिभित्र |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## २९. कृयाकलापको नामः अपाङ्ग भएका ब्यक्तिहरुलाई सहयाक सामग्री तथा पुनर्स्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.१२.५ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | प्रदेशमा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता न्यूनीकरण गर्ने, मातृशिशु तथा बालमृत्युदर कम गर्ने एबम् अपाङ्ता भएका व्यक्तिहरू सहितको समावेशी समाज निर्माण गर्नका लागि कर्णाली प्रदेशका अपांग बालबालिकाहरुको लागि सहयोगार्थ यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | अपांग बालबालिकाहरुको लागि सहायता सामग्री उपलब्ध गराउन सहयोग/समन्वय गर्नु । |
| अपेक्षित प्रतिफल | अपांग बालबालिकाहरुको पहिचान भई उनीहरूलाई प्रदान गरिएको सहायता सामग्री साथै सहयोग/समन्वयबाट उनीहरूको जीवनयापन सहज हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कारर्यालयहरु |
| सञ्चालन प्रक्रिया | • अपाङ्ता सम्बन्धी कार्य गर्ने संघसंस्थाहरूको समन्वय/सहकार्यमा स्वास्थ्यकर्मीहरुलाई अपांगता पहिचान, वर्गीकरण, परामर्श, रेफरल गर्ने।<br>• सि.बी.आर. पुनर्स्थापना सेवाहरु क्रमशः फिजियोथेरापी सेवा, सहायक तथा गमनशीलता सामग्री नापजाँच र वितरण, परामर्श सेवा प्रदान तथा समाजिकीकरणमा सहयोग गर्ने ।<br>• माथिका सेवाहरू सञ्चालन गर्दा यस क्षेत्रमा कार्यरत बिभिन्न संघसंस्थाहरूसँग समन्वय, सहकार्य तथा सेवा करार गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | अपाङ्गता रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी बिभिन्न निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | अपाङ्गता भएका व्यक्तिहरुको विवरण, सहायक सामग्रीहरु लिएकाको विवरण |

## ३०. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी कृयाकलापहरूको (खोप, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, औलो, कीटजन्य, जनसङ्ख्या, क्षयरोग, एचआइभी एड्स, कुष्ठरोग, श्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला बजेट कार्यान्वयन लगायतको) एकीकृत कार्यस्थल अनुशिक्षण, सुपरीवेक्षण, अनुगमन, मुल्याङ्कन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१०५ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | प्राथमिकता प्राप्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर अनुगमन, मुल्याङकन, तथा कार्यस्थल कोचिङ गरी सहयोगात्मक सुपरिवेक्षण तथा coaching गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा भइरहेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा Onsite Coaching गरी समयमै सुधारका लागि पहल गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भै सेवाको गुणस्तरमा सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • वार्षिक सुपरिवेक्षण तालिका बनाइ कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा कार्यस्थल कोचिङ गर्नुपर्नछ।<br>• प्रत्येक पटक अनुगमन गर्दा निद्दश्ट गरिएको चेकलिष्ट भरी फोटोहरु सहितको प्रतिवेदन सम्बन्धी शाखा मा पेश गर्नुपर्नेछ।<br>• अनुगमन गर्दा विगतमा सुधार गर्नुपर्ने विषयहरू मा सुधार भएनभएको र आगामि दिनमा सुधार गर्नुपर्ने विषयमा समेत सम्वन्धीत स्वास्थ्यसंस्था का कर्मचारिहरू संग समन्वय गरी कार्ययोजना बनाउनुपर्नेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी आर्थिक नियमानुसार गर्ने |
| सन्दर्भ सामग्री | सम्बन्धित चेकलिष्टहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, अनुगमन सुपरिवेक्षण प्रतिवेदन |

## ३१. कृयाकलापको नाम: भि.आइ.ए. र अब्स्टेट्रिक फिस्टुलाका लागि स्क्रिनिङ क्याम्प

| | |
|---|---|
| कृयाकलाप संकेत न: २.७.२२.१२३ | खर्च शिर्षक :२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्ये पाठेघरको मुखको क्यानसर (cervical cancer ), पाठेघर खस्ने समस्या र अब्स्टेटिक फिस्टुला पनि हुन् । जसको समयमा नै पहिचान हुन नसक्दा महिलाहरुले कष्टकर जीवनयापन गर्न परिरहेको छ।जसलाई कर्णाली जस्तो  दुर्गम ठाउहरुमा VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नको लागि अवश्यक पर्ने सामग्रीहरुको उपलब्धता हुन जरुरी देखिन्छ। |
| उद्धेश्य | VIA विधिबाट समयमै cervical cancer पहिचान गर्न, पाठेघर खस्ने समस्या र अब्स्टेट्रिक फिस्टुला भएका महिलाहरुको समयमै पिहचान गर्न र कन्जरभेटिभ व्यवस्थापन गर्न सहज हुनेछ। |
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सरको सुरुकै अवस्थामा VIA विधिबाट पहिचान गर्न सकिनेछ । पाठेघर खस्ने समस्या र अब्स्टेट्रिक फिस्टुला भएका महिलाहरुको समयमै पहिचान गरी आवश्यकता अनुसार कन्जरभेटिभ व्यवस्थापन र अप्रेसनका लागि प्रेषण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकायहरु | जन /स्वास्थ्य सेवा कार्यालयहरु |
| कार्यक्रम संचालन प्रक्रिया | ➢ यो कार्यक्रमको फोकल पर्सनको रुपमा प.हे.न.ले गर्नुपर्नेछ ।<br>➢ यो कार्यक्रमको रोकथामको लागि स्थानीयस्तरमा समन्वय गरी विभिन्न जनचेतना मूलक कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।<br>➢ स्क्रिनिङ शिविर सञ्चालन गर्नु पुर्व जिल्लाले पाठेघरको मुखको क्यान्सर, पाठेघर खस्ने तथा अब्ट फिस्टुलाको समस्या भएका महिलाहरु वढी भएका र सेवाको पहुचँ बाट टाढा रहेका गाउ पालिका वा नगरपालिका का वडाहरु एकिन गरी सोही स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। एक स्थानको सिविरमा कम्तीमा ४० जना सेवाग्राहीको जाँच गरिएको हुनेछ ।<br>➢ स्थानीय तहहरु र गैरसरकारी संघ संस्थाले सञ्चालन गर्ने VIA विधिबाट समयमै cervical cancer पहिचान गर्न, पाठेघर खस्ने समस्या  र अब्स्टेट्रिक फिस्टुला शिविर स चालन भएको स्थान नदोहोरिएको हुनुपर्नेछ ।<br>➢ छनौट गरिएको स्थानमा स्क्रिनिङ्ग क्याम्प भन्दा कम्तिमा १ हप्ता पहिले नै प्रचार प्रसारको व्यवस्था मिलाउनु पर्नेछ ।<br>➢ जन/स्वास्थ्य सेवा कार्यालय वा अस्पतालमा कार्यरत मेडिकल अफिसर तथा रिङपेसरी राख्न  पाठेघरको मुखको क्यान्सरको परीक्षण गर्न सक्षम नर्सिङ्ग, PHN/ Counselor/ SNANM स्थानीय स्वास्थ्य सस्थामा संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत कम्तीमा ३ जना प्राविधिक सहितको टोलीबाट सेवा |

| | |
|---|---|
| | प्रवाह गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | यातायात तथा सामान ढुवानी, रिङ पेसरी, औषधी दैनिक भ्रमण भता र स्थानीय तह भता र अन्य विविधमा खर्च गर्न सकिने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३२. कृयाकलापको नामः महामारी तथा सरुवा रोग रोकथाम सम्बन्धी सन्देश तथा सूचना प्रवाह

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१५२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महामारी तथा सरुवा रोग सम्बन्धी स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिवृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा महामारी तथा सरुवा रोग सम्बन्धी सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने ।<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी महामारी तथा सरुवा रोग सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तन गर्ने र उपलब्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | महामारी तथा सरुवा रोग सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवनशैली अपनाइएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • महामारी तथा सरुवा रोग सम्बन्धी सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने ।<br>• सूचना प्रशारणका माध्यमहरु एफ.एम रेडियो बाट प्रशारण, Hoarding Board, टेलिभिजन प्रशारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, सन्देश सहितको क्याप, टिसर्ट, ज्याकेट, फ्लेक्स, पम्पलेट, पोष्टर, लिफ्लेट, स्टिकर,आदि विभिन्न जानकारी मूलक सामग्री आवश्यकता अनुसार उत्पादन गरी वितरण गरिने छ । |

| | |
|---|---|
| | • स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषयवस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक ऐन , नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ३३. कृयाकलापको नाम: स्थानीय आम संचारको माध्यमहरुबाट सन्देश प्रसारण ( केबुल टेलिभिजन, अनलाईन, एफ.एम., पत्रपत्रिका)

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.1५४ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | स्वास्थ्य प्रवद्र्धन गर्न स्थानीय आवश्यकता अनुरुप सम्भव भए सम्म स्थानीय भाषा र शब्दहरुको प्रयोग गरी स्वास्थ्य शिक्षा सामग्रीहरुको उत्पादन गरी स्थानीय समुदायमा प्रचार प्रसार तथा वितरण गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यालयले गत आ.व.मा गरेको भौतिक तथा वृतिय प्रगतिको जानकारी हुने । |
| अपेक्षित प्रतिफल | रोगको प्रकोप, संक्रमण आदिको बारेमा जानकारी गराई स्वास्थ्य प्रवर्धन गर्न स्थानीय स्तरमा स्वास्थ्य शिक्षा सामग्रीहरु उत्पादन तथा वितरण र प्रशारण गरी जनचेतना अभिवृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयहरु । |
| सचालन प्रकृया | • स्वास्थ्य सम्बन्धी सन्देशहरु विभिन्न मिडिया मार्फत आम नागरिकहरुमा स्वास्थ्य सम्बन्धी जनचेतनाका लागि स्वास्थ्य सन्देश प्रसारण गर्ने।<br>• पत्रकारहरु संग अन्तरक्रिया गरी सेवाको जानकारी गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रममा तोकिए बमोजिम । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ३४. कृयाकलापको नाम: नसर्ने रोग व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | हाल समुदायमा नसर्ने रोगको भार बढ्दै गइरहेको छ । खासगरी उच्च रक्तचाप, मधुमेह, दम लगायतका नसर्ने रोगको निदान गर्नका लागि यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | उच्च रक्तचाप, मधुमेह, दमको पहिचान गरी उपचारमा पहुँच अभिवृद्धि गर्नका साथै नसर्ने रोग रोकथामका लागि रोकथाममुलक कृयाकलाप संचालन गर्न |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका विरामीहरु पहिचान गरी उपचारको दायरामा ल्याउने |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहहरुको समन्वयमा स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तोकिएको लक्ष्य र बजेटको परिधी भित्र रहि स्थानीय तहको संख्या एकिन गरी १ दिने वृहत स्क्रिनिंङ क्याम्प आयोजना गर्ने ।<br>• मधुमेहका लागि ग्लुकोमिटरबाट परिक्षण, रक्तचाप मापन, मोटोपना परिक्षण गर्ने र नसर्ने रोगका प्रमुख ४ कारक तत्व न्यूनिकरण सम्बन्धी शिवीर स्थलमै जनचेतना जगाउने जिंगल¸पोस्टर, अन्य स्वास्थ्य शिक्षा सामग्रीहरु प्रवाह गर्ने।<br>• पत्ता लागेका विरामीहरुलाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने । सम्भव भए सम्म यो कृयाकलाप र भिआइए स्क्रिनिंग संगसंगै संचालन गर्ने।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | शिबिर तयारीका साथै संचालनार्थ स्वास्थ्य शिक्षा सामग्री प्रकाशन, ग्लुकोमिटर सेट, बिपी सेट आदि खरिद गर्ने, दैभ्रभ, स्थानीय यातायात खर्च, खाजा, स्टेशनरी लगायतमा खर्च गर्न सकिने |
| सन्दर्भ सामग्री | पेन प्याकेज पुस्तिका २०७५, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सहभागी संख्या, हाजीरी, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३५. कृयाकलापको नाम: कारागारमा क्षयरोग स्क्रिनिङ्ग तथा सक्रिय खोज पडताल कार्यक्रम संचालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२३६ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कैद भुक्तान गरिरहेका कैदीबन्दीहरूको क्षयरोग अवस्थाको समयमै पहिचान गरी आकस्मिक अवस्था भएमा थप उपचार गर्न सहज होस् भन्ने अभिप्रायले यस कार्यक्रमको योजना गरिएको छ । |
| उद्देश्य | कैद भुक्तान गरिरहेका कैदीबन्दीहरूको क्षयरोगको जाँच तथा प्रयोगशाला परिक्षण गर्न । |
| अपेक्षित प्रतिफल | कैदीबन्दीहरूको क्षयरोगको अवस्था पहिचान भइ उपचारको दायरामा आई संक्रमण दरमा कमी आउने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • कैदीबन्दीहरूको संख्या एकिन गर्ने ।<br>• जाँचका लागि स्वास्थ्कर्मीको व्यवस्था, आवश्यक उपकरणको व्यवस्था गर्ने |

| | |
|---|---|
| | । <br>• प्रयोगशाला जाँचका लागि ल्याब नमूना संकलन गरी परिक्षणका लागि Gene-Xpert केन्द्रमा पठाउने । <br>• क्षयरोग निदान भएका कैदीबन्दीहरुलाई नियमित औषधि सेवनका लागि व्यवस्था मिलाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कार्ययोजना स्वीकृत गराई बजेटको बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | जाँच भएका कैदीबन्दीहरूको सूची |

## ३६. कृयाकलापको नाम: स्वास्थ्य शिक्षा तथा सूचनामुलक सामग्री छपाई तथा प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.२२.३९३ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिवृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रमको कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, धर्म, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने । <br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तत गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्बन्धी  सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • मौसम अनुसार देखापर्ने गरेका रोग एवं स्वास्थ्य समस्याहरुको प्रकोपहरुको तथ्याङ्क विश्लेषण गर्ने र प्राथमिकताको सूची तयार गर्ने । <br>• सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने । <br>• सूचना प्रशारणका माध्यमहरु एफ एम प्रशारण, Hoarding Board, टेलिभिजन प्रशारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट, आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन गरी वितरण |

| | |
|---|---|
| | गरिनेछ ।<br>• स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषयवस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक ऐन , नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आवश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ३७.कृयाकलापको नाम: सक्रिय विधिवाट कुष्ठरोग खोजपड्ताल कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.६० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सक्रिय विधिवाट कुष्ठरोगका विरामीहरुको खोजपडताल गरी केश नोटिफिकेशन बढाउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | सक्रीय विधि वाट कुष्ठरोगी पत्ता लगाई उपचारको दायरामा ल्याउने |
| अपेक्षित प्रतिफल | समुदायमा लुकेर बसेका विरामीहरु पत्ता लागि उपचार भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तह संग समन्वय गरी कुष्ठरोग माइक्रोस्कोपी तालिम प्राप्त प्रयोगशालाकर्मी र एक जना कुष्ठरोग तालिम प्राप्त चिकित्सक समेतलाई परिचालन गरी स्क्रिनिङ क्याम्प संचालन गर्ने।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | नियमानुसारको दैनिक भ्रमण भत्ता र शिविर तयारी र परिचालन हुने कर्मचारीहरुलाई भत्ता खाजा आदिमा बांडफांड गर्ने |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग केन्द्रको साविकको निर्देशिकाका साथै प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## ३८.कृयाकलापको नाम: स्वास्थ्य सम्बन्धी दिवस सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेत M२.७.२५.३०९/ २.७.२५.३०६ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | वर्षभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका स्वास्थ्य सम्वन्धी विभिन्न दिवसहरू पर्दछन् । यस्ता दिवसहरूले सम्बन्धित स्वास्थ्य समस्याका बारेमा समुदायलाई सचेत गराउने भएका कारण ती दिवसहरू लक्षित समूहलाई केन्द्रित गरी मनाउन यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न स्वास्थ्य समस्याहरूको बारेमा जन समुदायलाई सचेत र जागरूक बनाउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्वन्धी जनचेतना अभिवृद्धि हुने । कुनै रोग अथवा स्वास्थ्यको बारेमा नया जानकारी र सन्देश जनस्तरमा अध्यावधिक हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | • वर्षभरि मनाइने स्वास्थ्य दिवसहरूको क्यालेण्डर तयार पार्ने ।<br>• सम्बन्धित फोकल पर्सनको सक्रियतामा जिल्लामा रहेका सरोकारवाला सहयोगी संघसस्थाहरूसँग समन्वय गर्ने । बैठक बसी कार्यक्रमको स्वरूप तयार गर्ने ।बजेट तथा जिम्मेवारी वाडफाँड गर्ने ।<br>• दिवससंग आदि विषयवस्तु सम्बन्धी सूचना तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने साथै टिसर्ट, क्याप, ज्याकेट उत्पादन गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | व्यानर स्टेशनरी, खाजा, बैठक भत्ता । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३९. कृयाकलापको नाम: सक्रिय विधिबाट क्षयरोगका विरामीहरुको खोजपडताल (Microscopic Camp संचालन)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.५.१०९ | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोगको केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | एक्टिभ विधिबाट क्षयरोगी पत्ता लगाइ उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा लुकेर बसेका क्षयरोग विरामीहरू पत्ता लागेका हुनेछन । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | केशहरु बढि भइका वा समभावित स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त प्रयोगशालाकर्मी तथा चिकित्सक सहित अवश्यक जनशक्ति परिचालन गरी क्याम्प सञ्चालन गर्ने । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | चिकित्सकसँग सम्झौता गरी दैनिक बढीमा रू. २५०० कर काट्ने र अन्यको हकमा नियमानुसारको दै.भ्र.भ. तथा परिचालन हुने कर्मचारीका लागि खाजा भत्ता आदि । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | एक्टिभ विधिबाट क्षयरोगी पत्ता लागेकाको विवरण |

## ४०. कृयाकलापको नाम : EOC Monitoring सम्बन्धी तालिम

| | |
|---|---|
| कृयाकलाप संकेत २.७.५.११३ | खर्च शिर्शक २२५२२ |

| | |
|---|---|
| परिचय | आकस्मिक प्रसुति सेवाको आवश्यकता भएका सम्पूण महिलाहरुले ती सेवाहरु उपभोग नगरेसम्म मातृ मृत्युदर घटाउने उद्देश्य पुरा हन सक्दैन । अतः उपलब्ध सेवाको उपयोग भइरहेको छ भन्ने सुनिश्चित गर्नुपर्ने हुन्छ र यदि नगरिएको भए त्यसको कारण पत्ता लगाई समयमै उपयुक्त कदम चाल्नुपर्ने हुन्छ । यसको लागि आकस्मिक प्रसुति सेवाको निरन्तरता तथा नियमित रुपमा अभिमुखिकरण, अनुगमन तथा समिक्षा गर्न उपयुक्त पद्धति एंव सूचकहरुको आवश्यकता पर्दछ । यसै आवश्यकतालाई ध्यानमा राखेर बर्थिङ सेन्टरका नर्सिङ्ग कर्मचारीलाई अभिमुखिकरण र प्रसुति सेवा उपलब्धता तथा उपभोगको अनुगमनका लागि आकस्मिक प्रसुति सेवा अनुगमन निर्देशिकाको आधारमा प्रत्येक क्षेत्र तथा स्थानीय तह अन्तरगतको प्रसुति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाहरुले उपलब्ध गराएको आकस्मिक प्रसुति सेवा वारे अनुगमन तथा समिक्षा गर्नुपर्ने हुन्छ । स्वास्थ्य संस्थाको सुरक्षित प्रसुति सेवा र जटिलता पता लगाउन अनुगमन गर्ने र EOC को समिक्षा गरेर आगामी दिनहरुमा त्यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भनि छलफल गराउनुपर्ने हुन्छ । |
| उद्देश्य | स्वस्थ्य संस्थाहरुले आकस्मिक प्रसुति सेवाको उपलव्ध गरे नगरेको लेखाजोखा गरी उपभोग नगरेको भए कारण पत्ता लगाई उपभोग दर वढाउन कार्ययोजना वनाई कार्यान्वयन गर्ने । |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसुति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्बन्धी जटिलताको व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जनस्वास्थ्य /स्वास्थ्य सेवा कार्यालय र सबै स्थानीय तहहरु |
| संचालन प्रक्रिया | • कार्यक्रम संचालन गर्नुपुर्व कार्यक्रमका विषयवस्तुका सम्वन्धमा पुर्वतयारी गर्न तथा समन्वय गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • कार्र्यक्रम संचालन गर्दा प.हे.न. वा सो कार्यक्रम सम्बद्ध व्यक्तिले २ दिनमा १ दिन अभिमुखिकरण र १ दिन समिक्षा गर्नेगरी गर्नुपर्नेछ ।<br>• यो कार्यक्रम संचालन गर्दा EOC Monitoring Guideline अनुरुप गर्नुपर्नेछ ।<br>• यसरी EOC Review गर्दा EOC Met need कम भएका गाउ तथा नगरपालिकाका वार्ड तथा समुदायलाई विशेष प्राथमिकता दिइ EOC Met need बढाउन कार्ययोजना तयार पार्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बांडफांड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ वमोजिम गर्ने । |
| सन्दर्भ सामग्री | EOC Monitoring Guideline, Service Coverage Indicator, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ४१. कृयाकलापको नाम: विभिन्न अभियानहरू पूर्ण खोप, पूर्ण पोषण, पूर्ण संस्थागत प्रसूति अभियान खर्च

| | |
|---|---|
| कृयाकलाप संकेत : २.७.५.५८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पूर्ण खोप, पूर्ण पोषण, पूर्ण संस्थागत प्रसूति लगाएतका जनस्वास्थ्यका अभियानहरु संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | पूर्ण जनस्वास्थ्यका अभियानहरुको पैरवी गर्ने शुनिस्चित गर्ने र दिगोपनाका कार्यहरु गर्ने |
| अपेक्षित प्रतिफल | विभिन्न पूर्ण अभियानहरु घोषित भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | उल्लेखित विभिन्न अभियानहरु घोषणा गर्न सम्बन्धित स्थानीय तहहरु संग समन्वय गरी पूर्ण खोपको भेरिफिकेशन, तथा पूर्ण संस्थागत सुत्केरी, पूर्ण पोषण आदि घोषणा गर्नका लागि तोकिएका सूचकहरु प्राप्त गरी बजेटको परिधि भित्र रहि घोषणा गर्ने। नया वडा तथा स्थानीय तहको संख्या एकिन गर्ने,तोकिएको प्रकृया अनुसार घोषणा गर्ने । सम्भव भए सम्म परिवार कल्याण महाशाखा, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयको प्रतिनिधित्व गराउने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |

| | |
|---|---|
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि घोषणा सभा तथा पूर्व तयारी बैठक भेरिफिकेशन, स्वयंसेवक यातायात खर्च, यातायात खर्च, स्टेशनरी, आदि |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति, भ्रमण बिल, भर्पाई आदि |

## ४२. कृयाकलापको नाम: लामो अवधिका परिवार नियोजन साधन शिविर LARC Camp

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.5.63 | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | परिवार योजनाका आधुनिक साधनहरुको पहुंच अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | इम्पलान्ट र आयूसिडीको प्रयोग दर बढाउने |
| अपेक्षित प्रतिफल | परिवार नियोजनको प्रयोगदर पहुँचमा वृद्धि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | स्थानीय तहसंग समन्वय गरी विनियोजित बजेट र लक्ष्यमा रहि सेवा उपलब्ध नभएका स्वास्थ्य संस्थाहरुको संख्या छनोट गरी तालिम प्राप्त स्वास्थ्य सेवा प्रदायक वा भिजिटंङ प्रोभाइडर परिचालन गरी १ दिने शिविर मार्फत संस्थामै सेवा प्रवाह गर्ने<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खटिने सेवा प्रदायकको दैभ्रभ, स्थानीय स्वास्थ्यकर्मी, स्वयंसेवीकाहरुको यातायात खर्च, पूर्व तयारी र वैठक भत्ता एवं खाजा खर्च सामान्य उपकरणमा बाँडफाँट गर्ने साथै इम्पलान्ट र आयूसिडी सेट जिल्ला स्टोरबाटै व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | नेपाल मेडिकल स्टान्डर्ड भोलुम १, डीएमटी फ्लिप चार्ट,मेक ह्विल पुस्तिका, साथै प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | शिविर प्रतिवेदन, एच एम आइ एस इन्ट्री भएको । |

## ४३. कृयाकलापको नामः कर्णाली प्रदेश अन्तर्गत स्वास्थ्य कार्यक्रमको स्वास्थ्य संस्था पालिका स्तरमा सुपरीवेक्षण तथा अनुगमन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.८.१.८ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | प्राथमिकता प्राप्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर |

| | |
|---|---|
| | अनुगमन, मुल्याङ्कन, तथा कार्यस्थल कोचिङ गरी सहयोगात्मक सुपरिवेक्षेण तथा coaching गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा भइरहेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा Onsite Coaching गरी समयमै सुधारका लागि पहल गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भै सेवाको गुणस्तरमा सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • वार्षिक सुपरिवेक्षण तालिका बनाइ कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा कार्यस्थल कोचिङ गर्नुपर्नछ।<br>• प्रत्येक पटक अनुगमन गर्दा निद्दष्ट गरिएको चेकलिष्ट भरी फोटोहरु सहितको प्रतिवेदन सम्बन्धी शाखा मा पेश गर्नुपर्नेछ।<br>• अनुगमन गर्दा विगतमा सुधार गर्नुपर्ने विषयहरू मा सुधार भएनभएको र आगामि दिनमा सुधार गर्नुपर्ने विषयमा समेत सम्वन्धीत स्वास्थ्यसंस्था का कर्मचारिहरू संग समन्वय गरी कार्ययोजना बनाउनुपर्नेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी आर्थिक नियमानुसार गर्ने |
| सन्दर्भ सामग्री | सम्बन्धित चेकलिष्टहरू, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ४४.कृयाकलापको नाम: बर्थिङ सेन्टरका लागि अत्यावश्यक उपकरण तथा औजार खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.२२.२ | खर्च शीर्षकः ३१११२२ |

| | |
|---|---|
| परिचय | बर्थिङ सेन्टरका लागि निरन्तर आवश्यकता भइराख्ने मेशिनरी औजार तथा उपकरणहरू खरिद गरी त्यसको सहज उपलब्धताका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | बर्थिङ सेन्टरमा नियमित आवश्यक पर्ने मेशिनरी औजार तथा उपकरण उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय, मेहलकुना अस्पताल |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधिभित्र रही आवश्यकता अनुसारको स्वास्थ्य तथा चिकित्सासंग सम्बन्धित यन्त्र, उपकरण तथा मेशिन औजार एवं सामग्री खरिद गरी सो को व्यवस्थापन गर्ने । |

| | |
|---|---|
| | • यसका लागि स्पेशिफिकेशन स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाई कार्यालय प्रमुखसंग स्वीकृत गराई खरिद गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ४५. कृयाकलापको नाम: वैदेशिक रोजगारमा जानेहरूका लागि स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.6.4.16 | खर्चशिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | विभिन्न दक्ष अदक्ष पेशामा वैदेशिक रोजगारमा जानेहरूका लागि सुरक्षित व्यवहार अपनाउनु महत्वपूर्ण विषय हो । खासगरी विभिन्न जोखिमपूर्ण कार्यहरु तथा व्यवहार गर्दा सावधानि नअपनाउनाले हुने मानविय क्षति तथा अङ्गभङ्गको सम्भावनालाई न्यूनिकरण गर्नकालागि सर्वसाधारणहरुलाई लक्षित गरी यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | पेशागत जोखिमको बारेमा जानकारी तथा सुरक्षित व्यवहार सम्वन्धी ज्ञान, सीप, र सकरात्मक धारणा अभिवृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | वैदेशिक रोजगारमा जाने व्यक्तिहरुमा सुरक्षित एवं स्वस्थ्य व्हार अपनाइएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • बैदेशिक रोजगारमा जानेहरुको लागि सामाजिक विकास कार्यालयको समन्वय तथा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा हेल्पडेस्क स्थापना गरी कार्य सञ्चालन गर्ने।<br>• सामाजिक विकास कार्यलयको समन्वय तथा स्थानीय तहसंगको सहकार्यमा १ दिने Occupational Health सम्बन्धी अभिमूखिकरण कार्यक्रम गर्ने ।<br>• प्रशिक्षका लागि सामाजिक विकास मन्त्राल र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गर्न। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट वाँडफाट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि यातायात खर्च, स्टेशनरी, शैक्षिक सामग्री। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,उपस्थिति |

## ४६.कृयाकलापको नामः एकीकृत जन स्वास्थ्य अभियान तथा बिशेषज्ञ स्वास्थ्य शिबिर

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१० | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | न्यून मानव विकास सुचांक भएका तथा महामारी तथा प्रकोपबाट पटक पटक प्रभाबित क्षेत्र तथा स्वास्थ्य सेवाको पहुँच नभएका स्थायीय पालिकासंगको समन्वय गरी एकिकृत रुपमा स्वास्थ्य सेवाका साथै बिशेषज्ञ सेवा दिने । |
| उद्देश्य | • दुर्गम, बिपन्न तथा स्वास्थ्य सेवाको बञ्चीतीकरणमा रहेका समुदायका लागि आधारभूत तथा अत्यावश्यकीय स्वास्थ्य सेवा (प्रतिकारात्मक, प्रबर्द्धनात्मक तथा उपचारात्मकका साथै निदानात्मक) सेवाहरुलाई एकै ठाउमा अभियानको रुपमा संचालन गरी स्वास्थ्य सेवालाई हरेक नागरिकको कानूनी अधिकार रहेको जानकारी समेत दिने ।<br>• स्थानीयस्तरबाट प्रदान गरीएका स्वास्थ्य सेवाहरुको पैरवी गर्ने ।<br>• लक्षित वर्गका लागि तोकिएका आधारभूत सेवा पाईने स्थानहरुको बारेमा जानकारी दिने ।<br>• संक्रामक रोगहरुको परिचय, चिन्ह र लक्षणहरु तथा रोकथाम र ब्यबस्थापनका साथै यसबाट बच्नको लागि रणनीति तयार पार्ने ।<br>• स्वास्थ्य सेवामा जन सहभागिता र पहुँचको बारेमा सचेतना दिने । |
| अपेक्षित प्रतिफल | • आधारभूत सेवाको अधिकतम सदुपयोग गर्न पिछिडिएको क्षेत्र, बर्ग र लिंगलाई प्राथमिकता दिने ।<br>• स्वास्थ्य सेवा सुधार भएको र जनताको पहुचमा भएको हुने ।<br>• समाजका कारणबाट लुकेका स्वास्थ्य समस्याको निदान गरी बाताबरणीय सरसफाईको बारेमा जानकारी दिने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | १) जिल्लास्तरमा सरोकारवालासंगको समन्वयमा योजना बनाई कार्यान्वयनका लागि प्रचार प्रसारका साथै टिम तयार गर्ने ।<br>२) लक्षित समुदायको महिला स्वास्थ्य स्वयंसेविका, आमासमूह, स्वास्थ्य संस्थालाई अभिमुखिकरण तथा जन स्वास्थ्यका हरेक कृयाकलापहरुकाको बारेमा अन्तरक्रिया तथा सचेतना दिने ।<br>३) बजेटको आकारलाई हेरी बढिमा २ वटा बिशेषज्ञ शिबिरहरु संचालन गर्न सकिने छ जस्तैः जनरल मेडिसिन, दन्त, नाक, कान र घाँटीको बिशेषज्ञ सेवा, आँखा उपचार, छाला तथा यौनरोग, महिला तथा प्रजनन् साथै आयुर्वेद सेवा आदि ।<br>४) स्वास्थ्य शिबिर संगसंगै मुख्य जनस्वास्थ्य कार्यक्रमहरु, पाठेघर समस्या |

| | |
|---|---|
| | छनोट, क्षयरोग स्लाईड संकलन, स्वास्थ्य प्रबर्धन अभियान, पानी परीक्षण आदि सञ्चालन गर्न सकिनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | • नियमानुसार अनुसूची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानमा खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधि तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सेवाग्राहिको अभिलेख, शिविर सम्पन्नको प्रतिवेदन |

## ४७. कृयाकलापको नामः जिल्ला स्टोरहरुबाट स्थानीय तहसम्म औषधी तथा औषधिजन्य सामग्री, अभिलेख, प्रतिवेदन फारम ढुवानी, वितरण र रिप्याक व्यवस्थापन समेत

| कृयाकलाप संकेतः २.७.२२.२५०/२.७.२२.११९ | खर्च शिर्षकः 22522 |
|---|---|

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्री साथै अभिलेख, प्रतिवेदन फारम ढुवानी, वितरण र गुणस्तरका लागि प्याकिङ्ग, रिप्याकिङ्गसंग सम्बन्धी कार्य गर्नका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | औषधि तथा औषधिजन्य सामग्री प्याकिङ्ग, रिप्याकिङ्ग साथै अभिलेख, प्रतिवेदन फारम ढुवानी भइ समयमै वितरण गर्न । |
| अपेक्षित प्रतिफल | औषधि तथा औषधिजन्य सामग्री साथै अभिलेख तथा प्रतिवेदन फारम समयमै सुरक्षित रुपमा ढुवानी हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/ स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | औषधी तथा औषधीजन्य सामग्रीहरु, अभिलेख, प्रतिवेदन फारमहरु ढुवानी का साथै आवश्यक प्याकिङ्ग तथा रिप्याकिङका सामग्रीहरु खरिद गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | ढुवानी तथा प्याकिङ्ग रिप्याकिङ्गका लागि आवश्यक पर्ने विभिन्न सामग्रीहरुको |

| | |
|---|---|
| | व्यवस्थापनका लागि खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बिल भर्पाई, जिन्सि रजिष्टर |

## ४८.कृयाकलापको नाम: अस्पतालजन्य फोहोरमैला व्यव्स्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१८८ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नु पर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| संचालन प्रकृया | Health Care Waste Management SOP 2020 SOP अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>• भौतिकपूर्वाधारको मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण,सामग्री मर्मत<br>• HCWMS सम्बन्धीको बारेमा अभिमुखिकरण |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | Health Care Waste Management SOP 2020, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ४९.कृयाकलापको नाम: परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य सेवा सुद्दरिढिकरण तथा बिस्तार

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.२३३ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | किशोरकिशोरीहरुको प्रजनन् स्वास्थ्य समस्यालाई पहिचान गरि सोहि अनुसार किशोर किशोरी मैत्री] स्वास्थ्य सेवा प्रदन गर्न स्वास्थ्यकर्मीको ज्ञान, सिप र दक्षता अभिवृद्धी गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | किशोरकिशोरीहरुको प्रजनन् स्वास्थ्य सेवा प्रवर्धन गर्न । |
| अपेक्षित प्रतिफल | किशोर किशोरीको गुणस्तरीय प्रजनन् स्वास्थ्य सेवा प्रवाह हुने । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • किशोरकिशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी ज्ञान, सिप तथा दक्षता लागि National ASRH Implementation Guideline अनुसार कार्यक्रम संचालन गर्ने।<br>• यसका लागि यस प्रदेश अन्तर्गत रहेका अस्पताल तथा अन्य स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मिहरुलाई सहभागी गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाट | प्राप्त बजेट नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार दै.भ्र.भ, यातायात खर्च, सहजकर्ता पारिश्रमिक, स्टेशनरी, खाजा, शैक्षिक सामग्री, हलभाडा, विविध लगाएत तोकिएका खर्चहरु |
| सन्दर्भ सामाग्री | किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य सन्दर्भ सामाग्री, National ASRH Implementation Guideline, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बिल भर्पाई, हाजिरि विवरण, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५०. कृयाकलापको नाम: अस्पतालहरूमा फिजियोथेरापी युनिट सञ्चालन

| | |
|---|---|
| कृयाकलापको संकेतः २.७.२२.४२५ | खर्च शिर्षकः 22522 |

| | |
|---|---|
| परिचय | बिश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५ प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसंख्या करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । हाल नसर्ने रोगको ब्यापकता बढेसंगै अल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत वृद्धि भएको पाइन्छ । ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुद्दढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका हरेक जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य पुर्नस्थापना सेवाको आवश्यकता भएका ब्यक्तिहरुलाई गुणस्तरीय फिजियोथेराप ी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुले गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ सेवा कार्यालय । |
| संचालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने |

| | |
|---|---|
| | • यस कार्यक्रमबाट फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने ।<br>• सेवा प्राप्त गरेका ब्यक्तिहरुको अभिलेख राख्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | फिजियोथेरापी इकाईमा कार्यरत फिजियोथेरापिस्टको पारिश्रमिक उपलब्ध गराउन सकिनेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका लाभग्राहिहरुको अभिलेख विवरण । |

## ५१. कृयाकलापको नामः जेष्ठ नागरिक स्वास्थ्य प्रर्वधन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.६ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रुपमा सेवा लिन आउने जेष्ठ नागरिकको नि:शुल्क  जाँच गरी स्वास्थ्य  प्रबर्धन गर्न साथै जेरियाट्रिक (जेष्ठ नागरिक) स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७७ बमोजिम विभिन्न उपचारात्मक स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जेष्ठ नागिरकलाई आबश्यकता अनुसार बिभिन्न रोगको निदान गरी उपचारको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रबर्धन साथै उचित परामर्श गरी स्वास्थ्यमा पहुँच विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकमा स्वास्थ्यको पहुँच प्रवर्धन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय, मेहलकुना अस्पताल। |
| सचालन प्रकृया | स्थानीय तहसंगको समन्वयमा समुदायमा रहेका जेष्ठ नागरिकहरुको पहिचान गरी स्वास्थ्य संस्थामा सेवा लिन आउन प्रेरित गर्ने ।<br>पहिचान गरिएका जेष्ठ नागरिकहरुको स्वास्थ्य संस्थामा नि:शुल्क स्वास्थ्य जाँच (प्रयोगशाला सेवा तथा अन्य सबै जाँचहरु) गरी आवश्यकता अनुसार औषधीको व्यवस्था मिलाउने । |
| संचालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वास्थ्य जाँच गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन तथा आवश्यक औषधीहरुको खरिद । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट ,सेवाग्राही संख्या |

## ५२. कृयाकलापको नाम: स्थानीय तहका जनप्रतिनिधि, प्रशासकीय अधिकृत, स्वास्थ्य संयोजकसंग स्वास्थ्य सम्बन्धी समन्वय बैठक, समीक्षा र योजना तर्जुमा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.९१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | गत आ.ब.को अन्त्यमा सम्पन्न निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय तहमा कार्यरत प्रशासकिय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुखहरुलाई स्वास्थ्यको वर्तमान अवस्था, दिगो बिकास लक्ष्य, १५ औँ योजना लगायत राज्यले बिभिन्न समयमा गरेका प्रतिबद्धताहरुको आधारमा स्थानीय तहमा योजना तर्जुमा, प्राथमिकता निर्धारण बिधि लगायत सूचना व्यवस्थापनलाई नियमित गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्थानीय तहका जनप्रतिनिधिहरुलाई स्वास्थ्यको अवस्था, योजना, बजेट तर्जुमा तथा स्वास्थ्यका सूचकहरुको प्रक्षेपण तथा समिक्षा संचालन गर्न |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखि आवश्यकता अनुसारको बजेट विनियोजन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • स्थानीय निर्वाचनबाट नवनिर्वाचित जनप्रतिनिधिहरु, स्थानीय तहमा कार्यरत प्रशासकिय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुखहरुलाई संलग्न गराई दुई दिने योजना तर्जुमा, समीक्षा कार्यशाला गोष्ठी संचालन गर्ने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी कार्यक्रम संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता तथा गोष्ठी संचालनार्थ खर्च बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५३. कृयाकलापको नामः महामारी नियन्त्रणका लागि बफर स्टक सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत M २.७.२२.९२ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | भौगालिक बिबिधता तथा मौसम परिवर्तन भैरहने कर्णाली प्रदेशमा उपयुक्त साधन श्रोतको अभावका साथै सम्भावित महामारीको जोखिम रहिरहने स्थितिको पुर्वानुमान गरी आवश्यकता भएका स्थानहरुको सूची तयार पारी सम्भाबित महामारीजन्य संक्रामक रोगहरुको उपचार तथा ब्यबस्थापनका लागि योजना बनाई प्रदेश, जिल्ला र पालिकास्तरमा तोकिएको औषधी तथा |

| | |
|---|---|
| | अन्य सामग्री नियमानुसार खरिद गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | Public Health Risk and Emergency को आधारमा जिल्लास्तरको बिपद् प्रतिकार्य योजना र स्वास्थ्य तथा पोषण ईकाईको प्रतिकार्य योजना अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | सम्भावित महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरु । |
| सचालन प्रकृया | बफर स्टकका लागि आवश्यक सामग्रीहरुको सूचि तयार गरी स्वीकृत गराई सो को आधारमा बजेटको आकार हेरी नियमानुसार खर्च गर्नुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | • स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने ।<br>• स्वीकृत बजेटबाट औषधी तथा अत्यावश्यक सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ समाग्री | अत्यावश्यक औषधी सूची, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय, दाखिला प्रतिवेदन तथा हस्तानतरण प्रतिवेदन |

## ५४. कृयाकलापको नामः जेष्ठ नागरिक निःशुल्क शिविर तथा स्वास्थ्य, सम्मान, सहयोग कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४५ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रुपमा सेवा लिन आउने जेष्ठ नागरिकको निःशुल्क जाँच गरी स्वास्थ्य प्रबर्धन गर्न साथै जेरियाट्रिक (जेष्ठ नागरिक) स्वास्थ्य सेवा संचालन निर्देशिका, २०७७ बमोजिम विभिन्न उपचारात्मक स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | ६० बर्ष उमेर नाघेका जेष्ठ नागरिकको स्वास्थ्य अवस्थाको जाँच गर्नुका साथै जीवन उपयोगी सामग्रीको बितरण गर्न । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवामा जेष्ठ नागरिकहरुको पहुँचमा वृद्धि भइ उनीहरुको दैनिकि सहज हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय । |
| सञ्चालन प्रक्रिया | • ६० बर्षमाथिका ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य अवस्थाको जाँच गर्ने ।<br>• ज्येष्ठ नागरिकहरूका लागि आवश्यक जीवनपयोगी स्वास्थ्य सामग्रीहरू |

| | |
|---|---|
| | उपलब्ध गराउने जस्तैः लठ्ठी, चश्मा, पछ्यौरा, व्यक्तिगत सरसफाई लगायतका सामग्रीहरू प्रदान गर्ने,<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्रीहरु उपलब्ध गराउने ।<br>• आवश्यकता अनुसार प्रेषण सेवा उपलब्ध गराउने । |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यक सामग्रीहरूको सूची तयार गरी नियमानुसार बजेट बाँडफाँट गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमम सूचक | सेवा लिएका ज्येष्ठ नागरिकहरूको संख्या र कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५५. कृयाकलापको नाम: अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु लगायत अन्य पदहरु पदपूर्ति नभइ बिशेषज्ञ सेवा संचालन हुन नसकेकोले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा तत्काल बिशेषज्ञ स्वास्थ्य सेवा सहज रुपमा संचालन गर्न का लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | बिशेषज्ञ तथा बिशेष प्रकृतीका सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालबाट नियमित रुपमा गुणस्तरिय बिशेषज्ञ सेवा उपलब्ध भइ सेवाग्राहीको संख्यामा वृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालयहरु, मेहलकुना अस्पताल। |
| संचालन प्रकृया | स्थान बिशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत सम्बन्धित सेवा प्रदान गर्न आवश्यक स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सेवा |

| | |
|---|---|
| | करारमा नियुक्ति गर्ने । यस साथै स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक पर्ने बिशेष प्रकारका जनशक्ति (जस्तै: Physiotherapist/ Assistant, Lab-Technologist/Technician, Biomedical Engineer/Assistant, Pharmacist/Assistant, Ophthalmic Assistant, Staff Nurse, Dental Hygienist, Psycho Social Counsellor, Anesthesia Assistant लगायत) करार सेवामा व्यवस्था गर्ने ।<br>यस भन्दा पहिला सोही कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने छ।<br>यस कार्यक्रम अन्तर्गत सम्झौता भइ करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक बिकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित रुपमा पेश गर्ने । |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | स्वीकृत कार्यक्रम, सेवा रजिष्टर, प्रतिबेदन, निरिक्षण । |

## ५६. कृयाकलापको नाम: अस्पताल सुरक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक सम्पत्तिको सुरक्षार्थ यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अबैध बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक सम्पतीको सुरक्षा हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक सम्पत्तिको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालयहरु । |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ २४ घण्टा अस्पताल सुरक्षाको लागि तालिम प्राप्त व्यक्तिलाई व्यवसायिक कम्पनी मार्फत सेवा करार वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने ।<br>यस कार्यक्रम अन्तर्गत सम्झौता भइ करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण सामाजिक बिकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा नियमित रुपमा पेश गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्विकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | हाजिर रजिष्टर, अनुगमन |

## ५७.कृयाकलापको नाम: पाठेघरको मुखको क्यानसर जाँचका लागि VIA set, Silicon ring pessary खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत न: २.७.५.५१ | खर्च शिर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | प्रजनन् उमेरका महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्ये पाठेघरको मुखको क्यान्सर तथा आङ खस्ने समस्या मुख्य हो । पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको पहिचान गरी समयमा नै व्यवस्थापन गर्नको लागि VIA Set र आङ खस्ने समस्या जटिल हुन बाट बचाउन Silicon ring pessary खरिदका लागि यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमानै व्यवस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै आदि निकायमा सेवा प्रदानको लागि प्रेषण गरिने |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन /स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रक्रिया | • VIA विधिबाट क्यान्सर स्क्रिनिङ गर्दा आवश्यक पर्ने VIA set, Speculum, Surgical Drum, Bowl, Autoclave, Acetic acid, औषधीजस्ता सामग्रीहरुका साथै VIA camp का लागि Mask, Sanitizer, PPE आवश्यकताका आधारमा खरिद गर्न सकिनेछ ।<br>• सामग्रीहरुको खरिद गर्दा आवश्यक सामग्रीको मात्रा निर्धारण गरी मौजुदा सार्वजनिक खरिद ऐन वमोजिम गर्नु पर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ५८. कृयाकलापको नाम: पूर्णखोप घोषणाको लागि घुम्ती खोप सेवा संचालन तथा सर्वेक्षणमा सहजिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.५७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो र खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै जिल्लाले पूर्णखोप दिगोपना सुनिश्चित गर्नु सम्बन्धित सबै निकायको दायित्व हो । यसको लागि पूर्ण खोप घोषणा नभएका जिल्ला तथा स्थानीय तहमा घुम्ती खोप सेवा संचालन तथा सर्वेक्षणमा सहजिकरण गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | १५ देखि २३ महिना सम्मका सबै वालवालिकाहरुले पूर्ण मात्रा खोप पुरा गरेको सुनिश्चित गर्न |
| अपेक्षित प्रतिफल | पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चितता हुने |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • पूर्णखोप घोषणाका लागि स्थानीय तहमा घुम्ती खोप सेवा सञ्चालन गर्ने ।<br>• सबै प्रक्रिया पुरा गर्ने चरणमा रहेको स्थानीय तहमा सर्भेक्षण गर्ने ।<br>• सर्भेक्षण गरिसकेका स्थानीय तहका हकमा अन्य आवश्यक प्रकृयामा सहजीकरण गर्ने ।<br>• उक्त कार्यक्रमहरू सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने।<br>• पूर्ण खोप घोषणा तथा दिगोपनाको सुनिश्चितताका लागि समीक्षा तथा सहजिकरण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दैनिक भ्रमण खर्च, यातायात तथा ढुवानी खर्च |
| सन्दर्भ सामग्री | परिवार कल्याण महाशाखाको परिमार्जित पूर्णखोप निर्देशिका २०७५, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५९. कृयाकलापको नाम: Presumptive क्षयरोग विरामीको सक्रिय खोज पडताल (Microscopic Camp)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.५.६० | खर्च शिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ । सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको |

| | |
|---|---|
| | छ। |
| उद्देश्य | सक्रिय खोजपड्ताल विधिबाट क्षयरोग बिरामी समयमै पत्ता लगाई उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा बिभिन्न कारणबाट पहिचान हुन छुटेका क्षयरोग विरामीहरू पत्ता लागेका हुनेछन । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/ स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | रोगको प्रकोप दर बढी भएका वा सभावित क्षयरोग विरामी हुने स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, चिकित्सक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु सहित आवश्यक जनशक्ति परिचालन गरी क्षयरोग बिरामीको खोजपड्ताल गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | नियमानुसारको दै.भ्र.भ., शिविर तयारीका साथै परिचालन हुने कर्मचारी तथा स्वयंसेवकहरुलाई यातातायात खर्च, भत्ता, खाजा आदिमा बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको साविकको निर्देशिकाका साथै प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचक | सक्रिय खोजपड्ताल विधिबाट खोजी गरिएका सभांवित क्षयरोगका बिरामी तथा क्षयरोग पत्ता लागेकाको विवरण |

## ६०. कृयाकलापको नाम: नसर्ने रोग सम्बन्धी स्क्रिनींग क्याम्प र जनस्वास्थ्य प्रवर्धन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.६७ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा नसर्ने रोगको भार दिनानुदिन बढ्दै गइरहेको छ । समुदायमा नसर्ने रोगको समस्या रहेको तर पहिचान नभएको हुँदा सोको स्क्रिनिङ्ग, निदान तथा जनस्वास्थ्य प्रवर्धन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्यान्सर, सिकलसेल, दम लगायतका नसर्ने रोगको रोकथाम, समयमै पहिचान गरी उपचारको दायरामा ल्याउन । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका नयाँ बिरामीहरु पत्ता लगाई उपचारको दायरामा आउने । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहहरुको समन्वयमा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य र बजेटको परिधी भित्र रहि स्थानीय तहको संख्या एकिन गरी १ दिने वृहत स्क्रिनिंङ क्याम्प आयोजना गर्ने ।<br>• मधुमेहका लागि ग्लुकोमिटरबाट परिक्षण, रक्तचाप मापन, मोटोपना लगायत अन्य नसर्ने रोगहरुको परिक्षण गर्ने ।<br>• नसर्ने रोगका प्रमुख ४ कारक तत्वहरु न्यूनिकरण सम्बन्धी शिविर स्थलमै जनचेतना जगाउने जिंगल, पोस्टर, अन्य स्वास्थ्य शिक्षा सामग्रीहरु वितरण |

| | |
|---|---|
| | गर्ने।<br>• रोगको पहिचान भएका विरामीहरुलाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।<br>• सम्भवभएसम्म यो कृयाकलाप र भिआइए स्क्रिनिंग संगसंगै संचालन गर्ने।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | शिवीर तयारीका साथै संचालनार्थ स्वास्थ्य शिक्षा सामग्री प्रकाशन, ग्लुकोमिटर सेट, बिपी सेट आदि खरिद गर्ने, दैभ्रभ, स्थानीय यातायात खर्च, खाजा, स्टेशनरी लगायतमा खर्च गर्न सकिने |
| सन्दर्भ सामग्री | पेन प्याकेज पुस्तिका २०७५, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सहभागी संख्या, हाजीरी, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६१. कृयाकलापको नाम: TB/HIV-CABA संक्रमित बालबालिकाहरूका लागि पोषण वापतको सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेत M२.७.२२.१२४ | खर्च शिर्षक M २२५२२ |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एच.आइ.भी. र एड्स रणनीति (२०११-२०१६) ले परिलक्षित गरे अनुसार एच.आई.भी संक्रमित तथा प्रभावित बालवालिकाहरूको संरक्षण र स्याहारको लागि परिवार र समुदायको क्षमता अभिवृद्धि गर्ने कुरामा नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको छ ।यसै प्रतिवद्धता पुरा गर्दै एच.आई.भीबाट संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई संरक्षण प्रदान गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा सहयोग कार्यक्रम राखिएको हो । |
| उद्देश्य | एच.आइ.भी संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेल्चेक्राइबाट संरक्षणका लागि वातावरण तयार पार्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगाएत उनीहरूको शिक्षा, स्वास्थ्य पोषण र स्याहार लगायतका आधारभूत बाल अधिकारको सुनिश्चित गर्दै उनीहरूको शारिरीक, मानसिक, भावनात्मक र सम्वेदनात्मक विकासमा योगदान गर्नका लागि संक्रमित बालबालिका र तिनीहरूका परिवारलाई सामाजिक संरक्षण प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | HIV संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्राइबाट संरक्षणका लागि वातावरण तयार गर्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगायत उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण र स्याहार लगायतका आधारभूत |

| | |
|---|---|
| | बालअधिकारको सुनिश्चित गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | जिल्ला CABA कार्यान्वयन समितिको निर्णयानुसार एच.आई.भी संक्रमितहरूलाई एकमुष्ठ रकम रू. ६००० बैंक खातामा जम्मा गरी भुक्तानी हुनेछ । उक्त रकमबाट नियमित रूपमा विद्यालय पठाउने नियमित रूपमा स्थानीय स्वास्थ्य संस्थामा जाँच गराउने एन्टीरेक्ट्रोभाइरल उपचारका लागि सहयोगको दायित्व बालबालिकाको अभिभावकको हुनेछ । जिल्ला CABA कार्यान्वयन समिति गठन नभएको जिल्लाको हकमा जनस्वास्थ्य सेवा कार्यालय प्रमख अस्पताल प्रमुख र ए.अर.टी.मा कार्यरत स्वास्थ्यकर्मी, फोकल पर्सन तथा संवन्धित साझेदार संस्थाहरूसँग बैठकमा निर्णय गराइ माग भइ आएमा एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७० अनुसार भुक्तानी हुनेछ ।जसको अभिलेख समेत अध्यावधिक गर्नुपर्ने छ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | पोषण खर्च नगद अनुदान, बैठक भत्ता । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## ६२. कृयाकलापको नामः टेलिमेडिसिन, ई-हेल्थ कार्यक्रम तथा व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४३७ | खर्च शिर्षक : 22522 |

| | |
|---|---|
| परिचय | दुर चिकित्सा सेवा भन्नाले श्रव्य, दृश्य र अन्य विद्युतीय सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने चिकित्सकीय बिधि हो । विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा संञ्चार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका दुर्गम स्थानमा बिषेशज्ञ स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहमा अभिवृद्धि गर्नु । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने ।<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने ।<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिबृद्दि हुने ।<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्नें। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | जन/स्वास्थ्य सेवा कार्यालयहरु, मेहलकुना अस्पताल । |
| सञ्चालन प्रक्रिया | • स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने, टेलिमेडिसिन सेवामा समावेश हुन इच्छुक स्थानीय तहको मापदण्ड एकीन गरी सेवा विस्तारका लागि सामाजिक विकास मन्त्रालयमा सिफारिश गर्ने ।<br>• दूर दराजमा रहेका विपन्न, सिमान्तकृत तथा आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका विरामीहरूलाई स्वास्थ्य चौकी, आधारभूत अस्पताल, जिल्ला अस्पतालमा रहेका जनशक्ति मार्फत तोकिएका विशेषज्ञ चिकित्सकहरूसँग सम्भव भएसम्म भिडियो कल/कम्फरेन्स, फोन तथा सञ्चार प्रबिधि मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराउने ।<br>• सेवा प्रदायक चिकित्सक, आयुर्वेद चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य विषय विज्ञहरूको सूची तयार गरी Software/Dedicated टेलिफोन लाईन मार्फत सम्पर्क हुने व्यवस्था गर्ने र सो वापत प्रति दिन रू.१०० सम्म प्रोत्साहन स्वरूप चिकित्सकलाई उपलब्ध गराउने।<br>• दूर चिकित्सा स्वास्थ्य सेवा लिएका सेवाग्राहीहरुको अभिलेख राख्ने र सोको प्रतिवेदन सामाजिक बिकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउने ।<br>• दूर चिकित्सा स्वास्थ्य सेवाको आवधिक अनुगमन तथा समीक्षा गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा तालिमका लागि खर्चको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | दूर चिकित्सा सेवा मापदण्ड २०७६ प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या, दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या, अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन |

## ६३. कृयाकलापको नाम: बिरामीका लागि रासन सिदा

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.१.१.१ | खर्च शिर्षक : २७१११ |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक खानाको व्यवस्था गर्न यो कार्यक्रमसमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलब्ध गराई उपचारमा सहयोग हुनेछ । |
| अपेक्षित प्रतिफल | बिरामीलाई आर्थीक भार कम हुने र पूर्ण उपचार गराइ जानेछन् । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| संचालन प्रकृया | प्रत्येक वर्षको अघिल्लो आ.ब.को माघ १ गते देखि पौष मसान्तसम्म वा यसअघि स्थानीय निकायमा अख्तियारी गएका अस्पतालको हकमा श्रावण १ देखि आगामी आ.ब.को भाद्र मसान्तसम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गररे तोकिए बमोजिमको स्केल अनुसार जिल्ला दररेट समितिको निर्णयानुसार लागत अनुमान तयार गरी दैनिक खानाको व्यवस्था गर्ने।प्रत्येक दिनको (आईतवार देखि शनिवार ) फुड मेनु प्रदर्शन गर्ने।यस सम्बन्धी विवरण अनुसूचि १ मा उल्लेख गरिएको छ ) |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | भर्ना भएका बिरामीहरुको सूची । |

## ६४.कृयाकलापको नामः Stabilization Centre/ Nutrition Rehabilitation Home व्यवस्थापन सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.१३५ | खर्च शिर्षक नं.: २२५२२ |

| | |
|---|---|
| परिचय | गम्भिर खालका कुपोषित बालबालिकाको चिकित्सकिय उपचार तथा पोषणयुक्त खाना उपलब्ध गराउन अस्पतालमा Stabilization Centre तथा पोषण पुनर्स्थापना गृह संचालनार्थ आवश्यक व्यवस्थापनका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | अस्पतालको Stabilization Centre तथा पोषण पुनर्स्थापना गृह नियमित रुपमा संचालन गर्न। |
| अपेक्षित प्रतिफल | अस्पतालको Stabilization Centre तथा पोषण पुनर्स्थापना गृहमा देखिएका समस्याहरुको समाधान गरी नियमित रुपमा गुणस्तरिय सेवा प्रवाह हुने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यक्रम स्वीकृत गराई भवन, खाने |

| | |
|---|---|
| | पानी, बिद्युत, बेड मर्मत फर्निचर तथा फिक्चर, खाना पकाउने सामग्रीहरु, मेसिनरी औजार, तथा लगायत अत्यावश्यक सामग्रीहरु खरिद गर्न सकिने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६५. कृयाकलापको नाम: जटिल प्रसुति आकस्मिक सेवा र आपतकालीन अवस्थाका लागि दुर्गम स्थानबाट सुविधा सम्पन्न अस्पतालसम्म एअर लिफ्टिङ्ग तथा प्रेषण सहजीकरण संचार एवं व्यवस्थापन समेत

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व कार्यक्रमको प्रमुख उद्देश्य मातृ मुत्यु दर घटाउने हो । नेपालको सविंधानमा समेत सुरक्षित मातृत्वलाई मौलिक हकको रुपमा राखिएको छ ।"सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" अनुसार प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भनी उल्लेख गरिएको छ। कुनै पनि महिलाले गर्भवती, प्रसव, सुत्केरी, गर्भपतनको जटिलताका कारण अस्पतालसम्म पुग्न नसकेर ज्यान गुमाउन नपरोस भनी उनीहरुलाई आवश्यक परेको खण्डमा तुरुन्त सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | आकस्मिक अवस्थाका गर्भवती, प्रसव, सुत्केरी र गर्भपतनको जटिलता समेतको बिरामीलाई समयमै सुरक्षित सुबिधा सम्पन्न अस्पतालमा पुर्‍याई जीवन रक्षा गर्ने । |
| अपेक्षित प्रतिफल | मातृ तथा नव शिशु विरामी दर तथा मृत्युदरमा कमी आउनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरु |
| सञ्चालन प्रकृया | लक्षित समुह/Air lifting गर्नुपर्ने अवस्थाहरुः<br>• Air Lifting का लागि सडक यातायातको सुविधा नभएका अति दुर्गम ग्रामीण भेगमा बसोबास गर्ने गर्भवती, प्रसव तथा सुत्केरी अवस्थाका आमाहरुमा सो अवधिमा ज्यान जोखिममा पर्ने जटिलता भएमा,<br>• तत्कालै सम्वन्धित स्थानमा रहेको संस्थामा उपचार हुन नसकी बिरामीको ज्यान खतरामा पर्न सक्ने अवस्था आएमा,<br>सुविधा सम्पन्न अस्पतालमा उपचारका लागि लैजाने स्थानीय स्तरमा यातायातको सुविधा उपलब्ध नभएमा आकस्मिक अवस्थाको बिरामीको अवस्थामा जटिलता आएमा र एम्बुलेन्सद्वारा नजिकैको सरकारी अस्पतालमा पुर्याउन नसक्ने अवस्था भएमा आवश्यक कागजातः<br>• स्वास्थ्य संस्था वा अस्पतालको प्रेषण पुर्जा, |

| | |
|---|---|
| | • हवाइ उद्धार गर्न सहयोग गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालय/अस्पताल/स्वास्थ्य संस्था वा स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र,<br>• विरामीको नागरिकताको प्रतिलिपि वा श्रीमानको नागरिकताको प्रतिलिपि वा सम्बन्धित स्थानीय निकायको नाता प्रमाणित पत्र,<br>जिल्लाभित्र एम्बुलेन्स वा एम्बुलेन्स उपलब्ध नभएको खण्डमा भाडाको गाडीको प्रचलित दर अनुसारको प्रेषण खर्च आदि स्वास्थ्य कार्यालयले खर्च गर्न सक्ने सेवा सञ्चालन विधिः<br>• बिरामीलाई नजिकैको सुबिधा सम्पन्न सरकारी/सामुदायिक/निजि अस्पतालसम्म पुर्याउँदा Air lifting मा तोकिएको शिर्षक अनुरूप खर्च गर्नुपर्नेछ,<br>• Air lifting गर्ने एयर लाईन्सलाई अस्पताल वा स्वास्थ्य संस्थाको सिफारिसको आधारमा स्वास्थ्य सेवा निर्देशनालयले कार्यदेश दिनुपर्नेछ,<br>• विरामीको व्यक्तिगत विवरण तथा अवस्थाको जानकारी अभिलेख निर्देशनालयमा राख्नुपर्नेछ, साथै निजको नागरिकता र सम्बन्धी अस्पतालबाट Discharge हुदाँ निजको Discharge Report संकलन गर्नुपर्नेछ,<br>• अभिलेख तथा प्रतिवेदन,<br>• हवाइ उद्धारहरुको विस्तृत विवरण महिलाको नाम, ठेगाना, जटिलता, मिति, रकम र उपचार नतिजा समेत खुल्नेगरी विवरण अध्यावधिक गरी सामाजिक बिकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही Air lifting तथा एम्बुलेन्स एअरपोर्टबाट अस्पताल सम्मको यातायात सेवाको लागि एवं समन्वय वैठक र संचारका लागि खर्च । |
| सन्दर्भ सामग्री | राष्ट्रपति महिला उत्थान कार्यक्रम सम्बन्धी निर्देशिका, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | एअर लिफ्टिङ्ग गरेको तथ्यांक, बिल भरपाई |

## ६६.कृयाकलाप: स्वास्थ्य सम्बन्धी मेशिनरी औजार तथा उपकरण खरिद (स्वास्थ्य तथा चिकित्सासंग सम्बन्धित यन्त्र, उपकरण तथा मेशिन औजार)

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.३ | खर्च शीर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पताल, अस्पतालमा रहेका प्रयोगशाला तथा कार्यालय प्रयोजनका लागि निरन्तर आवश्यकता भइराख्ने मेशिनरी औजार तथा उपकरणहरू खरिद गरी त्यसको सहज उपलब्धताका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | अस्पताल तथा कार्यालयमा नियमित आवश्यक मेशिनरी औजार तथा उपकरण उपलब्ध गराउने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय, मेहलकुना अस्पताल |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधिभित्र रही आवश्यकता अनुसारको स्वास्थ्य तथा चिकित्सासंग सम्बन्धित यन्त्र, उपकरण तथा मेशिन औजार एवम् सामग्री खरिद गरी सो को व्यवस्थापन गर्ने ।<br>• यसका लागि स्पेशिफिकेशन स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाई कार्यालय प्रमुखसंग स्वीकृत गराई खरिद गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद प्रकृया सम्बन्धी कागजातहरु, दाखिला प्रतिवेदन, |

## ६७. कृयाकलापको नामः SNCU सेवा संचालन तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.22.221 | खर्च शिर्षक नं. २२५२२ |

| | |
|---|---|
| परिचय | MICS २०१९ को सर्वेक्षण अनुसार नेपालमा नवजात शिशुको मृत्युदर प्रति हजारमा १६ जना रहेको छ साथै कर्णाली प्रदेशमा पनि नवजात शिशुको मृत्युदर उच्चनै रहेको छ । नेपाल सरकारले मातृ तथा नवजात शिशुको मृत्युदर कम गर्न बिभिन्न कार्यक्रम संचालन गर्दै आएको कुरा बिदितै छ । नवजात शिशुहरुमा हुने संक्रमण रोकथाम तथा उपचारका लागि SNCU/NICU सेवाको महत्वपूर्ण भूमिका हुने हुदां SNCU सेवा संचालनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | SNCU सेवा संचालन गरी नवजात शिशुहरुमा हुने संक्रमण रोकथाम तथा उपचार गरी मृत्युदरमा कमी ल्याउने । |
| अपेक्षित प्रतिफल | नवजात शिशुहरुको मृत्यु दर कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| संचालन प्रकृया | अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गरी निम्न कार्य गर्ने:<br>• SNCU सेवा संचालनका लागि कोठा तयार गर्ने (कोठा मर्मत, रंगरोगन, बत्ति पानी, अक्सिजन सहितको व्यवस्था) ।<br>• फर्निचर तथा फिक्चर खरिद, मर्मत ।<br>• औजार उपकरण (Baby Warmer, Feeding Cup, CPAP, Resuscitation Set, KMC Chair, etc.), सामग्री खरिद ।<br>• आवश्यकता अनुसार औषधी तथा औषधीजन्य सामग्री लगायत अन्य सामग्री खरिद । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | बिभिन्न औजार, उपकरण, औषधी खरिद तथा व्यवस्थाका लागि बजेट बाँडफाँट |

| | |
|---|---|
| | गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद प्रकृया प्रतिवेदन, दाखिला प्रतिवेदन |

## ६८.कृयाकलापको नाम: महिनावारी स्वास्थ्य तथा सरसफाई अभियान

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३१० | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रजनन उमेरका महिलाहरुमा प्राकृतिक रुपमा हुने महिनावारी विशेषगरी नेपालका सुदुर पश्चिम तथा कर्णाली प्रदेशका विभिन्न स्थानहरुमा एक प्रथाका रुपमा लिएर महिनावारीका समयमा महिलाहरुलाई अलगै व्यवहार गरेको अवस्था छ । जसको कारणले महिलाहरुको स्वास्थ्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा असर परिरहेको छ।यस्तो समस्या समाधानका लागि छाउपडि प्रथा उन्मुलन तथा महिनावारी सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम आवश्यक छ। |
| उद्देश्य | छाउपडी प्रथा उन्मुलनका लागि सरोकारवालासँग वकालत गर्ने र महिनावारी सरसफाई प्रबर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | छाउपडी प्रथा उन्मुलन तथा महिनावारी सरसफाईले महिलाहरुको प्रजनन स्वास्थ्यमा सुधार हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य कार्यालयहरु । |
| संचालन प्रक्रिया | • यस कार्यक्रमको लक्षित समूहमा छाउपडी प्रथाको प्रभाव रहेका कर्णाली प्रदेशका प्रजनन उमेर समुहका महिला र किशोरीहरु हुनेछन ।<br>• कार्यक्रम संचालन गर्दा प्रदेश र स्थानीयस्तरमा महिनावारी स्वास्थ्य सम्बन्धी अभियानका अभियान्तालाई समेत सहजकर्ताका रुपमा प्रयेग गर्न सकिनेछ।<br>• बिद्यालय नर्स कार्यक्रम संचालन भएका बिद्यालयमा विशेषगरी माध्यमिक तहका छात्राहरु वा अन्य किशोरकिशोरीहरु वा आमा समूहलाई लक्षित गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बांडफांड | सेनिटरी प्याड खरिद, सामग्री व्यवस्थापन, दै.भ्र.भ, खाजा खर्च आदि। |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६९. कृयाकलापको नाम: बाल तथा मातृ मृत्युदर न्युनीकरणका लागि गाउँपालिकाहरूमा बर्थिङ सेन्टरहरूको क्षमता विकास तथा बिशेष स्वास्थ्य शिविर सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.22.313 | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा बाल तथा मातृ मृत्युदर अन्य प्रदेश भन्दा उच्च रहेको छ । बाल तथा मातृदर न्यूनिकरण गर्न पालिकास्तरका बर्थिङ सेन्टरहरूको पूर्वाधार बिकास, स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा आवश्यकता अनुसार बिशेष स्वास्थ्य शिविर संचालन गर्न कार्यक्रम राखिएको हो। |
| उद्देश्य | बर्थिङ सेन्टरहरूको क्षमता विकास तथा पूर्वाधार विकास गरी बाल तथा मातृ मृत्युदरमा कमी ल्याउन । |
| अपेक्षित प्रतिफल | गुणस्तरिय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई बाल तथा मातृ रुग्णता र मृत्युदरमा कमी हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • जिल्लाको धेरै घरधुरीको पायक पर्ने क्षेत्र भएको, सुत्केरीको संख्या बढी हुने, न्यूनतम पूर्वाधार तथा जनशक्ति भएका दुई देखि तीनवटा बर्थिङ सेन्टरहरु छनौट गर्नुपर्नेछ।<br>• छनौट भएका बर्थिङ सेन्टरहरुको थप आवश्यक पूर्वाधार सुत्केरि कक्ष, प्रतिक्षालय, ट्वाईलेट, बिजुली बत्तिको र नर्सिङ्ग क्वाटर पहिचान गरी सो को व्यवस्थापन गर्नुपर्नेछ।<br>• यस अघि सामाजिक विकास मन्त्रालयको रकमबाट निर्माण सुरु भएका बर्थिङ सेन्टरहरुको बाँकि काम पूरा गर्न पनि यो रकम यवस्थापन गर्न सकिनेछ।<br>• सो बर्थिङ सेन्टरमा जनशक्ति थप गर्नु पर्ने भएमा अनुभवी तथा तालिम प्राप्त स्टाफ नर्स वा अ.न.मि<br>• बर्थिङ सेन्टरहरूको क्षमता विकास तालिम संचालन गर्न सकिनेछ।<br>• बर्थिङ सेन्टरहरूको क्षमता अभिबृद्दी गर्न आवश्यक सामग्री, औजार उपकरणको व्यवस्था गर्ने।आवश्यकता अनुसार मर्मत सम्भार गर्न सकिनेछ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन |

## ७०.कृयाकलापको नाम: अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४२७ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | आकस्मिक बिरामीहरुको लागि अस्पतालहरुमा निरन्तर अक्सिजनको आवश्यकता भइराख्ने तर टाढा टाढाबाट खरिद गरेर ढुवानी गर्दा असजिलो, नियमित आपूर्तिमा कठिनाइ तथा महंगो समेत पर्ने हुंदा अक्सिजनको सहज उपलब्धताका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | अक्सिजन प्लान्ट वा पाइपिङ्ग प्रणाली जडान गरी अस्पतालमा निरन्तर अक्सिजनको उपलब्धता गराउन । |
| अपेक्षित प्रतिफल | अस्पतालमा नियमित रुपमा अक्सिजन उपलब्धता भई बिरामीहरुको स्वास्थ्यमा सुधार आउने छ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • प्रचलित ऐन नियमानुसार बजेटको परिधिभित्र रही स्थान अनुसारको उपयुक्त अक्सिजन उत्पादन वा पाइपिङ्ग प्रणाली जडान गरी व्यवस्थापन गर्ने, यस अघि व्यवस्थापन भएका प्लान्टको मर्मत सम्भार तथा क्षमता अभिवृद्धि गर्ने ।<br>• यसका लागि स्पेशिफिकेशन स्वीकृत गराई प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाई कार्यालय प्रमुखसंग स्वीकृत गराई खरिद गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ७१.कृयाकलापको नाम: आँखा सेवा विस्तार तथा ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४२८/ २.७.२२.५३ | खर्चशिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | आँखा सम्बन्धी रोगको निदान, रोकथाम, उपचार तथा व्यवस्थापन गर्न जिल्ला अस्पतालबाटै आँखा सेवा विस्तार गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | आँखा उपचार सेवा विस्तार गर्न । |
| अपेक्षित प्रतिफल | आँखाको समस्या भएका विरामीहरुले सर्वसुलभ रुपमा सेवा पाएका हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/ स्वास्थ्य कार्यालयहरू |
| संचालन प्रक्रिया | • आँखा सेवा प्रदायक सरकारी तथा सेवामुलक संस्थाको सेवा विस्तार तथा व्यवस्थापनमा जनशक्ति तथा उपकरणमा सहयोग गर्न सकिनेछ ।<br>• आँखा उपचार सेवा उपलब्ध नभएको स्थानीय तहले आँखा उपचार सेवा स्थापना गरी आफ्नै व्यवस्थापनमा सञ्चालन गर्न चाहेमा आवश्यक सहकार्य |

| | |
|---|---|
| | गर्न सकिनेछ । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रदेश सरकारको प्रचलित आर्थीक खर्च गर्ने ऐन र प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम अग्रीम कार्ययोजना बनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | आँखा सेवा विस्तार, लाभग्राहीको संख्या |

## ७२.कृयाकलापको नाम: नर्सिङ्ग कर्मचारीहरु MNH क्लनिकल तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.११४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नर्सिङ्ग कर्मचारीहरुको ज्ञान, सीप तथा दक्षता अपडेट गरी यो प्रदेशमा हुने मातृ तथा नवजात शिशु मृत्युदर कम गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | मातृ तथा नवजात शिशुमा हुनसक्ने जटिलताहरुको समयमै पहिचान तथा व्यवस्थापन गरी आवश्यक भएमा समयमै प्रेषण गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाको गुणस्तरमा अभिवृद्धि भई मातृ तथा नवजात शिशु रुग्णता तथा मृत्युदरमा कम भएको हुनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रम सञ्चालन गर्दा परिवार कल्याण महाशाखा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सम्बन्धी प्रशिक्षक निर्देशिका र सन्दर्भ पुस्तिका अनुसार गर्नु पर्नेछ।<br>• कार्यक्रम ३ दिन सञ्चालन गर्नुपर्नेछ ।<br>• यस कार्यक्रम संचालन गर्न हाल प्रसुति वार्डमा Clinical Practice गरिरहेका SBA मेन्टरहरु प्रशिक्षक हुनेछन् ।<br>• यस कार्यक्रम सञ्चालन गर्दा सहजीकरणका लागि सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य सेवा निर्देशनालयसँग समन्वय गर्नुपर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्दा बढी भन्दा बढी अभ्यास/क्लिनिकल सिमुलेशन demonstration र सहभागीहरुको Individual Practice बिधि अपनाउनुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | कर्णाली प्रदेशको खर्च निर्देशिका २०७५ बमोजिम गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | परिवार कल्याण महाशाखाद्वारा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सम्बन्धी प्रशिक्षक निर्देशिका र सन्दर्भ पुस्तिका, प्रचलित कानून तथा खर्च सम्बन्धी |

| | |
|---|---|
| | मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ७३. कृयाकलापको नाम: SBA and Non SBA नर्सिङ्गहरुलाई क्लिनिक अनसाइट कोचिंग कार्यकम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.१४३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रसुती कम हुने बर्थिङ सेन्टरहरुमा अभ्यास कम हुने हुदाँ SBA का core skill हरुको सँरक्षण चुनौती बढ्दै आएको छ । अतः संस्थागत प्रसूती कम हुने ठाउमा तथा राम्ररी सीप अभ्यास गर्न नपाएका प्रसूती सेवा प्रदायक (SBA and non-SBA) हरुलाई उनीहरुको आफ्नै कार्यस्थलमा onsite coaching/mentoring द्वारा सामान्य प्रसूती सेवा तथा प्रसूती जटिलता व्यवस्थापन गर्न सक्ने क्षमता अभिबृदिको लागि यो कार्यक्रम लागू गरिएको छ । |
| उद्देश्य | प्रसतूी केन्द्रहरुमा गणुस्तरीय प्रसतूी सेवा सुनिश्चित गर्न तथा जटिलता व्यवस्थापन गर्नको लागि coaching/mentoring विधी मार्फत त्यहाँ कार्यरत नर्सिङ्ग कर्मचारीहरुको क्षमता अभिबृदिगर्ने। |
| अपेक्षित प्रतिफल | SBA and non-SBA हरुलाई उनीहरुको आफ्नै कार्यस्थलमा onsite coaching/mentoring सामान्य प्रसुति सेवा तथा प्रसुति जटिलता व्यवस्थापन गर्न सक्ने क्षमता अभिवृद्धि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रमको फोकल पर्सन स्वास्थ्य कार्यलयको प.हे.न वा प.हे.नको काम काज गर्ने व्यक्ति रहनेछन्।<br>• कार्यक्रमको फोकल पर्सनले Clinical coach/Mentor सँग छलफल गरी बजेटको परीधि भित्र रही कति वटा बर्थिङ सेन्टरमा coaching गर्ने, सो को योजना तयार पार्नु पर्दछ ।<br>• Coaching/Mentoring गर्ने site प्रसुति केन्द्र हुनुपर्दछ ।धेरैभन्दा धेरै जनसंख्या लाभान्वित हुन सक्ने हुनुपर्दछ ।<br>• सामाजिक आर्थिक अवस्था कमजोर भएको समुदायमा स्थित स्वास्थ्य संस्थालाई प्राथमिकता दिनुपर्दछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | Coaching को बेलामा चाहिने आवश्यक सामग्रीहरु, छपाई/ फोटोकपी यसै शिर्षकबाट गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | SBA Clinical Coaching Guideline for Clinical Mentor नामको निर्देशिका, SBA Coaching and Mentoring Tool for MNH Service Providers (SBA and non-SBA) नामको tool, बर्थिंग सेन्टरमा मातृ तथा नवशिशु स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार फारम (MNH Service Readiness Toolkit), प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ७४. कृयाकलापको नाम: नयाँ नियुक्त तथा तालिम नलिएका स्वास्थ्यकर्मीलाई क्षयरोग सम्बन्धी तालिम प्रचार प्रसार तथा सामग्री) उत्पादन तथा प्रकाशन र वितरण

| | |
|---|---|
| कृयाकलाप संकेत नं : २.७.५.१४६ | खर्च शिर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | सन् २०३५ सम्ममा नेपाल सरकारले क्षयरोग निवारण गर्ने लक्ष्य लिएको छ । सोहि सन्दर्भमा समुदायमा रहेका सम्भावित क्षयरोगका बिरामीहरुको समयमै निदान गरी रोग संक्रमण हुन नदिने, मृत्यु हुन बाट बचाउने र छुटेका क्षयरोग बिरामीहरुको केश नोटिफिकेशन बढाउनका लागि स्वास्थ्य संस्थाहरूमा नयाँ नियुक्त भइ आएका तर तालिम नपाएका स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्न साथै क्षयरोगसंग सम्बन्धी सूचना मूलक बिभिन्न प्रचार प्रसार सामग्री उत्पादन, प्रसारण, प्रकाशन र वितरण गर्नका लागि यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | नयाँ नियुक्त भई आएका तर तालिम नपाएका स्वास्थ्यकर्मीहरूलई तालिम दिई दक्ष बनाउन । |
| अपेक्षित प्रतिफल | क्षयरोगका बिरामीहरुको समयमै निदान, उपचार र व्यवस्थाप सहज भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | • तालिम नपाएका स्वास्थ्यकर्मीहरुको सूची तयार गरी तालिम संचालनको योजना बनाउने ।<br>• स्वीकृत तमापदण्ड अनुसारको तालिम कार्यक्रमको योजना बनाई कार्यालय प्रमुख बाट स्वीकृत गरी तालिम सञ्चालन गर्ने ।<br>• तालिम तथा सूचना मूलक सामग्रीहरुको उत्पादन गर्नु पूर्व सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | यातायात खर्च , स्टेशनरी खाजा, तालिम सामग्रि , श्रोत व्यक्ति सहजकर्ता भत्ता, दै.भ्र.भ., सूचना मूलक सामग्रीहरु उत्पादन तथा छपाई खर्च, आदि |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | तालिम सम्पन्न प्रतिवेदन |

## ७५.कृयाकलापको नामः ७० बर्ष माथिका जेष्ठ नागरिकहररूलाई अस्पतालमा सवै खालका स्वास्थ्य सेवा नि:शुल्क व्यवस्थापन सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेतः 2.7.5.52 | खर्च शिर्षक: २2522 |

| | |
|---|---|
| परिचय | ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप अस्पतालमा उपलब्ध स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ |
| उद्देश्य | ७० वर्ष माथिका जेष्ठ नागरिकहरु रकम अभावले स्वास्थ्य सेवाबाट बञ्चित नभइ सेवामा सबैको पहुँच हुनेछ । |
| अपेक्षित प्रतिफल | ७० वर्ष माथिका जेष्ठ नागरिकको सेवामा पहुँचमा बृध्दि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरु। |
| संचालन प्रकृया | यस शिर्षकमा विनियोजित भएको बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम स्वीकृत गराइ कार्यक्रम संचालन गर्ने<br>औषधि खरिदः अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरिकको अनुमानित संख्या एकिन गरी निःशुल्क बितरणका लागि औषधि खरिद गर्ने ।<br>सेवा शुल्कः जेष्ठ नागरिकको अनुमानित संख्या एकिन गरी निःशुल्क सेवा प्रदान गरे वापतको सेवा शुल्क अस्पताल व्यवस्थापन समितिमा सोधभर्ना गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनको सूचक | सेवाग्राहीको सूची, प्रतिवेदन |

## ७६. कृयाकलापको नामः ल्याव सेवा संचालन तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.४ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याव सेवाको ठूलो भूमिका रहेको हुन्छ । अस्पतालमा ल्याव सेवा प्रदान गर्ने स्थान प्रयोगमैत्री बनाई, समय सापेक्ष स्तरोन्नति गरी नियमित सेवा प्रवाह गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | व्यवस्थित ल्यावबाट समयमै रोग निदानमा सहयोग पुर्याउन । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय परिक्षण मार्फत रोग निदान भई बिरामीको समयमै उपचार हुने । |
| कार्यान्वयन गर्ने निकाय | जन/ स्वास्थ्य सेवा कार्यालयहरु । |
| संचालन प्रकृया | अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्य साथै आवश्यक केमिकल रिएजेन्ट उपकरण सामग्रीको सूची तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम आवश्यक केमिकल रिएजेन्ट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामग्री खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | सेवा रजिष्टर, खरिद सम्बन्धी कागजात, जिन्सी रजिष्टर । |

## ७७. कृयाकलापको नामः रासकोट अस्पताल, कालिकोटको भौतिक पूर्वाधार निर्माण (भवन निर्माण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ११.१.२.४५० | खर्च शिर्षक: 31112 |

| | |
|---|---|
| परिचय | संबिधानत आधारभूत, आकस्मिक तथा विशेषज्ञ स्वास्थ्य सेवा हरेक नागरिकको नैसर्गिक अधिकार हो । स्वास्थ्य सेवालाई हरेक नागरिकसम्म गुणस्तरिय रुपमा उपलब्ध गराउन भौतिक पूर्वाधारको महत्व हुन्छ । त्यसमा पनि कर्णाली प्रदेशको कालिकोट जिल्लामा स्थापना गरिने अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्नका लागि अस्पतालको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक भएकाले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गर्न । |
| अपेक्षित प्रतिफल | नागरिकहरूको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भई रोग लाग्ने दर र मृत्युदरमा कमी आउनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा कार्यालय, कालिकोट |
| सञ्चालन प्रक्रिया | • अस्पताल भवन निर्माणका लागि जग्गा प्राप्तिको सुनिश्चितता गर्ने ।<br>• हाल निर्माण हुन लागि रहेको अस्पतालको DPR तयार गर्ने तथा तयार भएको DPR माथि छलफल गरी सम्बन्धित समितिबाट स्वीकृत गराउने ।<br>• अस्पताल रहने स्थान अनुमोदन गरी संघीय शहरी विकास तथा भवन निर्माण बिभाग, संघीय कार्यान्वयन इकाई र सामाजिक विकास मन्त्रालयको समन्वयमा लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया अनुसार भौतिक पुर्वाधारको निर्माण तथा सञ्चालन गर्ने ।<br>• स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०७७ अनुसार निर्माण कार्य गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी प्रयोजनका लागि आवश्यक पर्ने बैठक संचालन खर्च र सार्वजनिक खरिद प्रणाली अनुसार निर्माणका लागि बजेट बाँडफाँट गरी कार्यन्वयन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |

| | |
|---|---|
| अनुगमन सूचक | DPR को प्रतिवेदन, आर्थिक/भौतिक प्रगतिको विवरण |

## ७८.कृयाकलापको नामः अस्पतालहरुका लागि सफ्टवयर खरिद तथा जडान (जिल्ला स्तरका अस्पतालहरुमा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.६८ | खर्च शिर्षक नं. २२५२२ |

| | |
|---|---|
| परिचय | एकीकृत स्वास्थ्य सूचना प्रणालीलाई सुदृढिकरण गरी सरल र सहज तरिकाबाट स्वास्थ्य सेवा अभिलेख राख्नका साथै तथ्यमा आधारित योजना तयार गर्नका लागि समेत उपयोग हुने गरी अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन तयार गर्नका लागि यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य सूचना प्रणालीलाई चुस्त, दुरुस्त र प्रविधिमैत्री बनाउन । |
| अपेक्षित प्रतिफल | अभिलेख प्रणालीमा सुदृढिकरण भएको हुनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालयहरु । |
| संचालन प्रकृया | • अस्पतालहरुमा हाल संचालनमा रहेका र संचालन हुने प्रकृयामा रहेका बिद्युतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरनतर संचालन तथा नयाँ जडान गर्ने ।<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै सफ्टवेयर जडान गर्नु अघि आवश्यक तयारी वैठक गर्ने।<br>• अस्पतालहरूबाट बिद्युतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सूचना प्रणाली र DHIS2 संग compatible हुने खालको सफ्टवेयर जडानको लागि आवश्यक उपकरण (जस्तै Server, High end Desktop, Chromebook, laptop, core switch, Router, Wifi Apps, Networking components, label printer, barcode reader, आदि) तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरी संचालनमा ल्याउने । यदी उक्त सामाग्री खरिद भैसकेको अवस्थामा सो सामाग्रीको मर्मत गरी ब्यवस्थापन गर्न सकिने छ ।<br>• प्राबिधिक सेवा वापतको शुल्क उपलब्ध गराउन सकिने ।<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम बमोजिम । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बिद्युतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |

## ७९.कृयाकलापको नामः अस्पतालमा डाइटिसियनको व्यवस्था

| कृयाकलाप संकेत नं. २.५.१०.२ | खर्च शिर्षक नं. २२४१९ |
|---|---|

| | |
|---|---|
| परिचय | अस्पतालको अन्तरंग विभागमा भर्ना भएका विरामीहरुलाई तोकिए बमोजिमको खानाको व्यवस्थाको सुनिश्चतता त्यसको निरन्तर अनुगमन तथा निरीक्षण गर्नका लागि जनशक्ति आवश्यक हुने भएकाले यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | डाइटिसियनलाई समयमै नियुक्त गरी विरामीहरुलाई गुणस्तरीय तथा पोषणयूक्त खानाको सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथा पोषणयूक्त खानाको आपूर्ति भई बिरामीहरुको स्वास्थ्य सुधार हुने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रकृया | कार्यक्रम स्वीकृत गराइ, करारमा डाइटिसियन सुरपभाइजर पाँचौ तह नियुक्ति गर्ने । डाइटिसियनको योग्यता स्वास्थ्य सेवा नियमावली हुनेछ । डाइटिसियनले दैनिक खानाको मेनु तयार गर्ने, अनुगमन, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने र प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि मासिक तलव भत्ता बजेट बाडँफाडँ गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | जनशक्ति करार सम्झौता, हाजिरी |

## ८०. कृयाकलापको नाम: स्थानीय रैथाने (Local food) पोषक खाद्य बस्तु प्रबर्धन कार्यक्रम (बहुक्षेत्रीय पोषणका अन्य कृयाकलाप)

| कृयाकलाप संकेतः 2.7.22.१२० | खर्च शिर्षकः 22522 |
|---|---|

| | |
|---|---|
| परिचय | बिभिन्न अनुसन्धानबाट पत्ता लगाए अनुसार स्थानीय रुपमा उत्पादन हुने बिभिन्न रैथाने बालीहरुमा पर्याप्त पोषणको मात्रा हुने गर्दछ । कर्णाली प्रदेशमा पोषणको अवस्था अन्य प्रदेश भन्दा न्यून रहेको र भौगोलिक रुपमा यस प्रदेशमा बिभिन्न स्थानमा रैथाने बालीहरु उत्पादन तथा प्रयोग गर्न सकिने भएकोले यो क्षेत्रमा थप लगानी गरी स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालीबाट उत्पादित पोषण युक्त खाद्य बस्तुको प्रबर्धन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | कर्णालीमा पाईने पौष्टिक रुपले महत्वपुर्ण खाद्य पदार्थहरुलाई संरक्षण, प्रबर्धन गरी समुदायको पौष्टिक अवस्था सुधार गर्ने। |
| अपेक्षित प्रतिफल | स्थानीय रैथाने पोषक खाद्य बस्तुको उत्पादन तथा उपभोगमा वृद्धि भई पोषणको अवस्थामा सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • स्थानीय तहसंगको समन्वयमा रैथाने (स्थानीय) खाद्यवस्तुलाई प्रबर्धन, प्रशोधन गरी नविनतम खाद्य सामग्री तयार गर्ने व्यवसायी, समूहहरुलाई संलग्न गराई जिल्लास्तरीय अन्तरकृया कार्यक्रम गर्ने । सोही कार्यक्रममा उत्पादनहरूको Display गर्ने व्यवस्था गर्न सकिनेछ ।<br>• यसमा पोषण बिज्ञहरु, उद्यम बिज्ञहरु र गुणस्तरसंग संबन्धित बिज्ञहरु र महत्वपूर्ण सरोकारवालाहरुको संलग्नतामा प्रस्तुतिकरण एवम् प्यानल छलफल गर्ने ।<br>• कार्यक्रमबाट उत्पादनको गुणस्तर सुधार, प्याकिङ्ग, रिप्याकिङ्ग र बजारिकरणमा सहयोग पुग्ने खालका सामग्रीहरू प्रदर्शन, प्रस्तुतिकरण र छलफल गर्ने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | गोष्ठी संचालनमा लाग्ने खर्च, स्रोत ब्यक्ति, यातायात तथा दैनिक भ्रमण भत्ता खर्च स्वीकृत बजेटको परिधि भित्ररही आवश्यकता अनुसार बाँडफाँट गरी गर्ने । |
| सन्दर्भ सामग्री | दोस्रो बहुक्षेत्रीय पोषण योजना, २०१८-२०२२, रैथाने खाद्य वस्तु पोषण सम्बन्धी कागजातहरु, प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | बैठक विवरण, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ८१. कृयाकलापको नाम: VIA का लागि सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत न: २.७.२२.२०६ | खर्च शिर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्य पाठेघरको मुखको क्यान्सर (cervical cancer ) पनि हो।जसको समयमानै पहिचान हुन नसक्दा महिलाहरुले कष्टकर जीवनयापन गर्न परिरहेको छ।जसलाई कर्णाली जस्तो दुर्गम ठाउँहरुमा VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नकोलागि आवश्यक पर्ने सामग्रीहरु को उपलव्धता हुन जरुरी देखिन्छ। |
| उद्देश्य | VIA विधिबाट समयमै Cervical Cancer पहिचान गर्नकोलागि आवश्यक पर्ने सामग्री खरिद गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको छ। |
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सरको सुरुकै अवस्थामा VIA विधिबाट पहिचान गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रक्रिया | VIA विधिबाट क्यान्सर स्क्रिनिङ गर्दा आवश्यक पर्ने VIA set, speculum, |

| | |
|---|---|
| | surgical drum, bowl, autoclave acetic acid जस्ता सामग्री खरिद गर्न सकिनेछ र यस्ता सामग्री खरिद गर्दा आवश्यक सामग्रीको मात्रा निर्धारण गरी मौजुदा सार्वजनिक खरिद ऐन वमोजिम गर्नु पर्नेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाडँफाट | कार्यक्रम स्वीकृत गराई संछालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | यस सम्बन्धी सम्पूर्ण अभिलेखहरु चुस्तदुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिनभित्र स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पठाउने। |

## ८२. कृयाकलापको नाम: मातृ तथा शिशु स्वास्थ्य सम्बर्धनात्मक कार्यक्रम सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्तनपान गराई रहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धक औषधी खरिद गरी बितरण गर्ने हेतुले यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | प्रयाप्त दुध नआउने समस्या भएका स्तनपान गराइरहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धक औषधीको प्रयोग गरी भबिश्यमा हुन सक्ने कुपोषण जन्य रोगबाट बचाउने । |
| अपेक्षित प्रतिफल | स्तनपान गराइरहेका आमाहरु र बच्चाहरुको शारिरीक तथा मानसिक रुपमा स्वस्थ्य हुनेछन । |
| कार्यान्वयन गर्ने कार्यालय / निकाय | स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • स्तनपान गराइरहेका आमालाई प्रत्येक १५ दिनको पुनरावृतमा दुग्दबर्धक निःशुल्क औषधी खरिद गरी बितरण (प्रत्येक स्तनपायी आमालाई ३-६ महिना सम्म,सुत्केरी भएको ६ महिना भित्रका महिलाहरु मात्र)।<br>• स्तनपान गराइरहेका आमाहरुको शारिरीक तथा मानसिक रुपमा स्वस्थ्य राख्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | औषधी तथा तेल खरिद तथा अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद प्रकृया, दाखिला प्रतिवेदन, औषधी तथा तेल वितरण विवरण |

## ८३. कृयाकलापको नाम: Cervical cancer, पाठेघर खस्ने समस्याको स्क्रिनिंग क्याम्प

| | |
|---|---|
| कृयाकलाप संकेतः २.५.७.७४ | खर्च शीर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने प्रजनन स्वास्थ्य समस्याहरु मध्ये पाठेघर खस्ने साथै Obstetric Fistula पनि मुख्य समस्याहरु हुन्। सोको समयमै पहिचान गरी उपचार गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्क्रिनिङ शिबिरमा आएका महिलाहरुको प्रभावकारी रुपमा क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula को पनि निदान गरी प्रेषण गर्ने। |
| अपेक्षित प्रतिफल | क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula को शूरुकै अवस्थामा पहिचान भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • निःशुल्क स्क्रिनिङ्ग शिविर सञ्चालन गर्नु भन्दा अगाडि जिल्लाले पाठेघर खस्ने तथा अब्ष्टेट्रिक फिस्टुलाको समस्याभएका महिलाहरु वढी भएका र सेवाको पहुँचबाट टाढा रहेका स्थानीय तहहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।<br>• जिल्ला स्वास्थ्य कार्यालय वा अस्पतालमा कार्यरत मेडिकल अफिसर तथा रिङपेसरी राख्न  पाठेघरको मुखको क्यान्सरको परिक्षण गर्न भी आई ए जाच गर्न सक्षम स्टाफनर्स, Counselor/ANM सहित स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत कम्तिमा ३ जना प्राविधिक सहितको टोलीबाट पाठेघर खस्ने समस्या पाठेघरको मुखको क्यान्सर तथा अब्स्टेट्रिक फिस्टुलाको स्क्रिनिङ तथा रिङ्ग पेसरी लगाउने कार्य गर्ने ।<br>• अब्स्टेट्रिक फिस्टुलाको निःशुल्क शल्यक्रियाको लागि प्रदेश अस्पतालमा प्रेषण गर्नुपर्ने ।<br>• यस प्रकारको शिविर सञ्चालन गर्दा अन्य शिविर तथा मिल्दोजुल्दो कार्यक्रमसँग सहकार्य गर्न सकिने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित कानून तथा खर्च सम्बन्धी मापदण्डहरु । |
| अनुगमनका सूचकहरू | सेवाग्राहीको संख्या, |

**अनुसूचि १**

अस्पतालमा भर्ना भएका विरामीका लागि प्रति दिन/प्रतिव्यक्ति रासनको सूची

| सि.न. | खाद्यान्न | राशनको विवरण | परिमाण | इकाई |
|---|---|---|---|---|
| १ | चामल | मन्सुली सफा | ०.६६० | के.जी. |
| २ | दाल | मिश्रित | ०.१७६ | के.जी. |
| ३ | तेल | तोरीको | ०.०२२ | लि. |
| ४ | नुन | आयोडिन युक्त | ०.०२२ | के.जी. |
| ५ | आलु | रातो | ०.२०० | के.जी. |
| ६ | हरियो तरकारी | मौसम अनुसार | ०.१७६ | के.जी. |
| ७ | मसला | मिश्रित | ०.००२ | के.जी. |
| ८ | मासु | खसीको | ०.०२५ | के.जी. |
| ९ | दुध | गाई/भैसीको | ०.१२५ | लि. |
| १० | विस्कुट | स्पेसिफिकेशन अनुसार | १ | प्याकेट |
| ११ | चिया | दुध हालेको | १ | कप |
| १२ | अण्डा | कुखुराको | १ | गोटा |
| १३ | फलफुल | मौसम अनुसार | ०.२०० | के.जी. |
| १४ | ग्यांस | ढुवानी सहित | १ | सिलिण्डर* |

*ग्यास ३५० छाकको लागि एक सिलिण्डर